# नेपाली कांग्रेसको विधानमा आवश्यक संशोधन र परिमार्जनका सम्वन्धमा
# नेपाली कांग्रेस केन्द्रीय विधान संशोधन मस्यौदा समितिद्वारा



## छलफलका लागि प्रस्तुत प्रारम्भीक मस्यौदा

## २०७५

# नेपाली कांग्रेस

# केन्द्रीय विधान संशोधन मस्यौदा समिति

# २०७५

| | | | |
|---|---|---|---|
| १. | महामन्त्री | : पूर्ण बहादुर खड्का | - संयोजक |
| २. | केन्द्रीय सदस्य | : डा.मिनेन्द्र रिजाल | - सदस्य |
| ३. | केन्द्रीय सदस्य | : श्री फरमूल्लाह मंसुर | - सदस्य |
| ४. | केन्द्रीय सदस्य | : श्री मान बहादुर विश्वकर्मा | - सदस्य |
| ५. | केन्द्रीय सदस्य | : श्री दिलेन्द्र प्रसाद बडू | - सदस्य |
| ६. | केन्द्रीय सदस्य | : श्री महालक्ष्मी उपाध्याय 'डिना' | - सदस्य |
| ७. | केन्द्रीय सदस्य | : श्री आनन्द प्रसाद ढुङ्गाना | - सदस्य |
| ८. | केन्द्रीय सदस्य | : श्री नविन्द्रराज जोशी | - सदस्य |
| ९. | केन्द्रीय सदस्य | : श्री सिता गुरुङ्ग | - सदस्य |
| १०. | केन्द्रीय सदस्य | : श्री प्रदिप पौडेल | - सदस्य |
| ११. | केन्द्रीय सदस्य | : श्री रमेश लेखक | - सदस्य |
| १२. | जिल्ला सभापति (ललितपुर): श्री मदनबहादुर अमात्य | | -स्थायी आमन्त्रीत सदस्य |
| १३. | जिल्ला सभापति (रोल्पा): श्री अमर सिंह पुन | | - स्थायी आमन्त्रीत सदस्य |
| १४. | सचिव, अधिवक्ता: श्री केशव रिजाल | | - सदस्य सचिव |

# थप सुझावहरु



अनुसुची-९

नेपाली कांग्रेस

(विधान संशोधन गर्ने प्रस्ताव प्रस्तुत गर्ने ढाँचा)

(नियम ५५ सँग सम्बन्धित)

नेपाली कांग्रेसको विधान, २०१७ (संशोधित र परिमार्जित) लाई संशोधन गर्नु आवश्यक देखिएकोले निम्न बमोजिमको संशोधन प्रस्ताव प्रस्तुत गरेका छौं ।

| हाल भएको व्यहोरा | संशोधनको व्यहोरा |
|---|---|
| **नेपाली कांग्रेसको विधान, २०१७**<br>*(२०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६, २०६९ र २०७२ मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा)* | **नेपाली कांग्रेसको विधान, २०१७**<br>*(संशोधन र परिमार्जन सहित)* |
| *(संशोधन र परिमार्जन सहित) थप्नु पर्ने*<br>१. पहिलो संशोधन २०५१ फाल्गुण २३ गते<br>२. दोस्रो संशोधन २०५४ कार्तिक ७ गते<br>३. तेस्रो संशोधन २०५७ माघ ७<br>४. चौथो संशोधन २०६२ भाद्र १५<br>५. पाँचौ संशोधन २०६४ आश्विन ८<br>६. छैठौं संशोधन २०६६ कार्तिक १८<br>७. सातौ संशोधन २०६९ चैत्र २६-२८<br>८. आठौ संशोधन २०७२ फाल्गुण २०-२३<br>९. नवौ संशोधन २०७५ मंसिर ............ | १. पहिलो संशोधन २०५१/११/२३<br>२. दोस्रो संशोधन २०५४/७/७<br>३. तेस्रो संशोधन २०५७/१०/७<br>४. चौथो संशोधन २०६२/५/१५<br>५. पाँचौ संशोधन २०६४/६/८<br>६. छैठौं संशोधन २०६६/७/१८<br>७. सातौ संशोधन २०६९/१२/ २६-२८<br>८. आठौ संशोधन २०७२/११/२०-२३<br>९. नवौ संशोधन २०७५/८/........... |
| प्रस्तावना : जननायक बी.पी. कोइरालाको सक्रियतामा वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेसको गठन भई वि.सं. २००६ सालमा नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसका बीच सम्पन्न एकीकरणपश्चात् नेपाली कांग्रेसको नामबाट सङ्गठित र सञ्चालित यस पार्टीले सशस्त्र आन्दोलनद्वारा जहानियाँ राणा शासनको अन्त्य गरी वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना गरेको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै,<br><br>असङ्ख्य शहीदहरूको रगतले सिञ्चित नेपाली जनताको स्नेह एवं विश्वासले पोषित क्रान्तिकारी पार्टीका हैसियतले वि.सं. २०१५ सालको प्रथम आमनिर्वाचनमा विजयी भएर सरकार गठन गर्ने सुअवसर प्राप्त यस पार्टीले जनहितका लागि काम गर्दा गर्दै वि.सं. २०१७ | ***नेपाली जनताको स्नेह एवं विश्वासले पोषित महान*** शहीदहरूको रगतले सिञ्चित क्रान्तिकारी पार्टीका हैसियतले वि.सं. २०१५ सालको प्रथम आमनिर्वाचनमा विजयी भएर सरकार गठन गर्ने सुअवसर प्राप्त यस पार्टीले जनहितका लागि काम गर्दा गर्दै वि.सं. २०१७ ***साल*** मा बलात् प्रजातन्त्र अपहरित भएपछि वि.सं. २०४६ सालको अन्त्यसम्म ***प्रतिवन्धित*** रूपमा रही प्रजातन्त्र पुनःस्थापनार्थ निरङ्कुश पञ्चायती व्यवस्थाका विरूद्ध गरेका अनवरत सङ्घर्षलाई सम्झना गर्दै, |

| | |
|---|---|
| मा बलात् प्रजातन्त्र अपहरित भएपछि वि.सं. २०४६ सालको अन्त्यसम्म प्रतिबन्धात्मक रूपमा रही प्रजातन्त्र पुनःस्थापनार्थ निरङ्कुश पञ्चायती व्यवस्थाका विरूद्ध गरेका अनवरत सङ्घर्षलाई सम्झना गर्दै, | |
| वि.सं. २०४६ सालमा <u>(यही पार्टी)</u> ***नेपाली कांग्रेस***को आह्वान र सर्वमान्य नेता गणेशमान सिंहको नायकत्वमा ***शान्तिपूर्ण*** जन-आन्दोलन गरी प्रजातन्त्रको पुनःस्थापना गर्न सफल भएपश्चात् नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिकका रूपमा <u>(प्रतिष्ठापित)</u> ***प्रतिस्थापित*** गर्नाका साथै संवैधानिक राजतन्त्र, मानव अधिकार, संसदीय शासनप्रणाली र बहुदलीय व्यवस्थालाई प्रत्याभूत गर्न सफल भएको कीर्तिमानलाई स्मरण गर्दै, | यही पार्टीको ठाउँमा **"नेपाली कांग्रेस"** राख्ने ।<br>**"शान्तिपूर्ण"** थप गरिएको ।<br>प्रतिष्ठापितको सट्टा **"प्रतिस्थापित"** लेखिएको । |
| नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईले नेतृत्व गर्नु भएको सरकारले संवैधानिक राजतन्त्र र बहुदलीय शासन व्यवस्था सहितको संविधान २०४७ सालमा जारी गरी सो संविधान अन्तर्गत तीनवटा संसदीय आम निर्वाचन, दुईवटा स्थानीय निकायको निर्वाचन गरी प्रजातन्त्र सुदृढ हुँदै गैरहेको र जनहितका कार्यहरू भैरहेको अवस्थामा २०५९ सालमा शुरू भएको राजाको प्रतिगामी कदमबाट संसदीय शासन प्रणाली र बहुदलीय प्रजातन्त्र लगायतका संवैधानिक व्यवस्थाहरू क्षतविक्षत बनाईएपछि, नेपाली कांग्रेसको आह्वानमा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा राजाको प्रतिगमनका विरूद्ध जनताको सर्वोच्चता स्थापित गराउन संचालन भएको संघर्षलाई निरन्तरता दिंदै देशका राजनीतिक दलहरूसँग समन्वय गरी संचालन भएको २०६२/०६३ ***साल*** को शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा संसद् पुनर्स्थापना गरेको गौरवमय किर्तिमान र तत्पश्चात् गिरिजाप्रसाद कोइरालाकै प्रधानमन्त्रीत्वमा बनेको सरकारको नेतृत्वमा प्रारम्भ भएको शान्ति प्रक्रिया र संसद्ले नेपालको अन्तरिम संविधान २०६३ जारी गरी सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरूपले जनतामा स्थापित गरेको ऐतिहासिक घटनालाई | वनाईएपछि **"कमा"** थपिएको ।<br>२०६२/०६३ पछि **"साल"** थपिएको ।<br>गर्ने गरी गरेको सट्टा **"गर्न गरेको"** लेखिएको ।<br>कार्यान्वयनको लागि पछि **"वि.स. २०६४ साल जेष्ठ १५ गते"** थपिएको ।<br>**भईको सट्टामा "र" लेखिएको ।**<br>**"नेपाली कांग्रेसका ………… स्मरण गर्दै"** अनुच्छेद थप गरिएको |

| | |
|---|---|
| स्मरण गर्दै; | |
| नेपाली कांग्रेस र नेपाली कांग्रेस (प्रजातान्त्रिक) बीच भएको एकीकरणपश्चात् २०६४ असोजमा बी.पी. स्मृति भवन, बी.पी. नगर, सानेपा, ललितपुरमा भएको महासमितिको बैठकले देशमा संघीय गणतन्त्रात्मक राज्य संरचना एवं बहुदलीय संसदीय लोकतान्त्रिक शासन व्यवस्था स्थापना (गर्ने गरी गरेको) ***गर्न गरेको*** निर्णय र संविधानसभाको निर्वाचन पश्चात् नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारले संविधानसभाको निर्वाचन गरी गणतन्त्र कार्यान्वयनको लागि वि.स. ***२०६४ साल जेष्ठ १५ गते*** संविधानसभाको पहिलो बैठकमा पेश गरेको प्रस्ताव पारित भई नेपालमा राजतन्त्रको अन्त्य (भई) **र** संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको ऐतिहासिक उपलब्धिप्रति गर्व गर्दै; | गर्ने पछाडि **"श्रद्धेय"** शव्द थपिएको र **"साथी"** शव्द हटाइएको ।<br><br>स्थापना गरिको पछि **"राजनीतिक"** शव्द थपिएको र राजनीतिक शव्द हटाइएको ।<br>सक्षमको सट्टामा **"नेतृत्वदायी"** लेखिएको ।<br>परिमार्जन र गर्न शव्द हटाइएको, भएकाले पछि **"यो विधान संशोधन सहित लागू गरिएको छ"** । थपिएको |
| ***नेपाली कांग्रेसका तत्कालिन पार्टी सभापति सुशील कोइरालाको नेतृत्वमा दोस्रो संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण गरी वि.स. २०७२ सालमा जारी गरेको र वर्तमान पार्टी सभापति शेरबहादुर देउवाको नेतृत्वमा स्थानीय, प्रदेश र संघीय तीनै तहको निर्वाचन स्वतन्त्र, निश्पक्ष र शान्तिपूर्ण तवरले सम्पन्न गरी जनताको आकांक्षा अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्र पूर्णरुपले कार्यान्वय गरेको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै,*** | |
| नेपाली कांग्रेसले आफ्नो जन्मकालदेखि प्रतिपादन गरेको राष्ट्रियता, लोकतन्त्र र समाजवादका आदर्श, मूल्य र मान्यताका आधारमा न्यायपूर्ण, गतिशील, स्वतन्त्र र समतामूलक समाजको स्थापनाका लागि देखाएको प्रतिवद्धता र यस पार्टीका नेता एवं कार्यकर्ताले गरेको त्याग, तपस्या र बलिदानपूर्ण देशभक्तिको लामो परम्परालाई निरन्तरता दिन बलिदान हुने एवं हिंसात्मक द्वन्द्वको बेलामा समेत पार्टी सिद्धान्त र मुलुकमा | |

| | |
|---|---|
| स्थायी शान्तिका निमित्त जीवन उत्सर्ग गर्ने ***श्रद्धेय*** शहीद <u>(साथी)</u> हरूको सहादतलाई सम्मान गर्दै,<br><br>राष्ट्रियता र लोकतन्त्रको संरक्षण र संवर्द्धन गर्दै नेपाललाई सभ्य, सुखी र सम्पन्न राष्ट्रका रूपमा स्थापित गरी ***राजनीतिक*** सामाजिक, **<u>(राजनीतिक)</u>** र आर्थिक विकास गर्ने पुनीत उद्देश्यले नेपाली कांग्रेसलाई एकताबद्ध, सुसङ्गठित र <u>(सक्षम)</u> ***नेतृत्वदायी*** राजनीतिक दलका रूपमा सञ्चालन गर्नका लागि, नेपाली कांग्रेसको विधान, २०१७ लाई समसामयिक, व्यवहारिक र वैज्ञानिक बनाउन ( परिमार्जनसहित) संशोधन (गर्न) आवश्यक भएकाले ***यो विधान संशोधन सहित लागू गरिएको छ***<br><br>नेपाली कांग्रेसको आठौँ महाधिवेशन, २०४८ ले दिएको अधिकार प्रयोग गरी पोखरामा सम्पन्न महासमितिको बैठक (२०५१ फागुन २३ का दिन) पारित गरेको पहिलो संशोधित विधानलाई नवौं महाधिवेशन, २०५३ ले दिएको अधिकार प्रयोग गरी नेपालगञ्जमा बसेको महासमितिको बैठकले<br>(२०५४ कार्त्तिक ७ का दिन) दोस्रो संशोधन पारित गरेको र त्यसपछि पोखरामा सम्पन्न दशौं महाधिवेशनले (२०५७ माघ ७ गते) बाट तेस्रो संशोधन र २०६२ भाद्र १५ मा एघारौं महाधिवेशनबाट भएको चौथो संशोधन त्यसपछि महासमितिको बैठकले मिति २०६४/९/८ मा पाँचौं संशोधन भएकोमा महासमितिको बैठक (२०६६ कार्त्तिक १८ गते) मा छैठौं, २०६९ चैत्र २६–२८ मा भएको महासमितिको बैठकले सातौं संशोधन गरी २०७२ फाल्गुण २०–२३ मा सम्पन्न पार्टीको तेह्रौं महाधिवेशनबाट नेपाली कांग्रेसको विधान, २०१७ मा आठौँ संशोधन सहित लागू गरेको छ । | |
| **परिच्छेद-१**<br>**<u>प्रारम्भिक</u>**<br><br>**१. <u>नाम र प्रारम्भ</u> :** (१) यस विधानको नाम "नेपाली कांग्रेसको विधान २०१७" <u>( २०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६,</u> | **नेपाली कांग्रेसको विधान, २०१७**<br>(संशोधन र परिमार्जन सहित)<br><br>२०६९ पछिको र हटाएर **"कमा"** राखिएको, २०७२ पछि **"र"** लेखिएको । |

| | |
|---|---|
| २०६९, (र) २०७२ र २०७५ ) मा संशोधन र परिमार्जन गरिएको) भनिनेछ ।<br>(२) यो विधान तुरून्त प्रारम्भ हुनेछ ।<br>(३) यस विधानको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।<br>(४) नेपाली कांग्रेस पार्टीको सम्पूर्ण काम कारवाई यसै विधानमा लेखिएअनुसार हुनेछ । | व्यवस्था तथाको सट्टामा **"प्रतिस्प्रधात्मक" थपिइएको** ।<br>"नेपालमा" हटाउने र समाजको पछिको को हटाई **"तथा सम्पन्न नागरिक र समुन्नत राष्ट्र"** थपिएको ।<br>निर्माण गरी को पछि रहेको सामाजिक भन्दा अगाडि **"राजनीतिक,"** सारिएको ।<br>विकास पछि **"को लक्ष्य पुरा"** थपिएको । |
| **२. उद्देश्य :** राष्ट्रियता, लोकतन्त्र, समाजवादको आदर्श एवं सिद्धान्त अनुरूप संघीय गणतन्त्रात्मक राज्य, बहुलवादमा आधारित बहुदलीय (व्यवस्था तथा) ***प्रतिस्प्रधात्मक*** संसदीय शासन प्रणालीको माध्यमबाट (नेपालमा) न्यायपूर्ण, गतिशील र शान्तिपूर्ण समाज(को) ***तथा सम्पन्न नागरिक र समुन्न्त राष्ट्र*** निर्माण गरी ***राजनीतिक,*** सामाजिक, (राजनीतिक) तथा आर्थिक विकास***को लक्ष्य पुरा*** गर्नु नेपाली कांग्रेसको उद्देश्य हुनेछ । | **१ नं. थपिएको ।**<br><br>**सम्मानीत सदस्य र विशेष सदस्य** थप गरिएको ।<br><br>**गाउँटोल" , प्रदेश सभा निर्वाचन क्षेत्र र प्रदेश क्षेत्र** थप गरिएको **संसदीय निर्वाचन क्षेत्रको सट्टा प्रतिनिधि सभा निर्वाचन क्षेत्र** राखिएको **विकास क्षेत्र** हटाइएको । |
| **३.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा:–<br><br>***१. "विधान" भन्नाले नेपाली कांग्रेसको विधान २०१७ (२०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६, २०६९, २०७२ र २०७५ मा संशोधन र परिमार्जित गरी मिलाइएको रुपमा) लाई बुझाउनेछ ।***<br>(२) "सदस्य" भन्नाले यसै विधानअनुसारका साधारण सदस्य, क्रियाशील सदस्य, ***सम्मानीत सदस्य र विशेष सदस्य***लाई बुझाउनेछ ।<br>(३) "क्षेत्र" भन्नाले ***गाउँटोल,*** मतदान केन्द्र, गाउँ, नगर, ***प्रदेश सभा निर्वाचन क्षेत्र, प्रतिनिधि सभा निर्वाचन क्षेत्र,*** जिल्ला र ***प्रदेश क्षेत्र*** (संसदीय निर्वाचन क्षेत्र र विकास क्षेत्र भन्ने) समेतलाई बुझाउनेछ । | "अनुसार व्यवस्थित" हटाउने र **"मा व्यवस्था गरिएका"** थप गर्ने ।<br><br>"पार्टी" को पछि रहेको कोस्ट हटाई **"वा "** थपिएको नेपाली कांग्रेसको पछि भएको "पार्टी" शव्दलाई हटाइएको ।<br><br>प्रदेश पछि **"सभा"** थपिएको ।<br><br>**"संविधान सभा"** हटाइएको,<br>**"सो शव्दले प्रदेशमा प्रदेश सभाका नेपाली कांग्रेसका सांसद समेतलाई जनाउनेछ"** थप गरिएको । |
| (४) "पदाधिकारी" भन्नाले नेपाली कांग्रेसको केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष र सहमहामन्त्रीलाई बुझाउने छ र सो शब्दले अन्य सबै तहका सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सह-सचिवलाई समेत जनाउनेछ ।<br>(५) "निकाय" भन्नाले यस विधान ( | **१३ नं. थप गरिएको ।**<br><br>**"केन्द्रीय कार्यसमितिले बनाएको"** हटाइएको । |

| | |
|---|---|
| अनुसार व्यवस्थित) ***मा व्यवस्था गरिएका*** पार्टीका कुनै पनि तह, विभाग वा संस्थाहरूलाई समेत बुझाउनेछ ।<br>(६) "भ्रातृसंस्था" भन्नाले नेपाली कांग्रेसको उद्देश्य र सिद्धान्तलाई मान्ने वर्गीय र अन्य रचनात्मक क्रियाकलापमा संलग्न संस्थालाई बुझाउनेछ ।<br><br>(७) "शुभेच्छुक संस्था" भन्नाले पार्टीसँग आबद्ध नरहेका तर पार्टीले अँगालेका बृहत्तर आदर्शका निम्ति क्रियाशील र सहयोगी रहने लोकतान्त्रिक संघ, संस्था र समूहलाई जनाउनेछ ।<br>(८) "पार्टी" **वा** "दल" भन्नाले नेपाली कांग्रेस (पार्टी) लाई बुझाउनेछ ।<br><br>(९) "संसदीय दल" भन्नाले नेपाली कांग्रेस पार्टीको संसदीय दललाई बुझाउनेछ । सो शब्दले प्रदेशमा नेपाली कांग्रेसको प्रदेश **सभा** संसदीय दललाई समेत बुझाउने छ ।<br>(१०) "पार्टीका सांसद" भन्नाले ( संविधानसभा,) प्रतिनिधि सभा, राष्ट्रिय सभामा पार्टीका तर्फबाट उम्मेदवार भई निर्वाचित सदस्य तथा कानूनबमोजिम पार्टीमा समावेश हुन आएका अन्य सांसदहरूसमेतलाई जनाउनेछ । ***सो शब्दले प्रदेशमा प्रदेश सभाका नेपाली कांग्रेसका सांसद समेतलाई जनाउनेछ ।***<br>(११) "केन्द्र" भन्नाले केन्द्रीय कार्यसमिति र पार्टीको केन्द्रीय कार्यालयलाई समेत बुझाउनेछ ।<br>*(१२) "प्रदेश" भन्नाले प्रदेश कार्यसमिति र पार्टीको प्रदेश कार्यसमितिको कार्यालयलाई समेत बुझाउनेछ ।*<br>(१३) "नियमावली" भन्नाले यस विधान बमोजिमको (केन्द्रीय कार्यसमितिले बनाएको) नियमावलीलाई बुझाउनेछ ।<br>(१४) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नियमावलीमा उल्लेख भएको वा केन्द्रीय कार्यसमितिले निर्णय गरी परिपत्र जारी गरेकोलाई समेत बुझाउनेछ । | |
| **परिच्छेद-२**<br>**सदस्यता**<br>**४. सदस्यता र सदस्यताको दर्ता किताब :**<br>(१) नेपाली कांग्रेसको विधान मानी पार्टी | ***४. सदस्यता सम्बन्धि वैकल्पिक/थप व्यवस्था***<br>***१) पार्टीमा देहाय बमोजिमका सदस्य रहनेछन्***<br>***क) साधारण सदस्य (ख) क्रियाशील सदस्य***<br>***अथवा*** |

| | |
|---|---|
| अनुशासनभित्र रहन मञ्जूर गर्ने अठार वर्ष उमेर पुगेको कुनै पनि नेपाली नागरिकले (रू. १०/- (दश)) ***तोकिए बमोजिमको*** शुल्क बुझाई साधारण सदस्य बन्न सक्नेछ ।<br>(२) क्रियाशील सदस्यताका लागि देहायबमोजिम योग्यता पुगेको साधारण सदस्यले क्षेत्रीय कार्यससमितिमा नियमावली बमोजिम आफ्नो गाउँ वा नगर कार्यसमिति मार्फत आवेदन दिनुपर्नेछ । तर छुट्टा छुट्टै संसदीय निर्वाचन क्षेत्रमा नगरका वडाहरू परेको भए नगर वडा कार्यसमिति मार्फत क्षेत्रीय कार्यसमितिमा आवेदन दिनुपर्नेछ -<br>(क) पार्टीको कार्यमा दैनिक रूपमा संलग्न रही लगातार दुई वर्ष साधारण सदस्य रहेको ।<br>(ख) कुनै भ्रातृसंस्था वा शुभेच्छुक संस्थाको साधारण सदस्य भई लगातार चार वर्ष सक्रियतापूर्वक काम गरेको ।<br><br>(३) नेपाली कांग्रेसको गाउँ, नगर कार्यसमिति वा नगर वडा कार्यसमितिले पार्टीले निर्धारित गरेको नियम र प्रक्रिया अनुसार साधारण सदस्यता दिन र नवीकरण गर्नुपर्नेछ ।<br>(४) गाउँ वा नगर वा नगर वडा कार्यसमितिले प्रस्तावित गरेको साधारण सदस्यलाई क्षेत्रीय कार्यसमितिको सिफारिसमा जिल्ला कार्यसमितिले अनुमोदन गरेको र केन्द्रीय सभापति वा महामन्त्रीले उपयुक्त ठानेको साधारण सदस्यलाई रू. २००/- (दुई सय) शुल्क लिई केन्द्रले क्रियाशील सदस्यता दिनेछ । | ***क) साधारण सदस्य (ख) क्रियाशील सदस्य (ग) सम्मानीत सदस्य (घ) विशेष सदस्य***<br>***अथवा***<br>***क) नेपाली कांग्रेसका सदस्य***<br><br>रु. १० (दश) हटाई **"तोकिए बमोजिमको" थपिएको ।**<br><br>**<u>२) सदस्यको योग्यता</u>**<br>१) नेपाली कांग्रेसको विधान मानी पार्टी अनुशासन भित्र रहन मन्जुर गर्ने १८ वर्ष उमेर पुगेको कुनै पनि नेपाली नागरिक तोकिए बमोजिम शुल्क बुझाई साधारण सदस्य/नेपाली कांग्रेसको सदस्य बन्न सक्नेछ ।<br>२) देहाय बमोजिमको योग्यता पुगेको साधारण सदस्यले पार्टीको क्रियाशील सदस्यता प्राप्त गर्नेछ ।<br>३) पार्टीको कार्यक्रममा दैनिक रुपमा संलग्न रही लगातार २ वा १ वर्ष साधारण सदस्य रहेको वा कुनै भ्रातृ संस्था वा शुभेच्छुक संस्थाको साधारण सदस्य भई लगातार ४ वर्ष सक्रियतापूर्वक काम गरेको ।<br>४) पार्टीको उद्देश्य, नीति र कार्यक्रमलाई निरन्तर सघाउ पुर्‍याउदै विभिन्न कष्ट, यातना, जेल वा निर्वासन भोगेको ।<br>५) पार्टी वा भातृ संस्थाको माध्यमबाट विकास निर्माण र अन्य सामाजिक तथा रचनात्मक कार्यमा सक्रिय रहेको<br>६) पार्टीमा क्रियाशील रहेका कारणले कम्तिमा ३ वर्ष कारावासको सजाय वा निर्वासनमा रहेको वा २०३६ साल पूर्व पार्टीको पदाधिकारीकारुपमा कार्य गरेको वा नेपाली कांग्रेसका तर्फबाट निर्वाचनमा विजयी भएको व्यक्तिले पार्टीको सम्मानीत सदस्य प्राप्त गर्नेछ ।<br>७) राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा विशिष्ट योगदान गरेका वा राष्ट्रिय जीवनको विविध क्षेत्रमा कार्यगरी योगदान पुर्‍याएका व्यक्तिलाई तोकिए बमोजिम पार्टीका निकायले विशेष सदस्यता प्रदान गर्न सक्नेछ ।<br>८) निर्वाचनहरुमा पार्टीको निर्देशनमा सक्रियतापूर्वक संलग्न रहेको ।<br>९) प्रचलित कानूनले पार्टीको सदस्यता लिन अयोग्य व्यक्ति सदस्य हुन पाउने छैन ।<br>**१०) पार्टीका क्रियाशील सदस्यलाई आवधिक रुपमा विविध सामाजिक सेवाको अभियानमा सक्रिय रहनु पर्ने ।**<br>**११) कुनै पनि क्रियाशील सदस्य कुनै एक स्थानबाट मात्रै सदस्य रहनु पर्नेछ । दोहोरो सदस्यता हुनेछैन ।**<br><br>**<u>३) सदस्यताको प्राप्ती र दर्ता किताव :</u>**<br>१. (क) नेपाली कांग्रेसको साधारण सदस्यता पार्टीको सबै निकायले प्रदान गर्न सक्नेछन् । |

(५)		विदेश स्थित नेपाली जनसम्पर्क समितिको हकमा सार्क मुलुकहरूमा रहने नेपाली कांग्रेसको क्रियाशील सदस्यता शुल्क रू ३२०।- (तीन सय बीस), जापान, युरोप, अष्ट्रेलिया, अमेरिका, दक्षिण कोरिया, हङकङमा अमेरिकी डलर २५ (पच्चीस) बराबर र खाडी मुलुक र मलेसियामा अमेरिकी डलर ५ (पाँच) बराबर सदस्यता शुल्क लाग्नेछ। विदेशस्थित जनसम्पर्क समितिले नेपाली कांग्रेसको क्रियाशील सदस्यताको सिफारिससाथ शुल्क सहित केन्द्रमा नामावली पठाउनुपर्नेछ। जनसम्पर्क समितिबाट सिफारिस भएका व्यक्तिको क्रियाशील सदस्यता केन्द्रबाट स्वीकृत नभएमा त्यस्ता व्यक्तिको शुल्क जनसम्पर्क समितिमा फिर्ता पठाइनेछ। यस विधानमा जेसुकै लेखिएको भएपनि विदेशस्थित नेपाली जनसम्पर्क समितिले सक्रिय सदस्यता नवीकरण गर्दा क्रियाशील सदस्यता शुल्कको आधा रकम नवीकरण शुल्क लिई क्रियाशील सदस्यता नवीकरण गर्नुपर्नेछ। त्यस्तो नवीकरण शुल्कमध्ये तोकिएबमोजिमको रकम केन्द्रमा पठाउनु पर्नेछ।

(६)		क्रियाशील सदस्यताका लागि देहायका आधारमा सिफारिस गर्नुपर्नेछ।

(क)		पार्टीको उद्देश्य, नीति र कार्यक्रमलाई निरन्तर सघाउ पुऱ्याउँदै विभिन्न कष्ट, यातना, जेल एवं निर्वासन भोगेको।

(ख)		पार्टी र भ्रातृसंस्थाको माध्यमबाट

ख) नेपाली कांग्रेस गाउँ, नगर कार्यसमितिले क्रियाशील सदस्यता प्राप्त गर्न योग्यता पुगेका व्यक्तिहरुको विवरण तयार गरी क्रियाशील सदस्यता प्रदान गर्न प्रदेश सभा निर्वाचन क्षेत्र कार्यसमितिलाई पठाउनेछ। यसरी आएको क्षेत्र भरीको विवरण पठाउँदा गाउँ/टोल समिति समेत आफू मातहत निकायको राय लिइनेछ।

ग) प्रदेश सभा निर्वाचन क्षेत्र कार्यसमितिले प्राप्त विवरणमा छानवीन गरी आफ्नो राय सहित प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय कार्यसमितिमा पठाउनेछ।

घ) प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय कार्यसमितिले प्राप्त विवरण छानवीन गरी सोही अनुरुप मातहतका निकायलाई क्रियाशील सदस्यताको फारम उपलव्ध गराउनेछ।

ङ) मातहतका निकायले सम्वन्धित व्यक्तिलाई फारम भराई १५ (पन्ध्र) दिनभित्र सिफारिस साथ माथिल्लो निकायमा पठाउनु पर्नेछ।

च) प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय कार्यसमितिले क्रियाशील सदस्यताका प्राप्त फारमहरु विवरण अनुसार प्राप्त हुन आए नआएको छानवीन गरी कार्यसमितिको बैठकको निर्णयबाट सिफारिस साथ जिल्ला कार्यसमितिमा पठाउनेछ। क्रियाशील सदस्यता सम्वन्धि छानवीन तोकिए बमोजिम हुनेछ।

छ) जिल्ला कार्यसमितिले बैठकको निर्णयबाट आफ्नो राय र बैठकको निर्णयको प्रतिलिपी सहित प्राप्त फारम प्रदेश कार्य समितिमा पठाउनेछ। प्रदेश कार्यसमितिले प्राप्त सदस्यताको आवेदन सहितको विवरणलाई प्रदेश कार्यसमितिको बैठकको निर्णयबाट अनुमोदन गरी बैठकको निर्णयको प्रतिलिपी सहित केन्द्रमा पठाउनेछ।

ज) केन्द्रमा प्राप्त क्रियाशील सदस्यताका आवेदनमा उपयुक्त देखिएको व्यक्तिलाई केन्द्रीय सभापति वा महामन्त्रीले क्रियाशील सदस्यता प्रदान गर्नेछ।

२)	जिल्ला कार्यसमितिले मातहतका निकायबाट प्राप्त सम्मानीत र विशेष सदस्यको विवरण संकलन गरी बैठकको निर्णयको प्रतिलिपी सहित प्रदेश समितिमा सिफारिस गरी पठाउनेछ। प्रदेश समितिले अनुमोदन गरी केन्द्रमा पठाउनेछ र केन्द्रीय सभापति वा महामन्त्रीले उपयुक्त देखेको व्यक्तिलाई सम्मानीत सदस्यता प्रदान गर्नेछ।

**क्रियाशील सदस्यता सम्बन्धि थप बैकल्पिक व्यवस्थाहरु**

१)	नेपाली कांग्रेसको सदस्य हुनकालागि योग्य व्यक्तिलाई पार्टीको जुनसुकै निकायको कार्यसमितिले निर्णय गरी सदस्यता प्रदान गर्न सक्नेछ। सदस्यता दर्ता किताव राखी प्रत्येक निकायलाई आफू मातहत र माथिल्लो

विकास निर्माण र अन्य सामाजिक तथा रचनात्मक कार्यमा सक्रिय रहेको ।

(ग) निर्वाचनहरूमा पार्टीको निर्देशनमा सक्रियतापूर्वक संलग्न रहेको ।

(७) रू. १००/- (एक सय) शुल्क लिई क्रियाशील सदस्यताको प्रमाणपत्रमा नवीकरण गर्ने काम जिल्ला कार्यसमितिले गर्नेछ । नवीकरण शुल्कको बाँडफाँड तोकिए बमोजिम हुनेछ । क्रियाशील सदस्यता नवीकरण गर्दा उपधारा (६) मा उल्लेखित आधारहरूका अतिरिक्त देहायका आधारमा गर्नुपर्नेछ ।

(क) आफू जिम्मा रहेको वा आफूले तोकिए बमोजिम बुझाउने रकम तथा सम्पत्ति नबुझाएकोमा कारबाही भएको रहेछ भने सम्बन्धित निकायले कारवाहीको टुङ्गो लगाएको हुनुपर्नेछ ।

(ख) जिल्ला, क्षेत्र, गाउँ, नगर वा नगर वडा अधिवेशनमा काबु बाहिरको परिस्थिति आइपरेमा बाहेक भाग लिएको हुनुपर्नेछ ।

(८) नेपाली कांग्रेस पार्टीमा कानून बमोजिम विलय हुने राजनैतिक पार्टीका सदस्य वा शुभेच्छुक वा पार्टीका शुभेच्छुकलाई केन्द्रीय कार्यसमितिले पार्टीको क्रियाशील सदस्यता प्रदान गर्न सक्नेछ । यसरी क्रियाशील सदस्यता प्राप्त गर्ने व्यक्तिहरूले पार्टीको निर्वाचनमा भाग लिने वा पार्टीको कुनै पदमा मनोनयन गर्ने सम्बन्धमा केन्द्रीय कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ । यस धारा बमोजिम क्रियाशील सदस्यता प्राप्त गरेका व्यक्तिहरूको अभिलेख सम्बन्धित जिल्लामा पठाइनेछ ।

(९) पार्टीको भ्रातृसंस्थाको सदस्य र शुभेच्छुक सङ्घ संस्था र व्यक्तिले पनि पार्टीले निर्धारित गरेको सहयोग शुल्क बुझाउनु पर्नेछ । यसप्रकार नियमित सहयोग शुल्क बुझाउनेहरूको व्यवस्थित अभिलेख तोकिएबमोजिम राखिनेछ ।

(१०) पार्टीका साधारण र क्रियाशील सदस्यहरूको नामावली र अद्यावधिक विवरण सहितको दर्ता किताब तथा पार्टीसम्बन्धी अन्य आवश्यक अभिलेख केन्द्रीय कार्यसमितिले तोके बमोजिम राखिनेछ ।

(११) क्रियाशील सदस्यको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१२) क्रियाशील सदस्यको सदस्यता निकायमा विवरण पठाउनु पर्नेछ ।

२) नेपाली कांग्रेसको सदस्यता वितरण, अद्यावधि गर्ने कार्य र नवीकरण तोकिए बमोजिम हुनेछ ।

**३) सदस्यता नवीकरण सम्वन्धि व्यवस्था**

४) तोकिए बमोजिमको शुल्क लिई क्रियाशील सदस्यता, सम्मानीत सदस्यता र विशेष सदस्यताको नवीकरण जिल्ला कार्यसमितिले गर्नेछ ।

**५) सदस्यता नवीरकण गर्दा शुरु योग्यता अतिरिक्त देहाय बमोजिम हुनु पर्नेछ :**

६) आफु जिम्मा रहेको वा आफूले तोकिए बमोजिम बुझाउनु पर्ने रकम तथा सम्पत्ति नबुझाएकोमा कारवाही भएको रहेछ भने सम्बन्धित निकायले कारवाहीको टुंगो लगाएको हुनु पर्नेछ ।

७) आफू प्रतिनिधि सदस्य भएको अधिवेशनमा अनिवार्य भाग लिएको हुनु पर्नेछ ।

८) सदस्यता नवीकरण गर्न चाहने सदस्यले आफ्नो क्षेत्रभित्र पार्टीको आयोजनामा भएको कार्यक्रम मध्ये कम्तिमा ८० प्रतिशत कार्यक्रममा उपस्थित भई सक्रियतापूर्वक जिम्मेवारी पुरा गरेको देखाउनु पर्नेछ ।

९) पार्टी अनुशासन वा आचार संहिताको उल्लघंनमा पार्टीबाट कारवाहीमा परेको र प्रचलित नेपाल कानूनले सदस्य रहन अयोग्य मानिएको व्यक्तिको सदस्यता नवीकरण हुने छैन ।

१०) पार्टी परित्याग गरी अर्को पार्टीमा गएको व्यक्ति पुनः पार्टीमा प्रवेश गरेमा क्रियाशील सदस्यता नवीकरण गरिने छैन । साधारण सदस्यताबाट सदस्यता प्रारम्भ गरिनेछ ।

११) *पार्टीका सबै प्रकारका सदस्यता सम्बन्धित निकायले विधान बमोजिम सधैं (निरन्तर) प्रदान गर्ने र नवीकरण गर्नेछन् । तर महाधिवेशनको मिति भन्दा १ (एक) वर्ष पहिलेसम्म क्रियाशील सदस्यता प्राप्त वा नवीकरण गरेका व्यक्तिले मात्र पार्टीको निर्वाचनमा भाग लिन पाउनेछन् । त्यस्ता सदस्यको नाम मात्र मतदाता नामावलीमा समावेश गरिनेछ ।*

***१२) कुनै पनि व्यक्तिले मतदाता नामावलीमा आफ्नो नाम समावेश भएको स्थानमा मात्र सदस्यता प्राप्त गर्न र नवीकरण गर्न सक्नेछ । तर, मतदाताको स्थान परिर्वतन भएमा, मतदाता भएको क्षेत्र भन्दा अन्यत्र पार्टीले उम्मेदवार बनाएमा सदस्यता स्थानान्तरण हुन सक्नेछ । पार्टीको सदस्यताको स्थानान्तरण सम्वन्धित तहको अधिवेशन भन्दा ६ महिना पहिले गरिसक्नु पर्नेछ । अन्यथा अधिवेशनमा मतदानको अधिकार हुने छैन ।***

**विदेशस्थित जनसम्पर्क सम्बन्धि बैकल्पीक व्यवस्था :**

क) नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गर्न

| | |
|---|---|
| नवीकरण गर्दा अपनाउनुपर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।<br>(१३) पार्टीको क्रियाशील सदस्यता जुनसुकै समयमा पनि प्रदान गर्न सकिनेछ । तर महाधिवेशनको मितिभन्दा एक वर्ष पहिलेसम्म क्रियाशील सदस्यता प्राप्त गरेका वा क्रियाशील सदस्यता नवीकरण गरेका व्यक्तिले मात्र पार्टीको निर्वाचनमा भाग लिन पाउनेछ । त्यस्ता सदस्यको नाम मात्र मतदाता नामावलीमा समावेश गरिनेछ ।<br>(१४) क्रियाशील सदस्यले आफ्नो सदस्यता नेपालको कुनै पनि गाउँ वा नगरको वडामा स्थानान्तरण गर्न र पार्टीको निर्वाचनमा भाग लिन सक्नेछ । तर पार्टीको कुनै तहको निर्वाचनको मितिभन्दा छ महिना अघि स्थानान्तरण नभएकाले निर्वाचनमा भाग लिन पाउने छैन । | योग्यता पुगेका विदेशमा बसेका नेपाली नागरिकले सम्बन्धित देशको नेपाली जनसम्पर्क समितिमा क्रियाशील सदस्यताको प्राप्तीका लागि आवेदन गर्न र नवीकरण गर्नसक्नेछन् । नेपाली जनसम्पर्क समितिले त्यस्तो आवेदनमा छानवीन गरी कार्यसमितिको बैठकको निर्णय, नेपाली नागरिकता र नेपाली राहदानीको प्रमाणित प्रतिलिपी सहित केन्द्रमा सिफारिस गर्नेछ । र केन्द्रले स्वीकृत गरेका सदस्यहरुको विवरण सम्बन्धित तहमा पुग्ने गरी प्रदेशमा पठाउनेछ ।<br>ख) विदेशस्थित विभिन्न देशमा रहेका जनसमपर्क समितिहरु र जनसम्पर्कसमितिसंग आवद्ध सदस्यहरुको सदस्यता शुल्क र नवीकरण शुल्क सहितका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br><br>दफा ४ को उपदफा १,२,३, ४, ५, ६, ७, १३ र १४ हटाउने ।<br>दफा ४ को ८, ९ र १० लाई यथावत राख्ने र १० मा पार्टीका साधारण र क्रियाशील सदस्य पछि “**सम्मानीत सदस्य र विशेष सदस्य**” थप गर्ने |
| **परिच्छेद -३**<br>**<u>गाउँ, नगर, क्षेत्रीय र जिल्ला अधिवेशन र कार्यसमिति</u>**<br><br>**५. <u>गाउँ अधिवेशन तथा गाउँ सम्मेलन र गाउँ कार्यसमितिको गठन</u> :**<br><br>(१) **<u>गाउँ अधिवेशन</u>** : गाउँ अधिवेशन तथा गाउँ सम्मेलन र गाउँ कार्यसमितिको गठन देहायबमोजिम हुनेछ ।<br>(क) गाउँ अधिवेशन गठन गर्ने प्रयोजनका लागि गाउँ विकास समितिको क्षेत्रलाई गाउँ अधिवेशन तथा गाउँ सम्मेलनको क्षेत्र मानिनेछ ।<br>(ख) प्रत्येक गाउँ विकास समितिमा गाउँ अधिवेशनले गाउँ कार्यसमितिको गठन गर्नेछ ।<br>(ग) गाउँ अधिवेशनको क्षेत्रभित्रका सबै क्रियाशील सदस्यहरू गाउँ अधिवेशनका सदस्य हुनेछन् ।<br><br>(२) **<u>गाउँ कार्यसमिति</u> :**<br>(१) गाउँ अधिवेशनले क्रियाशील सदस्यहरूमध्येबाट गाउँ कार्यसमितिका लागि सभापति, एक सचिव, एक कोषाध्यक्ष र आठ जना सदस्यहरूको निर्वाचन गर्नेछ । | **परिच्छेद ३**<br>**स्थानीय तह संगठन**<br><br>परिच्छेद ३ को दफा ५ को (३) को (१) को पहिलो हरफमा गाउँ पछि **पालिका** थपिएको र “र साधारण सदस्यहरु मिलेर” हटाइएको, दोस्रो हरफको “वडा” हटाउनु पर्ने र “क्रियाशील र साधारण सदस्यहरुमध्येबाट” पनि हटाउनु पर्ने ।<br><br>**५.गाउँ/टोल, वडा, गाउँपालिका/नगरपालिका/प्रदेश सभा क्षेत्र/प्रतिनिधि सभा क्षेत्र/जिल्ला, अधिवेशन र जिल्ला कार्यसमिति**<br>**क) गाउँ/टोल अधिवेशन -**<br>(१) प्रत्येक गाउँ/नगरपालिकाका वडाभित्र कम्तिमा पाँच सयदेखि बढिमा पन्ध्रसयसम्म जनसंख्या भएको क्षेत्राभित्र गाउँ/टोल समिति गठन गरिनेछ । तर, कुनै वडा र गाउँ/वस्ती/टोल को भौगोलिक अवस्था हेरी गाउँ/वस्ती/टोलमा पाँच सय भन्दा कम जनसंख्या भएपनि उक्त समिति गठन गर्न सकिनेछ ।<br>(२) गाउँ/टोलभित्रका साधारण, र क्रियाशील सदस्य गाउँ/टोल अधिवेशनका सदस्य हुनेछन् ।<br>**ख) गाउँ टोल सम्मेलन**<br>(१) गाउँ/टोल कार्यसमितिले कम्तिमा प्रत्येक छ महिना गाउँटोल सम्मेलन गर्नेछ ।<br>(२) गाउँ/टोल अधिवेशनका सदस्य गाउँ/टोल |

(२) गाउँ सभापतिले निर्वाचित सदस्यहरूमध्येबाट गाउँ कार्यसमितिका लागि एक उपसभापति, एक सचिव, एक सह-सचिवको नाम प्रस्ताव गरी निर्वाचित गाउँ कार्यसमितिले चयन गर्नेछ ।

(३) गाउँ सभापतिले क्रियाशील सदस्यहरूमध्येबाट गाउँ कार्यसमितिका लागि बढीमा सात जना सदस्यहरू मनोनित गर्नेछ ।

(४) क्षेत्रीय प्रतिनिधिहरू, वडा सभापतिहरू र मतदान केन्द्र सभापतिहरू गाउँ कार्यसमितिका पदेन सदस्य हुनेछन् ।

(३) **<u>गाउँ *पालिका* वडा कार्यसमिति</u>** :

(१) गाउँ***पालिकाका*** प्रत्येक वडाका क्रियाशील सदस्यहरुले <u>(र साधारण सदस्यहरू मिलेर)</u> क्रियाशील सदस्यहरू***ले आफू***मध्येबाट <u>(वडा)</u> सभापति; <u>(क्रियाशील र साधारण सदस्यहरूमध्येबाट)</u> सचिव १, कोषाध्यक्ष १ र ८ जना सदस्यहरूको निर्वाचन गर्नेछन् ।

(२) वडा सभापतिले निर्वाचित सदस्यहरूमध्येबाट गाउँ कार्यसमितिका लागि एक उपसभापति, एक सचिव, एक सह-सचिवको नाम प्रस्ताव गरी निर्वाचित वडा कार्यसमितिले चयन गर्नेछ ।

(३) वडा सभापतिले क्रियाशील र साधारण सदस्यहरू मध्येबाट वडा कार्यसमितिका लागि बढीमा सात जना सदस्यहरू मनोनित गर्नेछ ।

(४) **<u>गाउँ मतदान केन्द्र समिति</u>** :

(१) गाउँ विकास समितिका प्रत्येक मतदान केन्द्रभित्रका क्रियाशील र साधारण सदस्यहरू मिलेर क्रियाशील सदस्यहरूमध्येबाट मतदान केन्द्र सभापति; क्रियाशील र साधारण सदस्यहरूमध्येबाट एक सचिव, एक कोषाध्यक्ष र आठ जना सदस्यहरूको निर्वाचन गर्नेछ ।

(२) मतदान केन्द्र सभापतिले निर्वाचित सदस्यहरूमध्येबाट मतदान केन्द्र कार्यसमितिका लागि एक उपसभापति, एक सचिव, एक सह-सचिवको नाम प्रस्ताव गरी निर्वाचित मतदान केन्द्र कार्यसमितिले चयन गर्नेछ ।

(३) मतदान केन्द्र सभापतिले क्रियाशील र साधारण सदस्यहरूमध्येबाट मतदान केन्द्र

सम्मेलनका पनि सदस्य हुनेछ ।

(३) गाउँ/टोल कार्यसमितिको सभापति गाउँ/टोल सम्मेलनको पनि सभापति हुनेछ ।

(४) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षको पछिल्लो छ महिना वाहेक अन्य वर्षहरुमा गाउँ टोल सम्मेलन वस्नेछ ।

(५) गाउँ/टोल सम्मेलनले निर्वाचन वाहेक गाउँ/टोल अधिवेशनले गर्ने सबै काम गर्नेछ ।

(६) गाउँ/टोल सम्मेलनले विभिन्न कार्यक्रमहरु स्वीकृत गर्न सक्नेछ ।

(७) गाउँ/टोल कार्यसमितिले सम्मेलनमा गाउँ/टोल भित्रका अन्य आवश्यक व्यक्तिहरुलाई आमन्त्रित गरिनेछ ।

**ग) गाउँ/टोल कार्यसमिति-**

(१) गाउँ/टोल अधिवेशनले क्रियाशील सदस्यमध्येबाट सभापति १ तथा साधारण र क्रियाशील सदस्यमध्येबाट गाउँटोल क्षेत्रको जनसंख्या र भूगोलको आधारमा समावेशी समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी उपसभापति एक, सचिव एक, कोषाध्यक्ष एक र सहसचिव एक चयन गर्नेछ र सभापतिले पदाधिकारीको राय लिई तीन महिला सहित बढीमा दश जना सदस्य मनोनित गर्नेछ ।

(२) गाउँ/टोल कार्यसमिति गठन गर्दा यथाशम्भव सहमतिको आधारमा गरिनेछ ।

**घ) गाउँ/टोल सभापतिको काम, कर्तव्य र अधिकार**

(१) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन र गाउँटोल अधिवेशन र सम्मेलनको निर्णय कार्यान्वयन गर्ने ।

(२) गाउँ/टोल कार्यसमितिका पदाधिकारीहरुको कार्यविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने ।

३) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**ङ) गाउँ/टोल कार्यसमितिको काम, कर्तव्य र अधिकार**

(१) आफ्नो क्षेत्रभित्रका मतदाताहरुको विवरण राख्ने, अद्यावधि गर्ने, मतदाता नामावलीमा नाम थप गर्नु पर्ने कार्य गर्ने ।

(२) सबै तहका निर्वाचनको समयमा पार्टीको प्रचार प्रसार, निर्वाचन तथा मतदानसंग सम्बन्धित आवश्यक व्यवस्थापन गर्ने र निर्वाचनको समग्र मुल्यांकन र समिक्षा गर्ने ।

(३) आफ्नो क्षेत्रभित्रका मतदातासंग निरन्तर सम्पर्क, सम्वाद र आवश्यकता अनुसार सहयोग गर्ने र

कार्यसमितिका लागि बढीमा सात जना सदस्यहरू मनोनित गर्नेछ ।

(५) पार्टीका सांसद वा पार्टीको तर्फबाट पछिल्लो आमनिर्वाचनमा प्रतिनिधिसभा वा संविधानसभाको आम निर्वाचनमा उम्मेदवार भएको व्यक्ति जुन गाउँ विकास समितिको मतदाता नामावलीमा नाम छ, त्यस गाउँ अधिवेशन तथा गाउँ सम्मेलन र गाउँ कार्यसमितिको पदेन सदस्य हुनेछ । त्यस्ता सदस्यले मतदानको अधिकार प्राप्त गर्नेछन् ।

(६) गाउँ कार्यसमितिको सभापति गाउँ अधिवेशनको पनि सभापति हुनेछ ।

(७) गाउँ कार्यसमितिले प्रत्येक वर्ष गाउँ सम्मेलन गर्नुपर्नेछ । गाउँ अधिवेशनका सदस्य गाउँ सम्मेलनका पनि सदस्य हुनेछन् ।

(८) गाउँ कार्यसमितिको सभापति गाउँ सम्मेलनको पनि सभापति हुनेछ ।

(९) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षदेखि बाहेक अन्य वर्षहरूमा गाउँ सम्मेलन बस्नेछ । गाउँ सम्मेलनले निर्वाचन बाहेक गाउँ अधिवेशनले गर्ने सबै काम गर्नेछ ।

(१०) गाउँ सम्मेलनले विभिन्न कार्यक्रम समेत स्वीकृत गर्नेछ ।

११) **गाउँ कार्यसम्पादन समिति** :

(१) गाउँ कार्यसमितिले सभापतिको अध्यक्षतामा उपसभापति, सचिव, कोषाध्यक्ष, सहसचिव सहित समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी बढीमा सत्र जनाको गाउँ कार्यसम्पादन समिति गठन गर्नेछ ।

(२) गाउँ कार्यसमितिको बैठक नभएको बेला गाउँ कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले गर्नेछ ।

(३) कार्यसम्पादन समितिले गाउँ कार्यसमितिको बैठकमा आफ्नो निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

(१२) **वडा तथा मतदान केन्द्र कार्यसम्पादन समिति** : गाउँ वडा कार्यसमिति तथा गाउँ मतदान केन्द्र कार्य समितिहरूले गाउँ कार्यसम्पादन समितिको गठन प्रक्रियाअनुसार नै वडा कार्यसम्पादन समिति तथा मतदान केन्द्र कार्यसम्पादन समिति गठन गर्न सक्नेछन् ।

विभिन्न अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गर्ने ।

४) आफ्नो क्षेत्रभित्रका विकास निर्माणका कार्यहरुको अनुगमन, मुल्याकंन गर्ने र विकास निर्माणका काम सम्पन्न गर्नका लागि पार्टीका तर्फबाट आवश्यक कार्य गर्ने ।

५) पार्टीको साधारण सदस्यता वितरण गर्ने र क्रियाशील सदस्यता सहित अन्य सदस्यताबारे विभिन्न आवधिक निर्वाचनहरुमा देखिएको भूमिका र सक्रियतालाई ध्यानमा राखी माथिल्लो निकायलाई सिफारिस सहित राय दिने तथा माथिल्लो निकायबाट प्राप्त निर्देशनको पालना गर्ने ।

६) आफ्नो क्षेत्रभित्र पार्टीको प्रभाव र अन्य पार्टीको प्रभावको जानकारी राखी पार्टीका पक्षमा जनतालाई आकर्षित गर्न आवश्यक कार्य गर्ने ।

७) कम्तिमा प्रत्येक दुई महिनामा क्षेत्रभित्रका क्रियाशील सदस्यहरुको भेला गर्ने ।

८) अन्य कार्य तोकिए बमोजिम गर्ने गराउने ।

**६. गाउँपालिका वडा अधिवेशन/वडा सम्मेलन/वडा कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ ।**

**क) गाउँपालिका वडा अधिवेशन:** (१) गाउँपालिका वडा क्षेत्रभित्रका क्रियाशील सदस्यहरु गाउँपालिका वडा अधिवेशनका सदस्य हुनेछन् ।

(२) पार्टीका सांसद वा पार्टीको तर्फबाट पछिल्लो आमनिर्वाचनमा प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा उम्मेदवार भएको व्यक्ति जुन नगरपालिका वडाको मतदाता नामावलीमा नाम छ, त्यस नगरपालिका वडा अधिवेशन तथा नगरपालिका वडा सम्मेलन र नगरपालिका वडा कार्यसमितिको पदेन सदस्य हुनेछ । त्यस्ता सदस्यले मतदानको अधिकार प्राप्त गर्नेछन् ।

ख) **गाउँपालिका वडा क्षेत्रबाट क्षेत्रीय प्रतिनिधिको चयन** :

(१) गाउँ ***पालिका वडा*** अधिवेशनले क्रियाशील सदस्यहरूमध्येबाट ***प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशन र प्रतिनिधिसभा निर्वाचन*** क्षेत्रीय अधिवेशनका लागि ***एकै वा अलग अलग गरी*** कम्तिमा ***पाँच*** महिला, एक दलित, एक आदिवासी जनजाति, ***एक मुस्लिम, एक थारु, एक मधेशी, एक खसआर्य, एक अल्पसंख्यक वा पिछडिएको वर्ग*** सहित ***पन्ध्र*** जना प्रतिनिधिहरूको निर्वाचन गर्नेछ । तर महिला क्रियाशील सदस्यता पच्चीस भन्दा बढी भएमा थप एक जना महिला प्रतिनिधि र सम्पूर्ण क्रियाशील सदस्य संख्या एक सय भन्दा बढी भएमा अन्य एक जना प्रतिनिधि थप चुनिनेछन् ।

***(२) आरक्षित समुहमा सम्बन्धित समुहको व्यक्ति मतदाता***

| | |
|---|---|
| (१३) **क्षेत्रीय प्रतिनिधि :** गाउँ अधिवेशनले क्रियाशील सदस्यहरूमध्येबाट क्षेत्रीय अधिवेशनका लागि कम्तिमा दुई महिला, एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्ग सहित नौ जना प्रतिनिधिहरूको निर्वाचन गर्नेछ । तर महिला क्रियाशील सदस्यता पच्चीस भन्दा बढी भएमा थप एक जना महिला प्रतिनिधि र सम्पूर्ण क्रियाशील सदस्य संख्या एक सय भन्दा बढी भएमा अन्य एक जना प्रतिनिधि थप चुनिनेछन् । | ***नभएका कारण प्रतिनिधित्व हुने अवस्था नभएमा अन्य जुनसुकै समुहबाट पनि प्रतिनिधित्व गराउन सकिनेछ***<br>***<u>वैकल्पिक प्रस्ताव :</u>***<br>***केन्द्रीय समितिका पदाधिकारी एवं सदस्य प्रतिनिधि सभाका सांसद वा उम्मेदवार, प्रदेश सभाका सांसद वा उम्मेदवारले निर्वाचनमा माग लिनु पर्ने ।***<br><br>**ख) गाउँपालिका वडा सम्मेलन**<br>(१) गाउँपालिका वडा कार्यसमितिले प्रत्येक छ महिनामा गाउँपालिका वडा सम्मेलन गर्नेछ ।<br>(२) गाउँपालिका वडा अधिवेशनका सदस्य र साधारण सदस्य गाउँपालिका वडा सम्मेलनका पनि सदस्य हुनेछ ।<br>(३) गाउँपालिका वडा कार्यसमितिको सभापति गाउँपालिका वडा सम्मेलनको पनि सभापति हुनेछ ।<br>(४) गाउँ टोल कार्यसमितिको सभापति गाउँपालिका वडा सम्मेलनको पदेन सदस्य हुनेछ ।<br>(५) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षको पछिल्लो छ महिना वाहेक अन्य वर्षहरुमा गाउँपालिका वडा सम्मेलन वस्ने छ ।<br>(६) गाउँपालिका वडा सम्मेलनले निर्वाचन वाहेक गाउँपालिका वडा अधिवेशनले गर्ने सबै काम गर्नेछ ।<br>(७) गाउँपालिका वडा सम्मेलनले विभिन्न कार्यक्रमहरु स्वीकृत गर्न सक्नेछ ।<br>(८) गाउँपालिका कार्यसमितिले सम्मेलनमा वडाभित्रका अन्य आवश्यक व्यक्तिहरुलाई आमन्त्रित गरिनेछ ।<br><br>ग) **गाउँपालिका वडा कार्यसमिति:** गाउँपालिका वडा अधिवेशनले आफूमध्येबाट सभापति एक, उपसभापति एक, सचिव एक, कोषाध्यक्ष एक, सहसचिव एक चयन गर्नेछ । सभापतिले पदाधिकारीको राय लिई वडा क्षेत्रको जनसंख्या र भूगोलको आधारमा समावेशी समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी कम्तिमा पाँच जना महिला सहित पन्ध्र/एक्काइस जना सदस्य मनोनित गर्नेछ ।<br><br>**<u>बैकल्पीक प्रस्ताव</u>**<br>गाउँपालिका वडा अधिवेशनले आफूहरुमध्येबाट सभापति एक, सचिव एक र कोषाध्यक्ष एक निर्वाचित गर्नेछ । सभापतिले पदाधिकारीसंग राय लिई वडा क्षेत्रको जनसंख्याको वनोट र भूगोलको आधारमा समावेशी समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी पन्ध्र/एक्काइस जना सदस्यहरु मनोनित गर्नेछ ।<br><br>**<u>बैकल्पीक प्रस्ताव</u>**<br>गाउँपालिका वडा कार्यसमितिका सभापति, उपसभापति, |

सचिव, कोषाध्यक्ष, सहसचिव र पन्ध्र/एक्काइस जना सदस्यहरु वडा अधिवेशनले आफूहरुमध्येबाट निर्वाचित गर्नेछ ।

(१) गाउँ/टोल कार्यसमितिका सभापति गाउँपालिका वडा कार्यसमितिको पदेन सदस्य हुनेछन् ।

(२) गाउँपालिका वडाभित्रका टोलका टोल सभापतिहरुमध्येबाट आपसी सहमतीका आधारमा २ जना प्रदेश सभा निर्वाचन क्षेत्रका लागि क्षेत्रीय प्रतिनिधि चयन हुनेछ ।

**<u>बैकल्पीक प्रस्ताव</u>**

गाउँपालिकाका प्रत्येक वडाका क्रियाशील सदस्यहरुले आफूमध्येबाट सभापति, उपसभापति एक, सचिव दुई, कोषाध्यक्ष एक, सहसचिव एक सहित एघार जना सदस्यको निर्वाचन गर्ने ।

**<u>बैकल्पीक प्रस्ताव</u>**

गाउँपालिकाका प्रत्येक वडाका क्रियाशील सदस्यहरुले आफूमध्येबाट सभापतिको निर्वाचन गर्नेछ । सभापतिले गाउँपालिका वडा क्षेत्रको जनसंख्याको वनोटको आधारमा समावेशी समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी उपसभापति एक, सचिव एक, कोषाध्यक्ष एक, सहसचिव एक सहित एघार जना सदस्यको मनोनयन गर्ने ।

**घ) गाउँपालिका वडा सभापतिको काम, कर्तव्य र अधिकार**

(१) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन र गाउँपालिका वडा अधिवेशन र सम्मेलनको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(२) गाउँपालिका वडा कार्यसमितिका पदाधिकारीहरुको कार्याविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने ।

(३) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**ङ) गाउँपालिका वडा कार्यसम्पादन समिति**

(१) गाउँपालिका वडा कार्यसमितिले सभापतिको अध्यक्षतामा उपसभापति, सचिव, कोषाध्यक्ष, सहसचिव सहित समावेशी समानुपातिक सिद्धान्त समेतलाई ध्यानमा राखी बढीमा सत्र जना सम्मको गाउँपालिका वडा कार्यसम्पादन समिति गठन गर्नेछ ।

(२) गाउँपालिका वडा कार्यसमितिको बैठक नभएको वेला गाउँपालिका वडा कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले प्रयोग गर्नेछ ।

(३) गाउँपालिका वडा कार्यसम्पादन समितिले गाउँपालिकाका वडा कार्यसमितिको बैठकमा आफ्नो निर्णय

अनुमोदनका लागि प्रस्तुत गर्नेछ।

**च) गाउँपालिका वडा कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

(१) गाउँपालिका वडा क्षेत्रभित्र पार्टीको प्रचार प्रसार गर्ने।

(२) गाउँ टोल समितिकाबीच समन्वय कायम गर्ने।

(३) सबै तहका निर्वाचनमा गाउँ टोल समितिसंग समन्वय गरी मतदान स्थलमा पार्टीका तर्फबाट आवश्यक व्यवस्थापन गर्ने।

(४) गाउँपालिका वडा क्षेत्रभित्र मतदाता र नागरिकसंग सम्पर्क सम्बाद गर्ने।

(५) आवश्यकता अनुसार सभा, गोष्ठी, सम्मेलनको आयोजना गर्ने।

(६) गाउँपालिका वडा क्षेत्रभित्रका मतदाताहरुको नामावली सूची थपघट भएको अद्यावधिक गर्ने।

(७) आफ्नो क्षेत्रभित्र पार्टीको प्रभाव र अन्य पार्टीको प्रभावको जानकारी राखी पार्टीका पक्षमा जनतालाई आकर्षित गर्न आवश्यक कार्य गर्ने।

(८) कम्तिमा प्रत्येक दुई महिनामा क्षेत्रभित्रका क्रियाशील सदस्यहरुको भेला गर्ने।

(९) पार्टीको हितमा अन्य आवश्यक कार्य गर्ने गराउने।

**७. नगरपालिका वडा अधिवेशन/वडा सम्मेलन/वडा कार्यसमिति**

**क) नगरपालिका वडा अधिवेशन**: (१) नगरपालिका वडा क्षेत्रभित्रका सम्पूर्ण क्रियाशील सदस्यहरु नगरपालिका वडा अधिवेशनका सदस्य हुनेछन्।

(२) पार्टीका सांसद वा पार्टीको तर्फबाट पछिल्लो आमनिर्वाचनमा प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा उम्मेदवार भएको व्यक्ति जुन नगरपालिका वडाको मतदाता नामावलीमा नाम छ, त्यस नगरपालिका वडा अधिवेशन तथा नगरपालिका वडा सम्मेलन र नगरपालिका वडा कार्यसमितिको पदेन सदस्य हुनेछ। त्यस्ता सदस्यले मतदानको अधिकार प्राप्त गर्नेछन्।

(३) नगरपालिका वडा कार्यसमितिको सभापति नगरपालिका वडा अधिवेशनको पनि सभापति हुनेछ।

***<u>वैकल्पिक प्रस्ताव :</u>***

***<u>केन्द्रीय समितिका पदाधिकारी एवं सदस्य प्रतिनिधि सभाका सांसद वा उम्मेदवार, प्रदेश सभाका सांसद वा उम्मेदवारले निर्वाचनमा माग लिनु पर्ने।</u>***

**<u>ख) नगरपालिका वडा क्षेत्रबाट क्षेत्रीय प्रतिनिधि</u> :**

(१) महानगरपालिकाबाट देहायबमोजिम क्षेत्रीय प्रतिनिधिहरू निर्वाचित हुनेछन्

(क) महानगरपालिकाका प्रत्येक वडाका क्रियाशील सदस्यहरूले क्रियाशील सदस्यहरूमध्येबाट क्षेत्रीय

अधिवेशनका लागि कम्तिमा दुई महिला, एक दलित, एक आदिवासी जनजाति, एक मधेशी, ***एक मुस्लिम, एक थारु, एक खसआर्य र एक*** अल्पसंख्यक वा पिछडिएको वर्ग सहित ***बाह्र*** जना प्रतिनिधिहरू निर्वाचित गर्नेछन् । तर वडामा महिला क्रियाशील सदस्यता पच्चीस भन्दा बढी भएमा थप एक जना महिला प्रतिनिधि र सम्पूर्ण क्रियाशील सदस्य संख्या एक सय भन्दा बढी भएमा अन्य एक जना थप प्रतिनिधि निर्वाचित हुनेछन् ।

(२) उपमहानगरपालिका वडाबाट देहायबमोजिम क्षेत्रीय प्रतिनिधिहरू निर्वाचित हुनेछन् :

(क) उप-महानगरपालिकाका प्रत्येक वडामा क्रियाशील सदस्यहरूले क्रियाशील सदस्यहरूमध्येबाट क्षेत्रीय अधिवेशनका लागि कम्तिमा दुई जना महिला सहित सात जना प्रतिनिधिहरू निर्वाचित गर्नेछन् । तर वडामा महिला क्रियाशील सदस्यता पच्चीस भन्दा बढी भएमा थप एक जना महिला प्रतिनिधि र सम्पूर्ण क्रियाशील सदस्य संख्या एक सय भन्दा बढी भएमा अन्य एक जना थप प्रतिनिधि निर्वाचित हुनेछन् ।

(३) नगरपालिका वडाबाट देहायबमोजिम क्षेत्रीय प्रतिनिधिहरू निर्वाचित हुनेछन् :

(क) नगरपालिकाका प्रत्येक वडाका क्रियाशील सदस्यहरूले क्रियाशील सदस्यहरूमध्येबाट क्षेत्रीय अधिवेशनका लागि कम्तिमा दुई महिला सहित छ जना प्रतिनिधिहरू निर्वाचित गर्नेछन् । तर वडामा महिला क्रियाशील सदस्यता पच्चीस भन्दा बढी भएमा थप एक जना महिला प्रतिनिधि र सम्पूर्ण क्रियाशील सदस्य संख्या एक सय भन्दा बढी भएमा अन्य एक जना थप प्रतिनिधि निर्वाचित हुनेछन् ।

**ग) नगरपालिका वडा सम्मेलन**

(१) नगरपालिका वडा कार्यसमितिले कम्तिमा प्रत्येक छ महिनामा नगरपालिका वडा सम्मेलन गर्नु पर्नेछ ।

(२) नगरपालिका वडा अधिवेशनका सदस्य र साधारण सदस्य नगर सम्मेलनका पनि सदस्य हुनेछन् ।

(३) नगरपालिका वडा कार्यसमितिको सभापति नगरपालिका वडा सम्मेलनको पनि सभापति हुनेछ ।

(४) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षको पछिल्लो छ महिना वाहेक अन्य वर्षहरुमा नगरपालिका वडा सम्मेलन वस्नेछ ।

(५) नगरपालिका वडा सम्मेलनले निर्वाचन वाहेक नगरपालिका वडा अधिवेशनले गर्ने सबै काम गर्नेछ ।

(६) नगरपालिका वडा सम्मेलनले विभिन्न कार्यक्रमहरु स्वीकृत गर्न सक्नेछ ।

(७) नगर पालिका कार्यसमितिले सम्मेलनमा

वडाभित्रका अन्य आवश्यक व्यक्तिहरुलाई आमन्त्रित गरिनेछ ।

**ग) नगरपालिका वडा कार्यसमितिः** (१) नगरपालिका वडा अधिवेशनले आफूमध्येबाट सभापति एक, उपसभापति एक, सचिव एक, कोषाध्यक्ष एक, सहसचिव एक चयन गर्नेछ । सभापतिले पदाधिकारीको राय लिई वडा क्षेत्रको जनसंख्याको वनोटको आधरमा समावेशी समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी कम्तिमा पाँच जना महिला सहित एक्काइस जना सदस्य मनोनित गर्नेछ ।

**बैकल्पीक प्रस्ताव**

नगरपालिका वडा अधिवेशनले आफूहरुमध्येबाट सभापति एक, सचिव एक र कोषाध्यक्ष एक निर्वाचित गर्नेछ । सभापतिले पदाधिकारीसंग राय लिई वडा क्षेत्रको जनसंख्याको वनोटको आधारमा समावेशी समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी एक्काइस जना सदस्यहरु मनोनित गर्नेछ ।

**बैकल्पीक प्रस्ताव**

वडा अधिवेशनले नगरपालिका वडा कार्यसमितिका सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष, सहसचिव र एक्काइस जना सदस्यहरु आफूहरुमध्येबाट निर्वाचित गर्नेछ ।

२) गाउँ/टोल कार्यसमितिका सभापति नगरपालिका वडा कार्यसमितिको पदेन सदस्य हुनेछन् ।

३) नगरपालिका वडाभित्रका टोलका टोल सभापतिहरुमध्येबाट आपसी सहमतीका आधारमा दुई जना प्रदेश सभा निर्वाचन क्षेत्रका लागि क्षेत्रीय प्रतिनिधि चयन हुनेछ ।

**बैकल्पीक प्रस्ताव**

नगरपालिकाका प्रत्येक वडाका क्रियाशील सदस्यहरुले आफूमध्येबाट सभापति, उपसभापति एक, सचिव दुई, कोषाध्यक्ष एक, सहसचिव एक सहित एघार जना सदस्यको निर्वाचन गर्ने ।

**बैकल्पीक प्रस्ताव**

नगरपालिकाका प्रत्येक वडाका क्रियाशील सदस्यहरुले आफूमध्येबाट सभापतिको निर्वाचन गर्नेछ । सभापतिले नगरपालिका वडा क्षेत्रको जनसंख्याको वनोटको आधारमा समावेशी समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी उपसभापति एक, सचिव एक, कोषाध्यक्ष एक, सहसचिव एक सहित एघार जना सदस्यको मनोनयन गर्ने ।

**घ) नगरपालिका वडा सभापतिको काम, कर्तव्य र अधिकार**

१) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन र नगरपालिका वडा अधिवेशनको निर्णय कार्यान्वयन गर्ने गराउने ।

२) नगरपालिका वडा कार्यसमितिका पदाधिकारीहरुको कार्याविभाजन गर्ने र आवश्यकता अनुसार कार्यविभाजन हेरफेर गर्ने ।

३) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**ङ) नगरपालिका वडा कार्यसम्पादन समिति**

(१) नगरपालिका वडा कार्यसमितिले सभापतिको अध्यक्षतामा उपसभापति, सचिव, कोषाध्यक्ष, सहसचिव सहित समावेशी समानुपातिक सिद्धान्त समेतलाई ध्यानमा राखी बढीमा सत्र जना सदस्यको नगरपालिका वडा कार्यसम्पादन समिति गठन गर्नेछ ।

(२) नगरपालिका वडा कार्यसमितिको बैठक नभएको वेला नगरपालिका वडा कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले प्रयोग गर्नेछ ।

(३) नगरपालिका वडा कार्यसम्पादन समितिले नगरपालिकाका वडा कार्यसमितिको बैठकमा आफ्नो निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

**च) नगरपालिका वडा कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

(१) नगरपालिका वडा क्षेत्रभित्र पार्टीको प्रचार प्रसार गर्ने ।

(२) नगरपालिका वडा क्षेत्रभिका गाउँ/टोल समितिकाबीच समन्वय कायम गर्ने ।

(३) सबै तहका निर्वाचनमा गाउँ/टोल समितिसंग समन्वय गरी मतदान स्थलमा पार्टीका तर्फबाट आवश्यक व्यवस्थापन गर्ने ।

(४) नगरपालिका वडा क्षेत्रभित्र मतदाता र नागरिकसंग सम्पर्क सम्बाद गर्ने ।

(५) आवश्यकता अनुसार सभा, गोष्ठी, सम्मेलनको आयोजना गर्ने ।

(६) नगरपालिका वडा क्षेत्रभित्रका मतदाताहरुको नामावली सूची थपघट भएको अद्यावधिक गर्ने गराउने ।

(७) आफ्नो क्षेत्रभित्र पार्टीको प्रभाव र अन्य पार्टीको प्रभावको जानकारी राखी पार्टीका पक्षमा जनतालाई आकर्षित गर्न आवश्यक कार्य गर्ने ।

(८) कम्तिमा प्रत्येक दुई महिनामा क्षेत्रभित्रका क्रियाशील सदस्यहरुको भेला गर्ने ।

(९) पार्टीको हितमा अन्य आवश्यक कार्य गर्ने गराउने ।

**८. गाउँपालिका अधिवेशन/गाउँपालिका सम्मेलन/गाउँपालिका कार्यसमिति**

**(क) गाउँपालिका अधिवेशन**: (१) गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण क्रियाशील सदस्यहरु गाउँपालिका अधिवेशनका सदस्य हुनेछन् ।

(२) पार्टीका सांसद वा पार्टीको तर्फबाट पछिल्लो आमनिर्वाचनमा प्रतिनिधिसभा वा प्रदेश सभा सदस्य निर्वाचनमा उम्मेदवार भएको व्यक्ति जुन गाउँ विकास समितिको मतदाता नामावलीमा नाम छ, त्यस गाउँ अधिवेशन तथा गाउँ सम्मेलन र गाउँ कार्यसमितिको पदेन सदस्य हुनेछ । त्यस्ता सदस्यले मतदानको अधिकार प्राप्त गर्नेछन् ।

(३) गाउँ कार्यसमितिको सभापति गाउँ अधिवेशनको पनि सभापति हुनेछ ।

**ख) गाउँपालिका सम्मेलन**

(१) गाउँ कार्यसमितिले कम्तिमा प्रत्येक छ महिनामा गाउँ सम्मेलन गर्नुपर्नेछ । गाउँ अधिवेशनका सदस्य र साधारण सदस्य गाउँ सम्मेलनका पनि सदस्य हुनेछन् ।

(२) गाउँ कार्यसमितिको सभापति गाउँ सम्मेलनको पनि सभापति हुनेछ ।

(३) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षको पछिल्लो छ महिना बाहेक अन्य वर्षहरूमा गाउँ सम्मेलन बस्नेछ । गाउँ सम्मेलनले निर्वाचन बाहेक गाउँ अधिवेशनले गर्ने सबै काम गर्नेछ ।

(४) गाउँ सम्मेलनले विभिन्न कार्यक्रम समेत स्वीकृत गर्नेछ ।

(५) गाउँपालिका कार्यसमितिले सम्मेलनमा गाउँपालिका भित्रका अन्य आवश्यक व्यक्तिहरुलाई आमन्त्रित गर्नेछ ।

**(ग) गाउँपालिका कार्यसमितिको गठन**:

(१) गाउँपालिका अधिवेशनले क्रियाशील सदस्यहरुमध्येबाट सभापति, सचिव एक र कोषाध्यक्ष एक, र एघार जना सदस्यहरुको निर्वाचन गर्नेछ । गाउँपालिका सभापतिले निर्वाचित सदस्यहरुमध्येबाट गाउँपालिका कार्यसमितिका लागि उपसभापति एक, सचिव एक, र सहसचिव एकको नाम प्रस्ताव गरी निर्वाचित गाउँपालिका कार्यसमितिले चयन गर्नेछ ।

(२) गाउँपालिका सभापतिले क्रियाशील सदस्यहरुमध्येबाट गाउँपालिका कार्यसमितिका लागि बढीमा नौ जना सदस्यहरु मनोनित गर्नेछन् ।

(३) क्षेत्रीय प्रतिनिधिहरु, गाउँपालिका वडा सभापतिहरु, गाउँ/टोल सभापतहरु गाउँपालिका कार्यसमितिका पदेन

सदस्य हुनेछन् ।

**बैकल्पीक प्रस्ताव**

गाउँपालिका अधिवेशनले क्रियाशील सदस्यहरुमध्येबाट सभापति निर्वाचित गर्नेछ । निर्वाचित सभापतिले निर्वाचित सदस्यहरुमध्येबाट उपसभापति एक, सचिव एक, कोषाध्यक्ष एक, सहसचिव एक र समावेशी समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई ध्यानमा राखी पन्ध्र जना सदस्यहरुको मनोनयन गर्नेछ ।

**बैकल्पीक प्रस्ताव**

गाउँपालिका अधिवेशनले क्रियाशील सदस्यहरुमध्येबाट सभापति, उपसभापति एक, सचिव एक, कोषाध्यक्ष एक, सहसचिव एक, समावेशी समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई ध्यानमा राखी पन्ध्र जना सदस्यहरुको निर्वाचन गर्नेछ ।

**(घ) गाउँपालिका कार्यसमितिको काम, कर्तव्य र अधिकार**

(१) गाउँपालिका अन्तर्गतका वडा कार्यसमितिसंग सम्बन्ध सम्पर्क र समन्वय गरी कार्य गर्ने ।

(२) गाउँपालिका क्षेत्रभित्रका मतदाताहरुको विवरण राख्ने, अद्यावधि गर्ने, मतदाता नामावलीमा थप गर्नु पर्ने कार्य गर्ने गराउने ।

(३) निर्वाचनको सम्बन्धमा निर्वाचन तथा मतदानसंग सम्बन्धित आवश्यक व्यवस्थापन गर्ने र निर्वाचनको समग्र मुल्यांकन र समिक्षा गर्ने ।

(४) गाउँपालिकाभित्रका मतदातासंग निरन्तर सम्पर्क, सम्वाद र सहयोग गर्ने तथा विभिन्न अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गर्ने ।

(५) आफ्नो क्षेत्रभित्रका विकास निर्माणका कार्यहरुको अनुगमन, मुल्याङ्कन गर्ने र विकास निर्माणका कामहरुलाई सम्पन्न गर्नका लागि पार्टीका तर्फबाट आवश्यक कार्य गर्ने गराउने ।

(६) पार्टीको साधारण सदस्यता वितरण गर्ने र क्रियाशील सदस्यता सहित अन्य सदस्यता वारे तल्लो निकायबाट राय लिई माथिल्लो निकायमा सिफारिस गर्ने ।

(७) पार्टीको गाउँपालिका वडा कार्यसमिति, गाउँ/टोल कार्यसमितिलाई सक्रिय बनाउन आवश्यक निर्देशन र समन्वय गर्ने ।

(८) गाउँपालिका अधिवेशन र गाउँपालिका सम्मेलनहरुको निणर्यहरु कार्यान्वयन गर्ने ।

(९) पार्टीको माथिल्लो निकायका नीति, निर्देशन र निर्णय कार्यान्वयन गर्ने ।

(१०) आफ्नो क्षेत्रभित्र पार्टीको प्रभाव र अन्य पार्टीको

प्रभावको जानकारी राखी पार्टीका पक्षमा जनतालाई आकर्षित गर्न आवश्यक कार्य गर्ने ।

(११) कम्तिमा प्रत्येक दुई महिनामा क्षेत्रभित्रका क्रियाशील सदस्यहरुको भेला गर्ने ।

(१२) पार्टीको हितमा अन्य आवश्यक कार्य गर्ने गराउने ।

(१३) अन्य कार्य तोकिए बमोजिम गर्ने गराउने ।

(१४) गाउँ, नगर वडा वा नगर स्तरका भ्रातृसंस्था र शुभेच्छुक संस्थाहरूलाई सहयोग पुऱ्याउने र आवश्यक समन्वय गराउने ।

(१५) (पार्टी) ***माथिल्लो निकायबाट प्राप्त*** निर्देशनको पालना गर्ने र कार्यक्रमलाई कार्यान्वयन गर्ने गराउने ।

(१६) (पार्टीका) क्रियाशील सदस्यहरूको क्रियाकलापहरूबारे क्षेत्रीय कार्यसमितिमा प्रत्येक छ महिनामा (नियमित) ***आवधिक*** प्रतिवेदन पठाउने ।

| (३) जिल्ला सभापतिले निर्वाचित सदस्यहरू वा महाधिवेशन प्रतिनिधि, महासमिति सदस्यहरूमध्येबाट कार्यसमितिका लागि एक उपसभापति, एक सचिव र एक सह-सचिवको नाम प्रस्ताव गरी निर्वाचित जिल्ला कार्यसमितिले चयन गर्नेछ ।<br>(ख)जिल्ला कार्य समितिका सदस्यहरूको निर्वाचन :<br>(१) एक निर्वाचन क्षेत्र भएको जिल्ला :<br>(क)एक निर्वाचन क्षेत्र भएका जिल्लामा जिल्ला अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट कम्तिमा तीन महिला, एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्ग सहित जिल्ला कार्यसमितिको सदस्यका लागि दश जना निर्वाचित गर्नेछन् ।<br>(ख)जिल्ला सभापतिले जिल्ला अधिवेशनका सदस्यहरूमध्येबाट बढीमा सात जनालाई जिल्ला कार्यसमितिको सदस्यमा मनोनित गर्नेछ ।<br>(ग) महाधिवेशन प्रतिनिधि एवं महासमिति सदस्य जिल्ला कार्य समितिका पदेन सदस्य हुनेछन् ।<br><br>(२) दुई निर्वाचन क्षेत्र भएका जिल्ला :<br>(क) दुई निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट कम्तिमा दुई महिला, एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएका वर्ग सहित दश जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि दुई क्षेत्रबाट बीस जना सदस्य निर्वाचित गर्नेछन् ।<br>(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा चार जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा आठ जना सदस्य मनोनित गर्नेछ ।<br><br>(३) तीन निर्वाचन क्षेत्र भएका जिल्ला :-<br>(क) तीन निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरू मध्येबाट कम्तिमा दुई महिला, एक | **<u>बैकल्पीक प्रस्ताव</u>**<br>**पदाधिकारी मध्ये कोषाध्यक्ष मनोनित गर्ने ।**<br><br>५) प्रतिनिधि सभाको एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला अधिवेशनका सदस्यहरुले आफूहरुमध्येबाट कम्तिमा पाँच महिला, एक दलित, एक आदिवासी जनजाती, एक मधेशी, एक मुस्लिम, एक थारु, एक खसआर्य, एक अल्पसंख्यक पिछडिएको क्षेत्र सहित जिल्ला कार्यसमितिका सदस्यका लागि पन्ध्र जना निर्वाचित गर्नेछ ।<br>६) जिल्ला सभापतिले जिल्ला अधिवेशनका प्रतिनिधिहरुमध्येबाट दुई महिला सहित छ सदस्य मनोनित गर्नेछ ।<br>७) एक निर्वाचन क्षेत्र भएको जिल्लाका महाधिवेशन प्रतिनिधि एवं महासमिति सदस्य जिल्ला कार्यसमितिका पदेन सदस्य हुनेछन् । महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यहरुमध्येबाट जिल्ला कार्यसमितिका पदाधिकारी मनोनयन गर्न सकिनेछ ।<br>**दृष्टव्य** : यस विधानमा अन्यत्र जेसुकै लेखिएको भएतापनि एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र क्षेत्रीय कार्यसमिति रहने छैन । एक मात्र निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला कार्यसमितिको सभापतिको निर्वाचन पूर्व प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनले आफूहरुमध्येबाट महाधिवेशन प्रतिनिधिको निर्वाचन गर्नेछन् । महाधिवेशन प्रतिनिधि मध्येवाट जिल्ला सभापतिको उम्मेदवार बन्नेछन् ।<br>८) प्रतिनिधि सभाको दुई निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक प्रतिनिधिसभा, क्षेत्रीय अधिवेशनका सदस्यहरुले आफूमध्येबाट पाँच महिला सहित एक दलित, एक आदिवासी जनजाती, एक मधेशी, एक मुस्लिम, एक थारु, एक खसआर्य, एक अल्पसंख्यक वा पिछडिएको क्षेत्र सहित पन्ध्र जना निर्वाचित गर्नेछ ।<br>९) जिल्ला सभापतिले जिल्ला अधिवेशनका प्रतिनिधिहरुमध्येबाट एक निर्वाचन क्षेत्रबाट कम्तिमा तीन महिला र चार जना हुने गरी जम्मा नौ जना मनोनित गर्नेछ । जिल्ला सदस्यको मनोनयन गर्दा प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व भए नभएको हेरि नभएको भए, सन्तुलीत प्रतिनिधित्व गराउनु पर्नेछ ।<br>१०) प्रतिनिधि सभाको तीन निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक प्रतिनिधिसभा, क्षेत्रीय अधिवेशनका सदस्यहरुले |

| | |
|---|---|
| दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्ग सहित सात जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि तीन क्षेत्रबाट एक्काइस जना सदस्य निर्वाचित गर्नेछन् ।<br>(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा तीन जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा नौं जना सदस्य मनोनित गर्नेछ ।<br><br>(४) चार निर्वाचन क्षेत्र भएका जिल्ला :<br>(क) चार निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरू मध्येबाट कम्तिमा एक महिला सहित छ जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि चार क्षेत्रबाट चौबीस जना सदस्य निर्वाचित गर्नेछन् ।<br>(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा आठ जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।<br><br>(५) पाँच निर्वाचन क्षेत्र भएका जिल्ला :<br>(क) पाँच निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरू मध्येबाट कम्तिमा एक महिला सहित पाँच जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि पाँच क्षेत्रबाट पच्चीस जना सदस्य निर्वाचित गर्नेछन् ।<br>(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा दश जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।<br><br>(६) छ निर्वाचन क्षेत्र भएका जिल्ला :- | आफूमध्येबाट पाँच महिला सहित एक दलित, एक आदिवासी जनजाती, एक मधेशी, एक मुस्लिम, एक थारु, एक खसआर्य, एक अल्पसंख्यक वा पिछडिएको क्षेत्र सहित पन्ध्र जना निर्वाचित गर्नेछ ।<br>११) जिल्ला सभापतिले जिल्ला अधिवेशनका प्रतिनिधिहरुमध्येबाट प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तिमा चार महिला सहित जम्मा १२ जना मनोनित गर्नेछ । जिल्ला सदस्यको मनोनयन गर्दा प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व भए नभएको हेरि नभएको भए, सन्तुलीत प्रतिनिधित्व गराउनु पर्नेछ ।<br>१२) प्रतिनिधि सभाको चार निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक प्रतिनिधिसभा, क्षेत्रीय अधिवेशनका सदस्यहरुले आफूमध्येबाट पाँच महिला सहित एक दलित, एक आदिवासी जनजाती, एक मधेशी, एक मुस्लिम, एक थारु, एक खसआर्य, एक अल्पसंख्यक वा पिछडिएको क्षेत्र सहित पन्ध्र जना निर्वाचित गर्नेछ ।<br>१३) जिल्ला सभापतिले जिल्ला अधिवेशनका प्रतिनिधिहरुमध्येबाट प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तिमा चार जना पर्ने गरी जम्मा १५ जना मनोनित गर्नेछ । जिल्ला सदस्यको मनोनयन गर्दा प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व भए नभएको हेरि नभएको भए, सन्तुलीत प्रतिनिधित्व गराउनु पर्नेछ ।<br>१४) प्रतिनिधि सभाको पाँच निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक प्रतिनिधिसभा, क्षेत्रीय अधिवेशनका सदस्यहरुले आफूमध्येबाट पाँच महिला सहित एक दलित, एक आदिवासी जनजाती, एक मधेशी, एक मुस्लिम, एक थारु, एक खसआर्य, एक अल्पसंख्यक वा पिछडिएको क्षेत्र सहित पन्ध्र जना निर्वाचित गर्नेछ ।<br>१५) जिल्ला सभापतिले जिल्ला अधिवेशनका प्रतिनिधिहरुमध्येबाट प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तिमा एक महिला सहित जम्मा १५ जना मनोनित गर्नेछ । जिल्ला सदस्यको मनोनयन गर्दा प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व भए नभएको हेरि नभएको भए, सन्तुलीत प्रतिनिधित्व गराउनु पर्नेछ ।<br>१६) प्रतिनिधि सभाको छ निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक प्रतिनिधिसभा, क्षेत्रीय अधिवेशनका सदस्यहरुले आफूमध्येबाट पाँच महिला सहित एक दलित, एक आदिवासी जनजाती, एक मधेशी, एक मुस्लिम, एक थारु, एक खसआर्य, एक अल्पसंख्यक वा पिछडिएको क्षेत्र सहित पन्ध्र जना निर्वाचित गर्नेछ ।<br>१७) जिल्ला सभापतिले जिल्ला अधिवेशनका प्रतिनिधिहरुमध्येबाट प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तिमा एक महिला सहित प्रत्येक क्षेत्रवाट ३ जनाका दरले जम्मा १५ जना मनोनित गर्नेछ । जिल्ला सदस्यको |

(क) छ निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट कम्तिमा एक महिला सहित पाँच जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि छ क्षेत्रबाट तीस जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा बाह्र जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा दुई दलित, दुई आदिवासी जनजाति, दुई मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

(७) सात निर्वाचन क्षेत्र भएका जिल्ला :

(क) सात निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरू मध्येबाट कम्तिमा एक महिला सहित पाँच जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि सात क्षेत्रबाट पैतीस जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा चौध जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा दुई दलित, दुई आदिवासी जनजाति, दुई मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

(८) आठ निर्वाचन क्षेत्र भएका जिल्ला :

(क) आठ निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरू मध्येबाट कम्तिमा एक महिला सहित पाँच जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि आठ क्षेत्रबाट चालीस जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा सोह्र जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा तीन दलित,

मनोनयन गर्दा प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व भए नभएको हेरि नभएको भए, सन्तुलीत प्रतिनिधित्व गराउनु पर्नेछ ।

१८) प्रतिनिधि सभाको दश निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक प्रतिनिधिसभा, क्षेत्रीय अधिवेशनका सदस्यहरुले आफूमध्येबाट पाँच महिला सहित एक दलित, एक आदिवासी जनजाती, एक मधेशी, एक मुस्लिम, एक थारु, एक खसआर्य, एक अल्पसंख्यक वा पिछडिएको क्षेत्र सहित पन्ध्र जना निर्वाचित गर्नेछ ।

१९) जिल्ला सभापतिले जिल्ला अधिवेशनका प्रतिनिधिहरुमध्येबाट प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तिमा एक महिला सहित प्रत्येक क्षेत्रबाट तीन जनाका दरले जम्मा ३० जना मनोनित गर्नेछ । जिल्ला सदस्यको मनोनयन गर्दा प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व भए नभएको हेरि नभएको भए, सन्तुलीत प्रतिनिधित्व गराउनु पर्नेछ ।

२०) क्षेत्रीय सभापतिहरु जिल्ला कार्यसमितिका पदेन सदस्य हुनेछन् ।

### ३. जिल्ला कार्य समितिको काम, कर्तव्य र अधिकार :

(१) जिल्ला कार्यसमितिको बैठक साधारणतया एक महिनामा एक पटक र बढीमा आवश्यकता अनुसार बस्नेछ ।

(२) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति र अन्य मातहतका निकाय बीच समन्वय कायम गर्ने, आवश्यक सहयोग र निर्देशन दिने ।

(३) जिल्लाका समस्याहरूको समय-समयमा जानकारी लिई भ्रातृसंस्थाहरू, शुभेच्छुक संस्थाहरू, गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, सरकारी र गैर सरकारी कार्यालय एवं संस्थाहरूसँग सम्पर्क राखी प्रशासनिक दृष्टिबाट समेत हेरी पार्टी हितका निमित्त समस्याको समाधानका लागि आवश्यक प्रयत्न गर्ने ।

(४) केन्द्रका निर्णय र निर्देशनहरूको पालन गर्ने गराउने ।

(५) पार्टीको उद्देश्य, नीति, कार्यक्रम, घोषणापत्र र पार्टी साहित्य आदिको व्यापक प्रचार-प्रसार गर्ने गराउने ।

(६) समय-समयमा गोष्ठी, प्रशिक्षण शिविर र भ्रमण आदिको आयोजना गर्ने ।

(७) आफ्नो जिल्लामा महासमिति वा महाधिवेशन हुने भएमा त्यसको व्यवस्थापन गर्ने ।

(८) राष्ट्रिय र पार्टी महत्वका अवसरमा रक्तदान, वृक्षारोपण सरसफाई आदि विभिन्न रचनात्मक कामको आयोजना गर्ने, गराउने ।

(९) केन्द्रको निर्देशन पालना गर्नु गराउनु जिल्ला कार्यसमितिको कर्तव्य हुनेछ ।

तीन आदिवासी जनजाति, तीन मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

(९) नौं निर्वाचन क्षेत्र भएका जिल्ला :

(क) नौ निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट कम्तिमा एक महिला सहित पाँच जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि नौ क्षेत्रबाट पैतालीस जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा अठार जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा तीन दलित, तीन आदिवासी जनजाति, तीन मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

(१०) दश निर्वाचन क्षेत्र भएका जिल्ला :

(क) दश निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट कम्तिमा एक महिला सहित पाँच जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि दश क्षेत्रबाट पचास जना सदस्य निर्वाचित गर्नेछन् ।

(ख) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा दुई जना पर्ने गरी जिल्ला सभापतिले जिल्ला कार्यसमितिका लागि बढीमा बीस जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा तीन दलित, तीन आदिवासी जनजाति, तीन मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

(११) क्षेत्रीय सभापतिहरू जिल्ला कार्यसमितिका पदेन सदस्य हुनेछन् ।

(३) जिल्ला सम्मेलनको गठन देहायबमोजिम हुनेछ ।

(क) गाउँ कार्यसमितिका सभापतिहरू ।

(ख) नगर वडा कार्यसमितिका सभापतिहरू ।

(१०) जिल्ला कार्यसमितिले जिल्ला अन्तर्गतका निकायहरूद्वारा हुने निर्वाचित पद रिक्त भएमा त्यसको जानकारी केन्द्रीय निर्वाचन समितिमा तुरून्त गराउनु पर्नेछ र रिक्त पदमा केन्द्रीय निर्वाचन समितिले छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गर्नेछ ।

(११) जिल्ला कार्यसमितिले आफ्नो जिल्लाभित्र तोकिए बाहेकका पनि आवश्यकता अनुसार विभिन्न समितिहरू गठन गर्न गराउन सक्नेछ ।

(१२) जिल्ला कार्यसमितिले जिल्ला विकास समितिका सभापति, उपसभापति र सदस्यहरू, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका प्रमुख र उपप्रमुखको निर्वाचनमा उम्मेदवारहरू चयन गर्नेछ र निर्वाचनको तयारी, संचालन र व्यवस्थापन सम्बन्धी सबै काम गर्ने/गराउनेछ । नगरमा प्रमुख, उपप्रमुखका उम्मेदवार चयन गर्दा सम्बन्धित नगर तथा क्षेत्रको राय बुझेर गर्नेछ । नगरपालिका विभिन्न निर्वाचन क्षेत्रमा परेकोमा क्षेत्रीय कार्यसमितिलाई समन्वय गरी राय सुझाव लिनु पर्नेछ ।

(१३) जिल्ला सभापतिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

(क) जिल्ला अधिवेशन, जिल्ला सम्मेलन र जिल्ला कार्यसमिति तथा जिल्ला कार्यसम्पादन समितिको बैठक जिल्ला सभापतिको अध्यक्षतामा बस्नेछ । सभापतिले आवश्यक परेमा निर्णायक मत दिनसक्नेछ ।

(ख) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ग) जिल्ला कार्यसमिति गठन गर्ने, कार्यविभाजन गर्ने र आवश्यकता अनुसार हेरफेर गर्ने ।

(घ) तल्लो निकायहरूलाई नीति-निर्देशन दिने र कार्यान्वयन गर्ने गराउने ।

(ङ) जिल्लास्तरीय विभिन्न विभाग तथा समितिहरूका प्रमुख तथा सदस्यहरूको नाम प्रस्ताव गरी कार्यसमितिबाट निर्णय गराउने ।

(च) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**३. जिल्ला सम्मेलन : (१)** जिल्ला अधिवेशनका सदस्य सहित देहाय बमोजिमका सदस्य जिल्ला सम्मेलनका सदस्य हुनेछन ।

(क) गाउँ कार्यसमितिका सभापतिहरू ।

(ख) नगर वडा कार्यसमितिका सभापतिहरू ।

(ग) नगर कार्यसमितिका सभापतिहरू ।

(घ) क्षेत्रीय कार्यसमितिका सभापति, उपसभापति,

| | |
|---|---|
| (ग) नगर कार्यसमितिका सभापतिहरू ।<br>(घ) क्षेत्रीय कार्यसमितिका सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सहसचिव ।<br>(ङ) महाधिवेशनका प्रतिनिधिहरू ।<br>(च) जिल्ला कार्यसमितिका सदस्यहरू ।<br><br>(४) यस विधानमा अन्यत्र जेसुकै लेखिएको भए पनि एक मात्र संसदीय निर्वाचन क्षेत्र भएको जिल्लामा क्षेत्रीय अधिवेशन र क्षेत्रीय कार्यसमिति हुने छैन । एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला कार्यसमितिको सभापतिको निर्वाचनमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका क्षेत्रीय प्रतिनिधिहरू उम्मेदवार हुन सक्नेछन् । सचिव र कोषाध्यक्षमा पाँच वर्ष निरन्तर क्रियाशील सदस्य भएका क्षेत्रीय प्रतिनिधिहरू उम्मेदवार हुन सक्नेछन् । जिल्ला सभापति महाधिवेशनका पदेन प्रतिनिधि हुनेछ र निजलाई महाधिवेशन प्रतिनिधि सरह अधिकार हुनेछ । त्यस्तो जिल्लामा जिल्ला अधिवेशन, जिल्ला सम्मेलन, जिल्ला कार्यसमिति र जिल्ला कार्य सम्पादन समिति मात्र हुनेछ ।<br><br>(५) **जिल्ला कार्यसम्पादन समिति :**<br>(क) जिल्ला सभापतिको अध्यक्षतामा उपसभापति, सचिव, कोषाध्यक्ष, सह-सचिवसहित समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी कार्यसमितिले बढीमा सत्र जनासम्मको जिल्ला कार्यसम्पादन समिति गठन गर्नेछ ।<br>(ख) जिल्ला कार्यसमितिको बैठक नभएको बेला जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले गर्नेछ ।<br>(ग) कार्यसम्पादन समितिले जिल्ला कार्यसमितिको बैठकमा आफ्नो निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ । | सचिव, कोषाध्यक्ष र सहसचिव ।<br>(ङ) महाधिवेशनका प्रतिनिधिहरू ।<br>(च) जिल्ला कार्यसमितिका सदस्यहरू ।<br>**(२) जिल्ला सम्मेलनको काम, कर्तव्य र अधिकार :**<br>(क) जिल्ला सम्मेलनले एउटा जिल्ला अधिवेशन भई अर्को जिल्ला अधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा निर्वाचन बाहेक जिल्ला अधिवेशनको सबै कार्य गर्नेछ । जिल्ला सम्मेलन वर्षमा एक पटक हुनेछ तर जिल्ला अधिवेशन हुने वर्षमा जिल्ला सम्मेलन बस्नेछैन । जिल्ला कार्यसमितिले आवश्यक ठानेका अवस्थामा जिल्ला सम्मेलनको बैठक बोलाउन सक्नेछ ।<br>(ख) प्रत्येक वर्ष जिल्ला कार्यसमितिले जिल्ला सम्मेलन बोलाउनु पर्नेछ । जिल्ला सम्मेलनले जिल्ला कार्यसमितिबाट प्रस्तुत वार्षिक कार्यक्रम तथा प्रतिवेदन कार्यक्रम र छलफल गरी पारित गर्नेछ । साथै वार्षिक प्रतिवेदन प्रस्तुत अरू विषयमा छलफल र निर्णय गर्नेछ ।<br><br>**४. जिल्ला कार्यसम्पादन समिति :**<br>(क) जिल्ला सभापतिको अध्यक्षतामा उपसभापति, सचिव, कोषाध्यक्ष, सह-सचिवसहित समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी कार्यसमितिले बढीमा सत्र जनासम्मको जिल्ला कार्यसम्पादन समिति गठन गर्नेछ ।<br>(ख) जिल्ला कार्यसमितिको बैठक नभएको बेला जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले गर्नेछ ।<br>(ग) कार्यसम्पादन समितिले जिल्ला कार्यसमितिको बैठकमा आफ्नो निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।<br>**५. जिल्ला कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार :**<br><br>जिल्ला कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-<br>(क) जिल्ला कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरालमा जिल्ला कार्यसमितिले गर्ने काम यो समितिले गर्नेछ । आफ्नो कामको विवरण त्यसपछि बस्ने जिल्ला कार्यसमितिको बैठकमा पेस गरी अनुमोदन गराउनेछ ।<br>(ख) पार्टीको जिल्ला कार्यसमिति अन्तर्गत रहेका निकायहरू तथा जिल्ला कार्यालय अन्तर्गत रहेका सम्पूर्ण शाखाहरूको क्रियाकलापको समीक्षा गर्नेछ ।<br>(ग) समय-समयमा स्थानीय निकायमा पार्टीका तर्फबाट निर्वाचित पदाधिकारीहरूसँग विचार-विमर्श गरी समन्वय कायम गर्ने गराउनेछ । |

११. **जिल्ला अधिवेशन, जिल्ला सम्मेलन र जिल्ला कार्यसमितिको काम, कर्तव्य, र अधिकार :**

(१) जिल्ला अधिवेशन र जिल्ला सम्मेलनको बैठकले जिल्लाको सङ्गठन र कार्यसमितिको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र केन्द्रमा प्रतिवेदन पठाउने । यसरी प्रतिवेदन पठाउँदा महासमितिका सदस्य एवं महाधिवेशनका प्रतिनिधिहरूले दिएको प्रतिवेदनका प्रमुख बुँदाहरूसमेत उल्लेख हुनु अनिवार्य हुनेछ ।

(२) जिल्ला सम्मेलनले एउटा जिल्ला अधिवेशन भई अर्को जिल्ला अधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा निर्वाचन बाहेक जिल्ला अधिवेशनको सबै कार्य गर्नेछ । जिल्ला सम्मेलन वर्षमा एक पटक हुनेछ तर जिल्ला अधिवेशन हुने वर्षमा जिल्ला सम्मेलन बस्नेछैन । जिल्ला कार्यसमितिले आवश्यक ठानेका अवस्थामा जिल्ला सम्मेलनको बैठक बोलाउन सक्नेछ ।

(३) जिल्ला कार्यसमितिको बैठक साधारणतया एक महिनामा एक पटक र बढीमा आवश्यकता अनुसार बस्नेछ ।

(४) क्षेत्रीय कार्यसमितिहरूका बीच समन्वय कायम गर्ने, आवश्यक सहयोग र निर्देशन दिने ।

(५) जिल्लाका समस्याहरूको समय-समयमा जानकारी लिई भ्रातृसंस्थाहरू, शुभेच्छुक संस्थाहरू, गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, सरकारी र गैर सरकारी कार्यालय एवं संस्थाहरूसँग सम्पर्क राखी प्रशासनिक दृष्टिबाट समेत हेरी पार्टी हितका निमित्त समस्याको समाधानका लागि आवश्यक प्रयत्न गर्ने ।

(६) केन्द्रका निर्णय र निर्देशनहरूको पालन गर्ने गराउने ।

(७) पार्टीको उद्देश्य, नीति, कार्यक्रम, घोषणापत्र र पार्टी साहित्य आदिको व्यापक प्रचार-प्रसार गर्ने गराउने ।

(८) समय-समयमा गोष्ठी, प्रशिक्षण शिविर र भ्रमण आदिको आयोजना गर्ने ।

(९) आफ्नो जिल्लामा महासमिति वा महाधिवेशन हुने भएमा त्यसको व्यवस्थापन गर्ने ।

(१०) राष्ट्रिय र पार्टी महत्वका अवसरमा रक्तदान, वृक्षारोपण सरसफाई आदि विभिन्न रचनात्मक कामको आयोजना गर्ने, गराउने ।

(११) केन्द्रको निर्देशन पालना गर्नु गराउनु जिल्ला कार्यसमितिको कर्तव्य हुनेछ ।

(१२) जिल्ला कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) जिल्ला कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरमा जिल्ला कार्यसमितिले गर्ने काम यो समितिले गर्नेछ । आफ्नो कामको विवरण त्यसपछि बस्ने जिल्ला कार्यसमितिको बैठकमा पेस गरी अनुमोदन गराउनेछ ।

(ख) पार्टीको जिल्ला कार्यसमिति अन्तर्गत रहेका निकायहरू तथा जिल्ला कार्यालय अन्तर्गत रहेका सम्पूर्ण शाखाहरूको क्रियाकलापको समीक्षा गर्नेछ ।

(ग) समय-समयमा स्थानीय निकायमा पार्टीका तर्फबाट निर्वाचित पदाधिकारीहरूसँग विचार-विमर्श गरी समन्वय कायम गर्ने गराउनेछ ।

(१३) जिल्ला कार्यसमितिले जिल्ला अन्तर्गतका निकायहरूद्वारा हुने निर्वाचित पद रिक्त भएमा त्यसको जानकारी केन्द्रीय निर्वाचन समितिमा तुरुन्त गराउनु पर्नेछ र रिक्त पदमा केन्द्रीय निर्वाचन समितिले छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गर्नेछ ।

(१४) जिल्ला कार्यसमितिले आफ्नो जिल्लाभित्र तोकिए बाहेकका पनि आवश्यकता अनुसार विभिन्न समितिहरू गठन गर्न गराउन सक्नेछ ।

(१५) जिल्ला कार्यसमितिले जिल्ला विकास समितिका सभापति, उपसभापति र सदस्यहरू, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका प्रमुख र उपप्रमुखको निर्वाचनमा उम्मेदवारहरू चयन गर्नेछ र निर्वाचनको तयारी, संचालन र व्यवस्थापन सम्बन्धी सबै काम गर्ने/गराउनेछ । नगरमा प्रमुख, उपप्रमुखका उम्मेदवार चयन गर्दा सम्बन्धित नगर तथा क्षेत्रको राय बुझेर गर्नेछ । नगरपालिका विभिन्न निर्वाचन क्षेत्रमा परेकोमा क्षेत्रीय कार्यसमितिलाई समन्वय गरी राय सुझाव लिनु पर्नेछ ।

(१६) जिल्ला सभापतिको काम, कर्तव्य र

| | |
|---|---|
| अधिकार निम्न बमोजिम हुनेछ ।<br>(क) पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति-निर्देशन कार्यान्वयन गर्ने गराउने ।<br>(ख) जिल्ला कार्यसमिति गठन गर्ने, कार्यविभाजन गर्ने र आवश्यकता अनुसार हेरफेर गर्ने ।<br>(ग) तल्लो निकायहरूलाई नीति-निर्देशन दिने र कार्यान्वयन गर्ने गराउने ।<br>(घ) जिल्लास्तरीय विभिन्न विभाग तथा समितिहरूका प्रमुख तथा सदस्यहरूको नाम प्रस्ताव गरी कार्यसमितिबाट निर्णय गराउने ।<br>(ङ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।<br>(१७) प्रत्येक वर्ष जिल्ला कार्यसमितिले जिल्ला सम्मेलन बोलाउनु पर्नेछ । जिल्ला सम्मेलनले जिल्ला कार्यसमितिबाट प्रस्तुत वार्षिक कार्यक्रम तथा प्रतिवेदन कार्यक्रम र छलफल गरी पारित गर्नेछ । साथै वार्षिक प्रतिवेदन प्रस्तुत अरू विषयमा छलफल र निर्णय गर्नेछ ।<br>(१८) जिल्ला अधिवेशन, जिल्ला सम्मेलन र जिल्ला कार्यसमिति तथा जिल्ला कार्यसम्पादन समितिको बैठक जिल्ला सभापतिको अध्यक्षतामा बस्नेछ । सभापतिले आवश्यक परेमा निर्णायक मत दिनसक्नेछ । | |
| १२. **<u>प्रदेश समिति</u> :** नयाँ संविधान घोषणा भएपछि संविधानले व्यवस्था गरेका प्रदेशहरूभित्र प्रत्येक महाधिवेशन प्रतिनिधिहरूको प्रदेश अधिवेशन हुनेछ । प्रदेश अधिवेशनले प्रदेश कार्यसमितिको गठन तोकिए बमोजिम गर्नेछ । प्रदेश अधिवेशन तथा प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | परिच्छेद...??<br>**प्रदेश अधिवेशन /प्रदेश सम्मेलन /प्रदेश कार्यसमिति**<br>**१) प्रदेश अधिवेशन :** प्रदेश अधिवेशनको गठन देहाय बमोजिम हुनेछ ।<br>क) प्रदेशभित्रका प्रदेश सभा क्षेत्रीय अधिवेशनबाट निर्वाचित प्रतिनिधि,<br>ख) जिल्लाका सांसद, प्रतिनिधि सभाको पछिल्लो निर्वाचनमा प्रत्यक्ष र समानुपातिक उम्मेदवार, प्रदेश सभाका सांसद, प्रदेश सभाका सांसदका समानुपातिक र प्रत्यक्षतर्फका उम्मेदवार, सम्बन्धित जिल्लाका पार्टीका केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु जिल्ला अधिवेशनका सदस्य हुनेछन् ।<br>(ग) प्रदेश भित्रका जिल्ला कार्य समितिका सभापति<br>(घ) प्रदेश कार्यसमितिको सभापति प्रदेश अधिवेशनको पनि सभापति हुनेछ ।<br><br>**२) प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार :**<br>१) प्रदेश अधिवेशनले अधिवेशन प्रतिनिधिहरु |

मध्येबाट धारा ......... अनुसारका प्रदेश पदाधिकारी एवं कार्यसमितिको गठन गर्नेछ ।

(२) प्रदेश अधिवेशन र प्रदेश सम्मेलनको बैठकले प्रदेश संगठन र कार्यसमितिको आवधिक मुल्याकंन गरी आवश्यक निर्देशन दिने र केन्द्रमा प्रतिवेदन पठाउने । यसरी प्रतिवेदन पठाउँदा प्रदेश अधिवेशनका प्रतिनिधिहरुले दिएको प्रतिवेदनका प्रमुख वुँदाहरु समेत आवश्यकता अनुसार उल्लेख गर्नेछ ।

**३) प्रदेश सम्मेलन :** प्रदेश कार्यसमितिले प्रत्येक वर्ष प्रदेश सम्मेलन गर्नेछ । तर प्रदेश महाधिवेशन भएको वर्ष प्रदेश सम्मेलन
हुनेछैन ।

**४) प्रदेश सम्मेलनको काम, कर्तव्य र अधिकार :** प्रदेश सम्मेलनले एउटा प्रदेश अधिवेशन भई अर्को प्रदेश अधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा निर्वाचन बाहेक प्रदेश अधिवेशनको सबै काम गर्नेछ । प्रदेश सम्मेलन वर्षमा एक पटक हुनेछ । प्रदेश कार्यसमितिले आवश्यक ठानेको अवस्थामा प्रदेश सम्मेलनको बैठक बोलाउन सक्नेछ ।

**३) प्रदेश कार्यसमिति :** प्रदेश कार्य समितिको गठन देहाय बमोजिम हुनेछ ।

**१) प्रदेश नं. १ कार्यसमिति**

प्रदेश अधिवेशनका सदस्यहरुले आफूमध्येबाट सभापति एक, उपसभापति एक, मन्त्री एक, सहमन्त्री एक, कोषाध्यक्ष एक

**बैकल्पीक प्रस्ताव**

सभापति १, मन्त्री १

**बैकल्पीक प्रस्ताव**

सभापति मात्र निर्वाचित गर्नेछन् ।

१) आदिवासी जनजातीबाट एक महिला सहित दुई जना, दलितबाट एक महिला सहित दुई जना, मधेशीबाट एक महिला सहित दुई जना, मुस्लिमबाट एक महिला सहित दुई जना, थारुबाट एक महिला सहित दुई जना, खसआर्यबाट एक महिला सहित दुई जना र अल्पसंख्यक र पिछडिएको क्षेत्रबाट एक महिला सहित दुई जना तथा खुल्लातर्फ एघार जना सदस्यको निर्वाचन गर्नेछन् ।

२) महिला प्रदेश अधिवेशन प्रतिनिधिहरुले आफूमध्येबाट निर्वाचित आठ महिला सदस्य

३) प्रदेश सभापतिबाट समावेशी र समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी मनोनित ११ जना

४) जिल्ला सभापतिहरु पदेन सदस्य रहनेछन् ।

५) प्रदेश संसदीय दलको नेता पदेन सदस्य रहनेछन ।

६) सो प्रदेशमा रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु पदेन सदस्य रहनेछन ।

**बैकल्पीक प्रस्ताव**

प्रदेश नं १ कार्यसमिति:

(क) समानुपातिक समावेशीको आधारमा र खुला एवं मनोनीत गरि जम्मा ३५ जना

(ख) जिल्ला सभापतिहरु १४ जना गरि जम्मा ४९ को प्रदेश कार्यसमिति हुनेछ ।

(ग) केन्द्रीय कार्यसमितिका सदस्यहरु उक्त प्रदेशका थाइ आमन्त्रीत सदस्य हुनेछन ।

(घ) उक्त कार्यसमितिको कार्य सम्पादन समिति २१ जनाको हुनेछ ।

**२) प्रदेश नं. २ कार्यसमिति**

प्रदेश अधिवेशनका सदस्यहरुले आफूमध्येबाट सभापति एक, उपसभापति एक, मन्त्री एक, सहमन्त्री एक, कोषाध्यक्ष एक

**बैकल्पीक प्रस्ताव**

सभापति १, मन्त्री १

**बैकल्पीक प्रस्ताव**

सभापति मात्र निर्वाचित गर्नेछन् ।

१) आदिवासी जनजातीबाट एक महिला सहित दुई जना, दलितबाट एक महिला सहित दुई जना, मधेशीबाट एक महिला सहित दुई जना, मुस्लिमबाट एक महिला सहित दुई जना, थारुबाट एक महिला सहित दुई जना र खसआर्यबाट एक महिला सहित दुई जना र अल्पसंख्यक र पिछडिएको क्षेत्रबाट एक महिला सहित दुई जना जना तथा खुल्लातर्फ तेह्र जना सदस्यको निर्वाचन गर्नेछन् ।

२) महिला प्रदेश अधिवेशन प्रतिनिधिहरुले आफूमध्येबाट निर्वाचित पाँच महिला सदस्य

३) प्रदेश सभापतिबाट समावेशी र समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी मनोनित नौ जना

४) जिल्ला सभापतिहरु पदेन सदस्य रहनेछन् ।

५) प्रदेश संसदीय दलको नेता पदेन सदस्य रहनेछन ।

६) सो प्रदेशमा रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु पदेन सदस्य रहनेछन ।

**बैकल्पीक प्रस्ताव**

प्रदेश नं २ कार्यसमिति:

(क) समानुपातिक समावेशीको आधारमा र खुला एवं मनोनीत गरि जम्मा ३५ जना

(ख) जिल्ला सभापतिहरु ८ जना गरि जम्मा ४३ को प्रदेश

कार्यसमिति हुनेछ ।
(ग) केन्द्रीय कार्यसमितिका सदस्यहरु उक्त प्रदेशका थाइ आमन्त्रीत सदस्य हुनेछन ।
(घ) उक्त कार्यसमितिको कार्य सम्पादन समिति २१ जनाको हुनेछ ।

**३) प्रदेश नं. ३ कार्यसमिति**

प्रदेश अधिवेशनका सदस्यहरुले आफूमध्येबाट सभापति एक, उपसभापति एक, मन्त्री एक, सहमन्त्री एक, कोषाध्यक्ष एक

**बैकल्पीक प्रस्ताव**

सभापति १, मन्त्री १

**बैकल्पीक प्रस्ताव**

सभापति मात्र निर्वाचित गर्नेछन् ।
१) आदिवासी जनजातीबाट एक महिला सहित दुई जना, दलितबाट एक महिला सहित दुई जना, मधेशीबाट एक महिला सहित दुई जना, मुस्लिमबाट एक महिला सहित दुई जना, थारुबाट एक महिला सहित दुई जना र खसआर्यबाट एक महिला सहित दुई जना र अल्पसंख्यक र पिछडिएको क्षेत्रबाट एक महिला सहित दुई जना जना तथा खुल्लातर्फ तेह्र जना सदस्यको निर्वाचन गर्नेछन् ।
२) महिला प्रदेश अधिवेशनका प्रतिनिधिहरुले आफूमध्येबाट निर्वाचित पाँच महिला सदस्य
३) प्रदेश सभापतिबाट समावेशी र समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी मनोनित तेह्र जना
४) जिल्ला सभापतिहरु पदेन सदस्य रहनेछन् ।
५) प्रदेश संसदीय दलको नेता पदेन सदस्य रहनेछन ।
६) सो प्रदेशमा रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु पदेन सदस्य रहनेछन ।

**बैकल्पीक प्रस्ताव**

प्रदेश नं ३ कार्यसमिति:
(क) समानुपातिक समावेशीको आधारमा र खुला एवं मनोनीत गरि जम्मा ३६ जना
(ख) जिल्ला सभापतिहरु १३ जना गरि जम्मा ४९ को प्रदेश कार्यसमिति हुनेछ ।
(ग) केन्द्रीय कार्यसमितिका सदस्यहरु उक्त प्रदेशका थाइ आमन्त्रीत सदस्य हुनेछन ।
(घ) उक्त कार्यसमितिको कार्य सम्पादन समिति २१ जनाको हुनेछ ।

**४) प्रदेश नं. ४ कार्यसमिति**

प्रदेश अधिवेशनका सदस्यहरुले आफूमध्येबाट सभापति एक, उपसभापति एक, मन्त्री एक, सहमन्त्री एक, कोषाध्यक्ष एक

| | |
|---|---|
| | **बैकल्पीक प्रस्ताव**<br>सभापति १, मन्त्री १<br><br>**बैकल्पीक प्रस्ताव**<br>सभापति मात्र निर्वाचित गर्नेछन् ।<br>१) आदिवासी जनजातीबाट एक महिला सहित दुई जना, दलितबाट एक महिला सहित दुई जना, मधेशीबाट एक महिला सहित दुई जना, मुस्लिमबाट एक महिला सहित दुई जना, थारुबाट एक महिला सहित दुई जना र खसआर्यबाट एक महिला सहित दुई जना र अल्पसंख्यक र पिछडिएको क्षेत्रबाट एक महिला सहित दुई जना जना तथा खुल्लातर्फ तेह्र जना सदस्यको निर्वाचन गर्नेछन् ।<br>२) महिला प्रदेश अधिवेशन प्रतिनिधिहरुले आफूमध्येबाट निर्वाचित पाँच महिला सदस्य<br>३) प्रदेश सभापतिबाट समावेशी र समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी मनोनित एघार जना<br>४) जिल्ला सभापतिहरु पदेन सदस्य रहनेछन् ।<br>५) प्रदेश संसदीय दलको नेता पदेन सदस्य रहनेछन ।<br>६) सो प्रदेशमा रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु पदेन सदस्य रहनेछन ।<br><br>**बैकल्पीक प्रस्ताव**<br>प्रदेश नं ४ कार्यसमिति:<br>(क) समानुपातिक समावेशीको आधारमा र खुला एवं मनोनीत गरि जम्मा ३६ जना<br>(ख) जिल्ला सभापतिहरु ११ जना गरि जम्मा ४७ को प्रदेश कार्यसमिति हुनेछ ।<br>(ग) केन्द्रीय कार्यसमितिका सदस्यहरु उक्त प्रदेशका थाइ आमन्त्रीत सदस्य हुनेछन ।<br>(घ) उक्त कार्यसमितिको कार्य सम्पादन समिति २१ जनाको हुनेछ ।<br><br>**५) प्रदेश नं. ५ कार्यसमिति**<br>प्रदेश अधिवेशनका सदस्यहरुले आफूमध्येबाट सभापति एक, उपसभापति एक, मन्त्री एक, सहमन्त्री एक, कोषाध्यक्ष एक<br><br>**बैकल्पीक प्रस्ताव**<br>सभापति १, मन्त्री १<br><br>**बैकल्पीक प्रस्ताव**<br>सभापति मात्र निर्वाचित गर्नेछन् ।<br>१) आदिवासी जनजातीबाट एक महिला सहित दुई जना, दलितबाट एक महिला सहित दुई जना, मधेशीबाट एक महिला सहित दुई |

जना, थारुबाट एक महिला सहित दुई जना र खसआर्यबाट एक महिला सहित दुई जना र अल्पसंख्यक र पिछडिएको क्षेत्रबाट एक महिला सहित दुई जना जना तथा खुल्लातर्फ तेह्र जना सदस्यको निर्वाचन गर्नेछन् ।

२) महिला प्रदेश अधिवेशन प्रतिनिधिहरुले आफूमध्येबाट निर्वाचित पाँच महिला सदस्य

३) प्रदेश सभापतिबाट समावेशी र समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी मनोनित बाह्र जना

४) जिल्ला सभापतिहरु पदेन सदस्य रहनेछन् ।

५) प्रदेश संसदीय दलको नेता पदेन सदस्य रहनेछन ।

६) सो प्रदेशमा रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु पदेन सदस्य रहनेछन ।

**बैकल्पीक प्रस्ताव**

प्रदेश नं ५ कार्यसमिति:

(क) समानुपातिक समावेशीको आधारमा र खुला एवं मनोनीत गरि जम्मा ३५ जना

(ख) जिल्ला सभापतिहरु १२ जना गरि जम्मा ४७ को प्रदेश कार्यसमिति हुनेछ ।

(ग) केन्द्रीय कार्यसमितिका सदस्यहरु उक्त प्रदेशका थाइ आमन्त्रीत सदस्य हुनेछन ।

(घ) उक्त कार्यसमितिको कार्य सम्पादन समिति २१ जनाको हुनेछ ।

**६) प्रदेश नं. ६ कार्यसमिति**

प्रदेश अधिवेशनका सदस्यहरुले आफूमध्येबाट सभापति एक, उपसभापति एक, मन्त्री एक, सहमन्त्री एक, कोषाध्यक्ष एक

**बैकल्पीक प्रस्ताव**

सभापति १, मन्त्री १

**बैकल्पीक प्रस्ताव**

सभापति मात्र निर्वाचित गर्नेछन् ।

१) आदिवासी जनजातीबाट एक महिला सहित दुई जना, दलितबाट एक महिला सहित दुई जना, मधेशीबाट एक महिला सहित दुई जना, मुस्लिमबाट एक महिला सहित दुई जना, थारुबाट एक महिला सहित दुई जना र खसआर्यबाट एक महिला सहित दुई जना र अल्पसंख्यक र पिछडिएको क्षेत्रबाट एक महिला सहित दुई जना जना तथा खुल्लातर्फ तेह्र जना सदस्यको निर्वाचन गर्नेछन् ।

२) महिला प्रदेश अधिवेशन प्रतिनिधिहरुले आफूमध्येबाट निर्वाचित पाँच महिला सदस्य

३) प्रदेश सभापतिबाट समावेशी र समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी मनोनित १० जना

४) जिल्ला सभापतिहरु पदेन सदस्य रहनेछन् ।
५) प्रदेश संसदीय दलको नेता पदेन सदस्य रहनेछन ।
६) सो प्रदेशमा रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु पदेन सदस्य रहनेछन ।

**<u>बैकल्पीक प्रस्ताव</u>**

प्रदेश नं ६ कार्यसमिति:
(क) समानुपातिक समावेशीको आधारमा र खुला एवं मनोनीत गरि जम्मा ३५ जना
(ख) जिल्ला सभापतिहरु १० जना गरि जम्मा ४५ को प्रदेश कार्यसमिति हुनेछ ।
(ग) केन्द्रीय कार्यसमितिका सदस्यहरु उक्त प्रदेशका थाइ आमन्त्रीत सदस्य हुनेछन ।
(घ) उक्त कार्यसमितिको कार्य सम्पादन समिति २१ जनाको हुनेछ ।

**७) प्रदेश नं. ७ कार्यसमिति**

प्रदेश अधिवेशनका सदस्यहरुले आफूमध्येबाट सभापति एक, उपसभापति एक, मन्त्री एक, सहमन्त्री एक, कोषाध्यक्ष एक

**<u>बैकल्पीक प्रस्ताव</u>**

सभापति १, मन्त्री १

**<u>बैकल्पीक प्रस्ताव</u>**

सभापति मात्र निर्वाचित गर्नेछन् ।
१) आदिवासी जनजातीबाट एक महिला सहित दुई जना, दलितबाट एक महिला सहित दुई जना, मधेशीबाट एक महिला सहित दुई जना, मुस्लिमबाट एक महिला सहित दुई जना, थारुबाट एक महिला सहित दुई जना र खसआर्यबाट एक महिला सहित दुई जना र अल्पसंख्यक र पिछडिएको क्षेत्रबाट एक महिला सहित दुई जना जना तथा खुल्लातर्फ तेह्र जना सदस्यको निर्वाचन गर्नेछन् ।
२) महिला प्रदेश अधिवेशन प्रतिनिधिहरुले आफूमध्येबाट निर्वाचित पाँच महिला सदस्य
३) प्रदेश सभापतिबाट समावेशी र समानुपातिक सिद्धान्तलाई ध्यानमा राखी मनोनित नौ जना
४) जिल्ला सभापतिहरु पदेन सदस्य रहनेछन् ।
५) प्रदेश संसदीय दलको नेता पदेन सदस्य रहनेछन ।
६) सो प्रदेशमा रहेका केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु पदेन सदस्य रहनेछन ।

**<u>बैकल्पीक प्रस्ताव</u>**

प्रदेश नं ७ कार्यसमिति:
(क) समानुपातिक समावेशीको आधारमा र खुला एवं

| | |
|---|---|
| | मनोनीत गरि जम्मा ३६ जना<br>(ख) जिल्ला सभापतिहरु ९ जना गरि जम्मा ४५ को प्रदेश कार्यसमिति हुनेछ ।<br>(ग) केन्द्रीय कार्यसमितिका सदस्यहरु उक्त प्रदेशका थाइ आमन्त्रीत सदस्य हुनेछन ।<br>(घ) उक्त कार्यसमितिको कार्य सम्पादन समिति २१ जनाको हुनेछ ।<br><br>**प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार**<br>(१) प्रदेश कार्यसमितिको बैठक साधारणतया महिनामा एक पटक अनिवार्य र बढीमा आवश्यकता अनुसार बस्नेछ ।<br><br>(२) जिल्ला र क्षेत्रीय कार्यसमितिकाबीच समन्वय कायम गर्ने तथा आवश्यक सहयोग र निर्देशन दिने ।<br>(३) प्रदेशका समस्याहरुको समय समयमा जानकारी लिई भ्रातृ/शुभेच्छुक संस्थाहरु, जिल्ला र क्षेत्रीय समितिहरु, सरकार र गैरसरकारी संस्थाहरुसंग सम्पर्क राख्ने र समस्याहरु भए समाधानको लागि आवश्यक कार्य गर्ने ।<br>(४) केन्द्रका निर्णयहरु र निर्देशनहरुको पालना गर्ने गराउने ।<br>(५) पार्टीको उद्देश्य, नीति, कार्यक्रम, घोषणापत्र र पार्टी साहित्य आदिको व्यापक प्रचार प्रसार गर्ने गराउने ।<br>(६) समय समयमा प्रशिक्षण, गोष्ठी, सिविर र भ्रमण आदिको आयोजना गर्ने गराउने ।<br>(७) महत्वपूर्ण अवसरहरुमा रक्तदान, वृक्षारोपण, सरसफाई आदि रचनात्मक र समाजसेवाका कार्यक्रमहरु गर्ने गराउने ।<br>(८) केन्द्रको निर्देशन पालना गर्नु प्रत्येक प्रदेश समितिको कर्तव्य हुनेछ ।<br>(९) प्रदेश कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।<br>क) प्रदेश कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरमा प्रदेश कार्यसमितिले गर्ने काम यो समितिले गर्नेछ । आफ्नो निर्णयहरु त्यसपछि बस्ने कार्यसमितिको बैठकमा अनुमोदन गराउनेछ ।<br>ख) समय समयमा आफ्नो र मातहत तहमा पार्टीको तर्फबाट निर्वाचित पदाधिकारीहरुसंग बैठक र अन्तरक्रियाहरु गरी समन्वय कायम गर्ने गराउनेछ ।<br>(१०) प्रदेश कार्यसमितिले आफ्नो प्रदेशभित्र तोकिएका बाहेक पनि आवश्यकता अनुसार विभिन्न समितिहरु पनि गठन गर्न गराउन सक्नेछ ।<br>(११) प्रदेश कार्यसमितिका सभापतिको काम, कर्तव्य र |

अधिकार निम्न अनुसारको हुनेछ ।

क) प्रदेश कार्यसमिति, कार्यसम्पादन समिति, प्रदेश अधिवेशन र प्रदेश सम्मेलनहरुको अध्यक्षता गर्ने ।

ख) तोकिए अनुसार प्रदेश कार्यसमिति गठन गर्ने, कार्यविभाजन गर्ने र आवश्यकता अनुसार हेरफेर गर्ने ।

ग) केन्द्रबाट प्राप्त नीति, निर्देशन कार्यान्वयन गर्ने गराउने ।

घ) मातहतका निकायहरुलाई नीति, निर्देशन दिने तथा कार्यान्वयन गराउने ।

ङ) अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

*(८) प्रदेश संसदीय बोर्ड : (१) प्रदेश कार्य समितिको सभापतिको सभापतित्वमा एक संसदीय बोर्ड रहनेछ । बोर्डमा कार्य समितिका पदाधिकारीका अतिरिक्त कार्य समितिले सात जना सदस्यको चयन गर्नेछ ।*

*(२) प्रदेश संसदीय बोर्डले मातहतका निकायको सिफारिस र अनुमोदनमा पार्टीका तर्फवाट महा नगरपालिका, उप महानगरपालिकाका प्रमुख र उप प्रमुख, जिल्ला समन्वय समितिको प्रमुख, उप प्रमुख र सदस्यको उम्मेदवारको निर्णय गर्नेछ ।*

*(३) संघीय संसदका सदस्य र प्रदेश सभा सदस्यका उम्मेदवारको हकमा मातहतका निकायवाट प्राप्त सिफारिसको आधार समेत हेरि पद संख्याको दोब्बर संख्यामा उम्मेदवार केन्द्रलाई सिफारिस गर्नेछ ।*

*(४) प्रदेश संसदीय बोर्डको अन्य काम, कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।*

(८) प्रदेश विभागहरू : *प्रदेश कार्यसमितिले प्रदेश तहमा प्रदेश कार्य* समितिको सदस्यको प्रमुखत्वमा संगठन विभाग, *संविधान कानून तथा संसदीय मामिला विभाग, संघीय तथा स्थानीय निकाय विभाग, सूचना संचार तथा प्रचार प्रसार विभाग, भातृ संस्था समन्वय विभाग, शसभेच्छुक संस्था* ***समन्वय विभाग, भातृ तथा शुभेच्छुक संस्था (जातिय) विभाग, पेशागत तथा वुद्धिजीवी विभाग, भाषा साहित्य कला तथा संस्कृति विभाग, शिक्षा विज्ञान तथा प्रविधि विभाग, स्वास्थ्य ताथ पोषण विभाग, गैरसरकारी संस्था एवं सामाजिक सेवा विभाग, अभिलेख अनुगमन तथा मूल्याङ्कन विभाग, उद्योग व्यापार तथा वाणिज्य विभाग, भौतिक पूर्वाधार निर्माण तथा यातायात विभाग, कृषि तथा भूमिसुधार विभाग, यूवा तथा खेलकूद विभाग, जल उर्जा तथा प्राकृतिक स्रोत विभाग, शान्ति सुरक्षा तथा प्रशासन सेवा विभाग, टेड यूनियन तथा श्रमिक विभाग, वैदेशिक रोजगार तथा आप्रवासन समन्वय विभाग, द्वन्द व्यवस्थापन***

| | |
|---|---|
| | ***विभाग, अन्य पार्टी सम्पर्क विभाग आदि विभिन्न विभागहरू एवं अन्य निकायहरू तोकिए बमोजिम गठन हुनेछन् । केन्द्रीय विभाग एवं निकायहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । विभागका सदस्य हुन पार्टीको क्रियाशील सदस्यता प्राप्त गरेको हुनुपर्नेछ । समग्रमा विभागहरू बनाउँदा समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ ।*** |
| **१३. <u>उपत्यका समन्वय समिति</u> :**<br>काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला कार्यसमितिका सभापतिहरू र क्षेत्रीय कार्यसमितिका सभापतिहरू सदस्य रहने गरी केन्द्रीय कार्यसमितिले तोकेको केन्द्रीय सदस्यको संयोजकत्वमा उपत्यका समन्वय समिति गठन हुनेछ । पार्टी विधान तथा केन्द्रको निर्देशन बमोजिम उपत्यका भित्र पार्टी निकायहरूलाई समन्वय गरी पार्टी परिचालन गर्नु समितिको कर्तव्य हुनेछ । | **धारा १३. को <u>उपत्यका समन्वय समितिको व्यवस्था हटाउने ।</u>** |
| | धारा १३ मा निम्नलिखित व्यवस्था गर्ने ।<br>१३. जिल्ला सम्पर्क समिति : (१) अन्य जिल्लामा मतदाता नामावली रहेका काठमाण्डौ वा प्रदेश राजधानी वा अन्य कुनै जिल्लामा स्थायी वा अस्थायी बसोवास गरि बसेका नेपाली काग्रेसका साधारण, क्रियाशिल सदस्य वा नेपाली काग्रेसका प्रति प्रतिबद्ध व्यक्तिले सर्म्पक समिति गठन गर्न सक्नेछन ।<br>(२) सर्म्पक समिति सम्बन्धित जिल्लाको नेपाली काग्रेस जिल्ला कार्य समितिको सल्लाह समन्वय र निर्देशन रहि स्थापना गरिने छ ।<br>(३) सर्म्पक समिति सम्बन्धित जिल्ला कार्य समितिको मातहतमा रहनेछ ।<br>(४) निर्वाचन र पार्टीका अन्य अभियान कार्यक्रममा जिल्ला समितिसंगको समन्वयमा रहि सम्पर्क समितिले काम गर्नेछ ।<br>(५) सम्पर्क समिति सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । |
| **१४. <u>विदेश क्षेत्रका नेपाली जनसम्पर्क समितिको गठन र प्रतिनिधित्व</u> :**<br>(१) नेपाली कांग्रेसको उद्देश्य र आदर्शप्रति प्रतिवद्ध र समर्पित रहने विदेशस्थित नेपाली नागरिकहरूले पार्टीको केन्द्रीय कार्यसमितिको स्वीकृति लिई विदेशस्थित नेपाली जनसम्पर्क समिति गठन गर्न सक्नेछन् ।<br>(२) पार्टीले तोकेको शर्त पूरा गर्ने यस्ता संस्थालाई नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले मान्यता प्रदान गर्न सक्नेछ । | धारा - १४ को उपधारा (३) दोस्रो पंक्तिमा " **पर्यवेक्षकको उपस्थितिमा** " उल्लेख भएकोमा " **प्रतिनिधिको उपस्थितिमा** " भन्ने राख्ने ।<br><br>धारा - १४ को उपधारा (३) चौथो पक्तिमा "………………… नियमित अधिवेशन हुनु पर्नेछ" भन्ने वाक्यांशको पछाडि "समयभित्र अधिवेशन हुन नसकेमा कार्यसमिति स्वतः भंग भएको मानिने छ ।" भन्ने उल्लेख गर्ने । |

| | |
|---|---|
| (३) नेपाली जनसम्पर्क समितिको विधान नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिबाट स्वीकृत हुनु पर्नेछ । नेपाली कांग्रेस केन्द्रीय **पर्यवेक्षकको उपस्थितिमा** जनसम्पर्क समितिको नियमित अधिवेशन हुनुपर्नेछ । सो अधिवेशनद्वारा पार्टीको महाधिवेशन, महासमितिका लागि पार्टी केन्द्रीय कार्यसमितिले तोकेको संख्यामा अध्यक्षसहित महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यको चयन गर्ने व्यवस्था जनसम्पर्क समितिको विधानमा हुनुपर्नेछ ।<br>(४) पार्टीको महाधिवेशन हुनुभन्दा दुई महिना अगावै पार्टीको केन्द्रीय कार्यसमितिले महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य पठाउन सक्ने विदेशस्थित नेपाली जनसम्पर्क समितिहरूको नाम संख्याका बारेमा निर्णय गरी जानकारी दिनेछ । यसरी महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य पठाउन सक्ने नेपाली जनसम्पर्क समितिले देहायबमोजिम गर्नु पर्नेछ ।<br>(१) नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले मान्यता प्रदान गरेका विदेशस्थित नेपाली जनसम्पर्क समितिले पार्टी केन्द्रीय कार्यसमितिले तोकेको संख्यामा महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य पठाउन सक्नेछन् । तर त्यसरी प्रतिनिधि तथा सदस्य तोक्दा कम्तिमा पाँच सय क्रियाशील सदस्य भएका जनसम्पर्क समिति र दुई हजार भन्दा बढी क्रियाशील सदस्य भएका जनसम्पर्क समितिबाट फरक फरक संख्यामा महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य तोक्न सक्नेछ ।<br>(२) उपधारा ४ (१) बमोजिम पार्टी केन्द्रीय कार्यसमितिले विदेशस्थित जनसम्पर्क समितिबाट महाधिवेशन प्रतिनिधि संख्या तोक्दा एउटा देशबाट बढीमा चौध जनाभन्दा बढी जनसम्पर्क समितिबाट प्रतिनिधि गराउने गरी तोक्न सक्नेछैन ।<br>(३) विदेश स्थित नेपाली जनसम्पर्क समितिले सात जना महाधिवेशन प्रतिनिधि छनोट गर्न पाउने अवस्थामा अध्यक्ष सहित महाधिवेशन प्रतिनिधिहरूमध्येबाट तीन जनालाई महासमितिको सदस्यमा छनोट गर्न सक्नेछ । चौध जना महाधिवेशन प्रतिनिधि छनौट गर्न पाउने अवस्थामा महाधिवेशन | <u>**बैकल्पीक प्रस्ताव**</u><br>**महाधिवेशन/महासमिति सदस्यको रुपमा प्रतिनिधित्व गराउने वा नगराउने ?**<br>**पर्यवेक्षक मात्र गराउने**<br><br>**देशभीत्रको निर्वाचन क्षेत्रको संख्या थपघट भएकोले नेपाली जनसम्पर्क समितिको प्रतिनिधित्वमा थपघट गर्ने कि नगर्ने ?**<br><br>**प्रत्येक वर्ष जनसम्पर्क समितिको संस्थागत नवीकरण गर्ने कि नगर्ने ?** |

| | |
|---|---|
| प्रतिनिधिहरूमध्येबाट अध्यक्ष सहित छ जनालाई महासमिति सदस्यमा छनोट गर्न सक्नेछ । | |
| **परिच्छेद–४**<br>**<u>महाधिवेशन र महासमिति</u>**<br><br>**१५. <u>महाधिवेशनको गठन</u> :** (१) महाधिवेशन पार्टीको सर्वोच्च अधिकार सम्पन्न निकाय हुनेछ ।<br>(२) महाधिवेशनको गठन देहायअनुसार हुनेछ ।<br>(क) एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला अधिवेशनद्वारा निर्वाचित जिल्ला सभापति सहित <u>(बाह्र/बाह्र)</u> ***बीस*** जना प्रतिनिधिहरू । दुई वा सो भन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनद्वारा निर्वाचित क्षेत्रीय सभापति सहित <u>(बाह्र/बाह्र)</u> ***२०*** जना प्रतिनिधिहरू ।<br>(ख) निवर्तमान केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष, सह-महामन्त्री र केन्द्रीय सदस्यहरू एक अवधिका लागि महाधिवेशन प्रतिनिधि ।<br>(ग) पार्टीको भ्रातृ तथा शुभेच्छुक संस्थाहरूले आफ्नो केन्द्रीय अधिवेशनबाट अध्यक्षसहित देहायबमोजिमको महाधिवेशन प्रतिनिधिको चयन गरी पठाउनु पर्नेछ । प्रतिनिधित्व गर्ने अध्यक्ष र अन्य प्रतिनिधिले नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गरिसकेको हुनुपर्नेछ र यी संस्थाको विधान पार्टीको विधानसँग बाँझिएको हुनु हुनेछैन ।<br>(१) नेपाल महिला संघ, नेपाल तरूण दल, नेपाल विद्यार्थी संघ, नेपाल प्रजातन्त्र सेनानी संघ, नेपाल किसान संघ, नेपाल दलित संघ, नेपाल भूतपूर्व सैनिक संघ प्रत्येकबाट अध्यक्ष सहित पाँच/पाँच जना प्रतिनिधि ।<br>(२) राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ, नेपाल सांस्कृतिक संघ र लोकतान्त्रिक गैर सरकारी संस्था महासंघ नेपाल प्रत्येकबाट केन्द्रीय अध्यक्ष सहित तीन/तीन जना प्रतिनिधि ।<br>(३) प्रजातन्त्रवादी प्राध्यापक संघ, नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएसन, नेपाल प्रजातन्त्रवादी इन्जिनियर्स एसोसिएसन, प्रजातन्त्रवादी चिकित्सक संघ, नेपाल प्रेस | **बाह्र/बाह्रको ठाउँमा बीस गरिएको**<br><br>**भ्रातृ र शुभेच्छूक संस्थाबाट महाधिवेशन प्रतिनिधि ल्याउने वा नल्याउने, ल्याउने भए के कति संख्यामा ल्याउने ।**<br><br>**ङ) बमोजिम आउने महाधिवेशन प्रतिनिधिलाई मताधिकार दिने कि नदिने ?** |

| | |
|---|---|
| युनियन प्रत्येकबाट अध्यक्ष सहित पाँच/पाँच जना प्रतिनिधि ।<br>(४) नेपाल शिक्षक संघबाट केन्द्रीय अध्यक्ष सहित सात जना प्रतिनिधि ।<br>(५) नेपाल आदिवासी जनजाति संघ र नेपाल ट्रेड युनियन कांग्रेस (नेपाल शिक्षक संघ र नेपाल प्रेस युनियन बाहेक) प्रत्येकबाट केन्द्रीय अध्यक्ष सहित एघार/एघार जना प्रतिनिधि ।<br>(घ) विदेशस्थित नेपाली जनसम्पर्क समितिले यस विधान बमोजिम छनौट गरी पठाएका प्रतिनिधिहरू ।<br>(ङ) धारा ४९ को १३ को खण्ड (क) बमोजिमका महाधिवेशन प्रतिनिधि ।<br>(३) केन्द्रीय सभापति र महामन्त्री महाधिवेशनको सभापति र महामन्त्री रहनेछन् । | |
| १६. <u>**महाधिवेशनको काम, कर्तव्य र अधिकार**</u> : (१) महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(क) महाधिवेशनले कम्तीमा पन्ध्र वर्ष निरन्तर क्रियाशील सदस्य रहेको महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिको निर्वाचन गर्नेछ । यसरी निर्वाचित हुँदा खसेको मतको पचास प्रतिशत भन्दा बढी मत ल्याउनु अनिवार्य हुनेछ । पहिलो पटक कुनै पनि उम्मेदवारले पचास प्रतिशत भन्दा बढी मत नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुई जनाका बीच पुन: मतदान गरिनेछ । पुन: मतदान हुँदा साधारण बहुमत प्राप्त उम्मेदवार विजयी हुनेछ । तर पहिलो पटक नै दुई जना उम्मेदवार भएमा बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ ।<br>(ख) महाधिवेशनले कम्तीमा दश वर्ष निरन्तर क्रियाशील सदस्य रहेको महाधिवेशन प्रतिनिधिहरूमध्येबाट यस विधानमा तोकिएबमोजिम केन्द्रीय कार्यसमितिको पदाधिकारी र सदस्य निर्वाचन गर्नेछ ।<br>(ग) महासमिति र केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत गरिएको विषयमा विचार गरी निर्णय गर्ने ।<br>(घ) अल्पकालिन वा दीर्घकालीन महत्वका राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयहरूमा पार्टीको नीति निर्धारण गर्ने ।<br>(ङ) पार्टी संगठन सम्बन्धी विषयमा | १६. <u>**महाधिवेशनको काम, कर्तव्य र अधिकार**</u> : (१) महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(क) महाधिवेशनले कम्तीमा पन्ध्र वर्ष निरन्तर क्रियाशील सदस्य रहेको महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिको निर्वाचन गर्नेछ ।<br>(ख) ***सभापतिमा निर्वाचित हुनका लागि*** खसेको मतको पचास प्रतिशत भन्दा बढी मत ल्याउनु अनिवार्य हुनेछ ।<br>ग) पहिलो पटक कुनै पनि उम्मेदवारले पचास प्रतिशत भन्दा बढी मत नल्याएमा सबैभन्दा बढी मत ल्याउने दुई जनाका बीच पुन: मतदान गरिनेछ ।<br>घ) पुन: मतदान हुँदा साधारण बहुमत प्राप्त उम्मेदवार विजयी हुनेछ ।<br>ङ) तर पहिलो पटक नै दुई जना उम्मेदवार भएमा बढी मत ल्याउने उम्मेदवार विजयी हुनेछ ।<br>(च) महाधिवेशनले कम्तीमा दश वर्ष निरन्तर क्रियाशील सदस्य रहेको महाधिवेशन प्रतिनिधिहरूमध्येबाट यस विधानमा तोकिएबमोजिम केन्द्रीय कार्यसमितिको पदाधिकारी र सदस्य निर्वाचन गर्नेछ ।<br>(छ) महासमिति र केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत गरिएको विषयमा ***छलफल*** गरी निर्णय गर्ने ।<br>(ज) अल्पकालिन वा दीर्घकालीन महत्वका विषयहरूमा पार्टीको नीति निर्धारण गर्ने ।<br>(झ) पार्टी संगठन सम्बन्धी विषयमा नीतिगत निर्णय लिने ।<br>(२) महाधिवेशनले आफ्नो अधिकार महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय सभापतिलाई प्रत्यायोजन गर्न सक्नेछ । |

| | |
|---|---|
| नीतिगत निर्णय लिने ।<br>(२) महाधिवेशनले आफ्नो अधिकार महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय सभापतिलाई प्रत्यायोजन गर्न सक्नेछ । | |
| **१७. <u>महाधिवेशनको कार्यविधि</u> :** (१) पार्टीको महाधिवेशन केन्द्रीय कार्यसमितिले तोकेको मिति र स्थानमा सामान्यतया प्रत्येक चार वर्षमा हुनेछ ।<br>(२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा महाधिवेशनका चालीस प्रतिशत सदस्यहरूले महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष महाधिवेशन बोलाउनुपर्नेछ ।<br>(३) महाधिवेशनको पन्ध्र दिनअगाडि महाधिवेशनका प्रतिनिधिहरूले आ-आफ्नो जिल्लामार्फत महाधिवेशनमा प्रस्तुत गरिने प्रस्ताव केन्द्रमा बुझाउनु पर्नेछ । | **१७. <u>महाधिवेशनको कार्यविधि</u> :** (१) पार्टीको महाधिवेशन केन्द्रीय कार्यसमितिले तोकेको मिति र स्थानमा प्रत्येक चार वर्षमा हुनेछ ।<br>(२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा महाधिवेशनका चालीस प्रतिशत सदस्यहरूले महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष महाधिवेशन बोलाउनुपर्नेछ ।<br>(३) महाधिवेशनको ***एक महिना*** अगाडी महाधिवेशनका प्रतिनिधिहरूले आ-आफ्नो जिल्लामार्फत महाधिवेशनमा प्रस्तुत गरिने प्रस्ताव केन्द्रमा बुझाउनु पर्नेछ ।<br>(४) महाधिवेशनको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई प्रतिशत सदस्यले केन्द्रीय कार्य समितिको कुनैपनि निर्णय पुनरावलोकन गर्न महाधिवेशनमा प्रस्ताव प्रस्तुत गर्न सक्नेछ । त्यसरी प्रस्तुत हुने प्रस्तावमा छलफल गरि निर्णय गरिने छ । |
| **१८. <u>महासमितिको गठनः</u>** (१) महासमितिको गठन देहाय बमोजिम हुनेछ ।<br>(क) केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष, सह-महामन्त्री र केन्द्रीय सदस्यहरू ।<br>(ख) एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला अधिवेशनले महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका कम्तिमा एक महिला सहित पाँच/पाँच जना सदस्यहरू । दुई वा सो भन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनले महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचित गरेका कम्तिमा एक महिला सहित पाँच/पाँच जना सदस्यहरू ।<br>(ग) निवर्तमान केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष, सह-महामन्त्री र केन्द्रीय सदस्यहरू एक अवधिका लागि सदस्य ।<br>(घ) धारा ४९ को उपधारा १३ को खण्ड (ख) बमोजिम मनोनित सदस्यहरू ।<br>(ङ) महाधिवेशनमा प्रतिनिधित्व गरेका भातृ एवं शुभेच्छुक संस्था प्रत्येकबाट | **१८. <u>महासमितिको गठनः</u>** (१) महासमितिको गठन देहाय बमोजिम हुनेछ ।<br>(क) केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष, सह-महामन्त्री र केन्द्रीय सदस्यहरू ।<br>(ख) एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला अधिवेशनले महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका कम्तिमा ***तीन*** महिला सहित ***आठ*** जना सदस्यहरू । दुई वा सो भन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनले महाधिवेशन प्रतिनिधिमध्येबाट निर्वाचित गरेका कम्तिमा ***तीन*** महिला सहित ***आठ/आठ*** जना सदस्यहरू ।<br>(ग) निवर्तमान केन्द्रीय सभापति, उपसभापति, महामन्त्री, कोषाध्यक्ष, सह-महामन्त्री र केन्द्रीय सदस्यहरू एक अवधिका लागि सदस्य ।<br>**<u>बैकल्पीक प्रस्ताव</u>**<br>**यो व्यवस्थालाई यथावत कायम राख्ने वा संशोधन गर्ने**<br>(घ) धारा ४९ को उपधारा १३ को खण्ड (ख) बमोजिम मनोनित सदस्यहरू ।<br>**<u>बैकल्पीक प्रस्ताव</u>** |

| | |
|---|---|
| सम्बन्धित संस्थाको केन्द्रीय अधिवेशनले महाधिवेशन प्रतिनिधिहरू मध्येबाट निर्वाचित गरेका केन्द्रीय अध्यक्ष सहित तीन/तीन जना सदस्यहरू ।<br>(च) विदेश स्थित नेपाली जनसम्पर्क समितिले यस विधान बमोजिम निर्वाचन गरी पठाएका अध्यक्ष सहित तीन/तीन जना सदस्यहरू ।<br><br>(२) केन्द्रीय सभापति र महामन्त्री महासमितिको सभापति र महामन्त्री रहनेछन् । | ***यो व्यवस्था बमोजिमका सदस्यहरु रहने वा नरहने र रहेमा मताधिकार दिने वा नदिने ।***<br>(ङ) महाधिवेशनमा प्रतिनिधित्व गरेका भातृ एवं शुभेच्छुक संस्था प्रत्येकबाट सम्बन्धित संस्थाको केन्द्रीय अधिवेशनले महाधिवेशन प्रतिनिधिहरू मध्येबाट निर्वाचित गरेका केन्द्रीय अध्यक्ष सहित तीन/तीन जना सदस्यहरू ।<br><br>**बैकल्पीक प्रस्ताव**<br><br>***यो व्यवस्था बमोजिमका सदस्यहरु रहने वा नरहने र रहेमा मताधिकार दिने वा नदिने ।***<br>(च) विदेश स्थित नेपाली जनसम्पर्क समितिले यस विधान बमोजिम निर्वाचन गरी पठाएका अध्यक्ष सहित तीन/तीन जना सदस्यहरू ।<br><br>**बैकल्पीक प्रस्ताव**<br><br>***यो व्यवस्था बमोजिमका सदस्यहरु रहने वा नरहने र रहेमा मताधिकार दिने वा नदिने ।***<br><br>(२) केन्द्रीय सभापति र महामन्त्री महासमितिको सभापति र महामन्त्री रहनेछन् । |
| १९. **महासमितिको काम, कर्तव्य र अधिकार :** महासमितिले एउटा महाधिवेशन समाप्त भई अर्को महाधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचन बाहेक महाधिवेशनको सबै कार्य गर्नेछ । | १९. **महासमितिको काम, कर्तव्य र अधिकार :** महासमितिले एउटा महाधिवेशन समाप्त भई अर्को महाधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यको निर्वाचन बाहेक महाधिवेशनको सबै कार्य गर्नेछ । |
| २०. **महासमितिको कार्यविधि :** (१) महासमितिको साधारण बैठक प्रत्येक एक वर्षमा एक पटक हुनेछ । तर महाधिवेशन हुने वर्षमा भने महासमितिको बैठक हुनेछैन ।<br>(२)केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा महासमितिका चालीस प्रतिशत सदस्यहरूले | २०. **महासमितिको कार्यविधि :** (१) महासमितिको साधारण बैठक प्रत्येक एक वर्षमा एक पटक हुनेछ । तर महाधिवेशन हुने वर्षमा भने महासमितिको बैठक हुनेछैन ।<br>(२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा महासमितिका चालीस प्रतिशत सदस्यहरूले कारण खोली बैठक बोलाउन केन्द्र समक्ष लिखित अनुरोध गरेमा अनुरोध |

कारण खोली बैठक बोलाउन केन्द्र समक्ष लिखित अनुरोध गरेमा अनुरोध प्राप्त भएको तीन महिनाभित्र महासमितिको विशेष बैठक आवश्यक बोलाउनुपर्नेछ ।

प्राप्त भएको तीन महिनाभित्र महासमितिको विशेष बैठक बोलाउनुपर्नेछ ।

(३) महा समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई प्रतिशत सदस्यले केन्द्रीय कार्य समितिको कुनैपनि निर्णय पुनरावलोकन गर्न महा समितिमा प्रस्ताव प्रस्तुत गर्न सक्नेछ । त्यसरी प्रस्तुत हुने प्रस्तावमा छलफल गरि निर्णय गरिने छ ।

**परिच्छेद–५**

**केन्द्रीय कार्यसमिति र अन्य समितिहरू**

**२१. केन्द्रीय कार्यसमितिको गठन :**

केन्द्रीय कार्यसमितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) केन्द्रीय कार्यसमितिमा पदेन सदस्य बाहेक केन्द्रीय सभापति समेत बढीमा (पचासी) १०१/१२१/१३१ जना सदस्य रहनेछन् ।

(ख) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा पन्ध्र वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका केन्द्रीय कार्यसमितिका सभापति ।

(ग) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका केन्द्रीय कार्यसमितिका एक महामन्त्री र एक कोषाध्यक्ष ।

(घ) केन्द्रीय सभापतिले निर्वाचित सदस्यहरूमध्येबाट कार्यसमितिका लागि नाम प्रस्ताव गरी निर्वाचित केन्द्रीय कार्यसमितिले चयन गरेका एक उपसभापति, एक महामन्त्री र एक सहमहामन्त्री ।

(ङ) महाधिवेशनका प्रतिनिधिहरूले कम्तीमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका पच्चीस जना सदस्य ।

(च) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका प्रत्येक प्रदेशका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट दुई/दुई जना रहने गरी निर्वाचित गरेका चौध जना सदस्य ।

(छ) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका महिला महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका ६ (छ)

**विकल्प : ८५ सदस्यीयको ठाउँमा १०३/१२३/१३३ राखिएको ।**

**बैकल्पीक प्रस्ताव**

प्रस्तावित केन्द्रीय कार्यसमिति

| | | | |
|---|---|---|---|
| सभापति | निर्वाचित | १ | |
| उपसभापति | मनोनित | ३ | १.केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| महामन्त्री | मनोनित | २ | कार्यविभाजन सभापतिले गर्ने । |
| सहमहामन्त्री | मनोनित | ३ | |
| कोषाध्यक्ष | मनोनित | १ | |
| | जम्मा | १० | |

**उपरोक्त व्यक्तिहरु केन्द्रीय पदाधिकारी ठहरिनेछ । केन्द्रीय सभापतिको मात्र निर्वाचन गरी अरु पदाधिकारीहरुको मनोनयन निर्वाचित सदस्यहरुमध्येबाट सभापतिले मनोनित गर्न सक्नु हुनेछ । सो को जानकारी केन्द्रीय समितिमा गराइनेछ ।**

**बैकल्पीक प्रस्ताव**

| | | | |
|---|---|---|---|
| सभापति | निर्वाचित | १ | |
| उपसभापति | २ निर्वाचित<br>१ मनोनित | ३ | १.केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान |
| महामन्त्री | १ निर्वाचित<br>१ मनोनित | २ | कार्यविभाजन सभापतिले गर्ने । |
| सह महामन्त्री | २ निर्वाचित<br>१ मनोनित | ३ | |
| कोषाध्यक्ष | निर्वाचित | १ | |
| | जम्मा | १० | |

नेपाली कांग्रेस

केन्द्रीय कार्यसमिति

| | |
|---|---|
| केन्द्रीय पदाधिकारीहरु | १० जना |
| केन्द्रीय सदस्यहरु | १२३ जना |

जना र महिला महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिबाट मनोनित एक जना समेत गरी सात जना सदस्य ।

(ज) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका दलित महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका कम्तिमा दुई जना महिला सहित पाँच जना सदस्य र दलित महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिबाट मनोनित एक समेत गरी छ सदस्य ।

(झ) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका आदिवासी/जनजाति महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका कम्तिमा दुई महिला सहित पाँच जना र आदिवासी/जनजाति महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिबाट मनोनित एक समेत गरी छ जना सदस्य ।

(ञ) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका मधेशी महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित कम्तिमा दुई महिला सहित पाँच जना र मधेशी महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिबाट मनोनित एकसमेत गरी छ जना सदस्य ।

(ट) महाधिवेशनका प्रतिनिधिहरूले कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका मुस्लिम महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका एक र मुस्लिम महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिबाट मनोनित एक समेत गरी दुई जना सदस्य ।

(ठ) कम्तिमा दश वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय सभापतिले मनोनित गरेका बढीमा सोह्र जना सदस्य ।

(द) संसदीय दलको नेता पदेन सदस्य हुनेछ ।

| | |
|---|---|
| **कूल** | **१३३ जना** |

**<u>बैकल्पीक प्रस्ताव</u>**

**केन्द्रीय कार्यसमितिका पदाधिकारी, केन्द्रीय सदस्यहरु सबै निर्वाचित**

**नोट : केन्द्रीय कार्यसमितिको उपरोक्त संख्या वा अन्य थप बैकल्पीक सुझावहरु प्राप्त भएपछि नेपालको संविधानले गरेको समावेशीताको व्यवस्थालाई मध्यनजर गरी केन्द्रीय कार्यसमितिको कायम हुने कुल संख्याको अनुपातमा समावेशी सदस्य संख्या कायम गरिने छ ।**

**केन्द्रीय कार्य समितिको संख्या १०३ वा १२३ गर्दा समावेशिता मिलाउने ।**

**<u>केन्द्रीय कार्यसम्पादन समितिको गठन</u> :** केन्द्रीय सभापतिको अध्यक्षतामा देहायबमोजिमका सदस्यहरू रहने गरी केन्द्रीय कार्यसम्पादन समिति गठन गरिनेछ ।

(१) केन्द्रीय कार्यसमितिको उपसभापति, महामन्त्री, कोषाध्यक्ष र सह-महामन्त्री केन्द्रीय कार्यसम्पादन समितिको पदेन सदस्य हुनेछन् ।

(२) संसदीय दलको नेता केन्द्रीय कार्यसम्पादन समितिको सदस्य हुनेछ ।

(३) केन्द्रीय कार्यसमितिले आफूमध्येबाट केन्द्रीय कार्यसम्पादन समितिका लागि बढीमा बाइस जना सदस्य चयन गर्नेछ ।

**<u>बैकल्पीक प्रस्ताव</u>**

**पदाधिकारी वाहेक केन्द्रीय कार्यसमितिको कुल सदस्य संख्याको तीस प्रतिशत सदस्य रहनेछन् ।**

(४) प्रवक्ता तोकिएका पदाधिकारी वा सदस्य ।

**<u>केन्द्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार</u> :**

(१) केन्द्रीय कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरमा केन्द्रीय कार्यसमितिले गनुपर्ने काम यो समितिले गर्नेछ ।

(२) आफ्नो कामको विवरण यथाशीघ्र केन्द्रीय कार्यसमितिको बैठकमा पेस गरी अनुमोदन गराउनेछ ।

(३) पार्टीको केन्द्रीय कार्यालय अन्तर्गत रहेका सम्पूर्ण विभागहरूको समीक्षा गर्नेछ ।

(४) समय-समयमा संसदीय दलको कार्यसमिति, संसदीय दलका विषय समितिका संयोजकहरूसँग संयुक्त रूपमा विचार-विमर्शको आयोजना गर्नेछ ।

संसदीय बोर्ड – पदाधिकारी सहित २१ जनाको रहनेछ । ( समावेसीको आधारमा बनाउनु पर्ने)

| | |
|---|---|
| | संसदीय दलको नेता पदेन सदस्य रहनेछन् ।<br>केन्द्रीय कार्यसम्पादन समिति समावेसीको आधारमा पदाधिकारी सहित ४१ जनाको हुनेछ ।<br>**स्थानीय तहमा उम्मेदवार भई पार्टीका सदस्यहरुको पार्टीसँगको अन्तरसम्वन्ध**<br>(क) पार्टी सभापतिले सम्वन्धित विभाग मार्फत स्थानीय निर्वाचित निकायको राजनीतिक, सामाजिक तथा आर्थिक गतिविधिको मूल्याकंन गर्नु पर्नेछ ।<br>(ख) विकास कृयाकलापमा पार्टीको मुख पत्र अनुसार स्थानीय तहका निर्वाचित सदस्यहरुले काम गरेका छन वा छैनन भन्ने मूल्याकंन, समिक्षा गरि अनुगमन गराई सम्वन्धित विभाग मार्फत नै आवश्यक सूचना राख्नु पर्नेछ ।<br>(ग) सम्वन्धित निर्वाचित निकायलाई कुनै किसिमको सल्लाह, सुझाव वा निर्देशन केन्द्रीय सभापतिले स्थानीय तहका पार्टीका निर्वाचित सदस्यहरुलाई दिन सक्नेछन ।<br>**प्रदेश र केन्द्रको सम्वन्धमा**<br>(क) केन्द्रसँग र प्रदेश समितिको सम्वन्वय केन्द्रले प्रदेशसँग र प्रदेश संसदीय दलका नेतासँग आवश्यक सम्पर्क राखि प्रदेशका गतिविधि एवं प्रदेश संसदीय दलको गतिविधि समेतलाई सल्लाह, सुझाव र निर्देशन दिन सक्नेछ<br>(ख) केन्द्रीय नेताले प्रदेश समितिमा प्रदेश सभापतिसँग प्रदेशको सम्पूर्ण संगठन सम्वन्धि गतिविधिको जानकारी प्रत्येक हप्ता लिनु आवश्यक रहने छ । आफुले संगठन वा प्रदेश संसदका गतिविधिका बारे सल्लाह वा सुझाव या निर्देशन दिनु छ भने तत्काल निर्णयगरि निर्देशन दिनु पर्नेछ<br>(ग) सहमहामन्त्री मार्फत तत्काल प्रभावकारी निर्णयहरु प्रदेश समितिलाई समय समयमा केन्द्रीय सभापतिले आवश्यकता अनुसार निर्देशन प्रवाहगरि रहनु पर्नेछ । |
| २२. **<u>केन्द्रीय कार्यसमितिको काम, कर्तब्य र अधिकार</u>** : केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(१) महासमिति र महाधिवेशनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने र अनुगमन गर्ने ।<br>(२) महासमिति र महाधिवेशनको बैठक नभएको बेला ***<u>पार्टीसँग सम्बन्धित</u>*** विषयमा निर्णय गर्ने र पछि हुने महासमिति वा महाविशेनमा पेस गर्ने ।<br>(३) महासमिति र महाधिवेशनमा प्रतिवेदन तथा प्रस्ताव पेस गर्ने ।<br>(४) पार्टीको आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने ।<br>(५) केन्द्रीय स्तरमा आवश्यकता अनुसार काम, कर्तव्य र अधिकार तोकी | २२. **<u>केन्द्रीय कार्यसमितिको काम, कर्तब्य र अधिकार</u>** : केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(१) महासमिति र महाधिवेशनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने र अनुगमन गर्ने ।<br>(२) महासमिति र महाधिवेशनको बैठक नभएको बेला ***<u>आवश्यक</u>*** विषयमा निर्णय गर्ने र पछि हुने महासमिति वा महाविशेनमा पेस गर्ने ।<br>(३) महासमिति र महाधिवेशनमा प्रतिवेदन तथा प्रस्ताव पेस गर्ने ।<br>(४) पार्टीको आचारसंहिता पालना गराउने र अनुशासन कायम राख्ने ।<br>(५) केन्द्रीय स्तरमा आवश्यकता अनुसार काम, कर्तव्य र अधिकार तोकी विभिन्न विभागहरू तथा निकायहरू गठन गर्ने । |

| | |
|---|---|
| विभिन्न विभागहरू तथा निकायहरू गठन गर्ने ।<br>(६) विभिन्न प्रयोजनका लागि आवश्यकतानुसार आयोग, समिति, उपसमिति, प्रतिनिधि एवं पर्यवेक्षक बनाउने र त्यसको कार्यक्षेत्र निर्धारण गर्ने तथा प्राप्त प्रतिवेदनहरूको आवश्यक मूल्याङ्कन गरी केन्द्रीय कार्यालय अन्तर्गत रहेका विभाग र केन्द्रहरू मार्फत कार्यान्वयन गराउने ।<br>(७) पार्टीका भ्रातृसंस्थाहरूलाई सम्बन्धन दिने र आवश्यक निर्देशन दिने ।<br>(८) पार्टीका विभिन्न निकाय र भ्रातृसंस्थाहरूबाट प्राप्त प्रतिवेदनहरूको छानबिन गरी अनुमोदन गर्ने, नियमित गराउन निर्देशन दिने र आवश्यकतानुसार कारवाई समेत गर्ने ।<br>(९) महाधिवेशन र महासमितिद्वारा स्वीकृत पार्टीको नीति, कार्यक्रम र घोषणापत्र पार्टीको संसदीय दललाई उपलब्ध गराउने तथा संसदीय दलको प्रतिवेदन महाधिवेशन र महासमितिमा प्रस्तुत गर्ने ।<br>(१०) पार्टी सरकारमा सहभागी हुने वा नहुने वा कसैलाई समर्थन गर्ने वा नगर्ने सम्बन्धमा नीतिगत निर्णय गर्ने र सरकारमा सहभागी हुने अवस्थामा सरकारमा जाने मन्त्रीहरूको मापदण्ड तयार गर्ने ।<br>(११) ***प्रदेश निर्वाचन,*** संसदीय निर्वाचन र स्थानीय निर्वाचनमा पार्टीको स्थितिको मूल्याङ्कन गर्ने र त्यसपछि हुने महासमितिमा प्रतिवेदन प्रस्तुत गर्ने ।<br>(१२) अन्तराष्ट्रिय भ्रातृसंस्थाहरूसँग सम्पर्क तथा मैत्री कायम राखी परस्परको हितलाई संरक्षण गर्ने ।<br>(१३) पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति उपलब्ध स्रोतको परिचालन गर्न कोषाध्यक्षको संयोजकत्वमा आर्थिक स्रोत व्यवस्था उपसमिति गठन गर्ने ।<br>(१४) केन्द्रीय लेखापरीक्षण समितिले दिएको लेखापरीक्षण सम्बन्धी प्रतिवेदन पारित गर्ने र सो प्रतिवेदन कोषाध्यक्ष मार्फत महाधिवेशन/महासमितिमा प्रस्तुत गर्ने ।<br>***(१५) प्रदेश-प्रदेशबीचको समन्वय र सुपरिवेक्षण गर्नेछ ।*** | (६) विभिन्न प्रयोजनका लागि आवश्यकतानुसार आयोग, समिति, उपसमिति, प्रतिनिधि एवं पर्यवेक्षक बनाउने र त्यसको कार्यक्षेत्र निर्धारण गर्ने तथा प्राप्त प्रतिवेदनहरूको आवश्यक मूल्याङ्कन गरी केन्द्रीय कार्यालय अन्तर्गत रहेका विभाग र केन्द्रहरू मार्फत कार्यान्वयन गराउने ।<br>(७) पार्टीका भ्रातृसंस्थाहरूलाई सम्बन्धन दिने र आवश्यक निर्देशन दिने ।<br>(८) पार्टीका विभिन्न निकाय र भ्रातृसंस्थाहरूबाट प्राप्त प्रतिवेदनहरूको छानबिन गरी अनुमोदन गर्ने, नियमित गराउन निर्देशन दिने र आवश्यकतानुसार कारवाई समेत गर्ने ।<br>(९) महाधिवेशन र महासमितिद्वारा स्वीकृत पार्टीको नीति, कार्यक्रम र घोषणापत्र पार्टीको संसदीय दललाई उपलब्ध गराउने तथा संसदीय दलको प्रतिवेदन महाधिवेशन र महासमितिमा प्रस्तुत गर्ने ।<br>(१०) पार्टी सरकारमा सहभागी हुने वा नहुने वा कसैलाई समर्थन गर्ने वा नगर्ने सम्बन्धमा नीतिगत निर्णय गर्ने र सरकारमा सहभागी हुने अवस्थामा सरकारमा जाने मन्त्रीहरूको मापदण्ड तयार गर्ने ।<br>(११) ***प्रदेश निर्वाचन,*** संसदीय निर्वाचन र स्थानीय निर्वाचनमा पार्टीको स्थितिको मूल्याङ्कन गर्ने र त्यसपछि हुने महासमितिमा प्रतिवेदन प्रस्तुत गर्ने ।<br>(१२) अन्तराष्ट्रिय भ्रातृसंस्थाहरूसँग सम्पर्क तथा मैत्री कायम राखी परस्परको हितलाई संरक्षण गर्ने ।<br>(१३) आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति ***स्रोत संकलन*** र परिचालन गर्न कोषाध्यक्षको संयोजकत्वमा आर्थिक स्रोत व्यवस्था उपसमिति गठन गर्ने ।<br>(१४) केन्द्रीय लेखापरीक्षण समितिले दिएको लेखापरीक्षण सम्बन्धी प्रतिवेदन पारित गर्ने र सो प्रतिवेदन कोषाध्यक्ष मार्फत महाधिवेशन/महासमितिमा प्रस्तुत गर्ने ।<br>***(१५) प्रदेश-प्रदेशबीचको समन्वय र सुपरिवेक्षण गर्नेछ ।***<br>***(१६)*** पार्टीको कुनै निकाय वा पदाधिकारी***ले*** विधान वा केन्द्रीय निर्देशन***को गम्भिर उल्लघंन गरी पार्टी हित*** विपरीत काममा संलग्न भए***मा वा निस्क्रिय भएको*** देखिएमा ***पार्टीको हितका लागि तत्काल कार्वाही गर्न आवश्यक भएमा*** केन्द्रीय कार्यसमितिले आवश्यक छानविन गरी त्यस्तो निकाय वा पदाधिकारीलाई निलम्बन, विघटन वा हटाउन सक्नेछ । यसरी विघटन वा हटाइएकोमा केन्द्रीय कार्यसमितिले तत्काल तदर्थ समिति गठन गर्नेछ र छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गरिनेछ । |
| **२३. महाधिवेशनबाट केन्द्रीय सभापति,** | **२३. महाधिवेशनबाट केन्द्रीय सभापति र अन्य** |

| | |
|---|---|
| **<u>महामन्त्री र कोषाध्यक्षको निर्वाचन</u> :** (१) केन्द्रीय सभापतिका लागि उम्मेदवार हुन चाहनेले महाधिवेशनका प्रतिनिधिहरूमध्येबाट कम्तीमा सात जना प्रस्तावक र सात जना समर्थक रहेको मनोनयनपत्र केन्द्रीय निर्वाचन समितिको कार्यालयमा दाखिल गर्नुपर्नेछ ।<br>(२) केन्द्रीय महामन्त्री र कोषाध्यक्षका लागि उम्मेदवार हुन चाहनेले महाधिवेशनका प्रतिनिधिहरूमध्येबाट कम्तीमा पाँच जना प्रस्तावक र पाँच जना समर्थक रहेको मनोनयनपत्र निर्वाचन समितिको कार्यालयमा दाखिल गर्नुपर्नेछ ।<br>(३) केन्द्रीय निर्वाचन समितिले निर्वाचनको मिति र कार्यक्रम तोक्नेछ तथा सम्पन्न गराउनेछ । | **<u>पदाधिकारीको निर्वाचन तोकिए बमोजिम हुनेछ ।</u>** |
| २४. **<u>केन्द्रीय सभापतिको काम कर्तव्य र अधिकार</u> :** केन्द्रीय सभापतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(१) महाधिवेशन, महासमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति र संसदीय समितिको अध्यक्षता गर्ने र आवश्यकता परे निर्णायक मत दिने ।<br>(२) विधान बमोजिम केन्द्रीय कार्यसमितिका पदाधिकारीहरूको नाम **<u>(प्रस्ताव)</u>** गर्ने ।<br>(३) केन्द्रीय सभापतिले पदाधिकारीहरूको कार्यविभाजन गर्ने, कार्यविभाजन हेरफेर गर्ने तथा पार्टीका पदाधिकारी एवं सदस्यहरूमध्येबाट प्रवक्ता तोक्ने ***<u>वा मनोनयन गर्ने</u>***।<br>(४) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम सङ्गठनका रूपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।<br>(५) पार्टीका तर्फबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने वा गराउन लगाउने ।<br>(६) पार्टीका अगाडि तत्काल परिआएका कार्यहरू गर्ने र त्यसको जानकारी केन्द्रीय कार्यसमितिलाई दिने ।<br>(७) पार्टीका केन्द्रीय निकायहरूद्वारा भएका निर्णयहरूको कार्यान्वयन भए नभएको रेखदेख गर्ने र गर्न लगाउने ।<br>(८) केन्द्रीय विभाग एवं अन्य केन्द्रीय | **<u>२४. केन्द्रीय सभापतिको काम कर्तव्य र अधिकार</u> :** केन्द्रीय सभापतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(१) महाधिवेशन, महासमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति र संसदीय समितिको अध्यक्षता गर्ने र आवश्यकता परे निर्णायक मत दिने ।<br>(२) विधान बमोजिम केन्द्रीय कार्यसमितिका पदाधिकारीहरूको **मनोनयन** गर्ने ।<br>(३) केन्द्रीय सभापतिले पदाधिकारीहरूको कार्यविभाजन गर्ने, कार्यविभाजन हेरफेर गर्ने तथा पार्टीका पदाधिकारी एवं सदस्यहरूमध्येबाट प्रवक्ता तोक्ने ।<br>(४) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम सङ्गठनका रूपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।<br>(५) पार्टीका तर्फबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने वा गराउन लगाउने ।<br>(६) पार्टीका अगाडि तत्काल परिआएका कार्यहरू गर्ने र त्यसको जानकारी केन्द्रीय कार्यसमितिलाई दिने ।<br>(७) पार्टीका केन्द्रीय निकायहरूद्वारा भएका निर्णयहरूको कार्यान्वयन भए नभएको रेखदेख गर्ने र गर्न लगाउने ।<br>(८) केन्द्रीय विभाग एवं अन्य केन्द्रीय निकायका प्रमुख र सदस्यहरूको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।<br>(९) केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारीको नियुक्ति र हेरफेर गर्ने ।<br>(१०) केन्द्रीय सभापतिले पार्टीको निकाय, पदाधिकारी वा सदस्यका सम्बन्धमा परेको उजुरी र गतिविधिका सम्बन्धमा छानविन समिति गठन गरी जाँचबुझ गर्न सक्नेछ । ***<u>त्यसरी जाचबुझ गरिएको अवस्थामा</u>*** **(थप** |

| | |
|---|---|
| निकायका प्रमुख र सदस्यहरूको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने ।<br>(९) केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारीको नियुक्ति र हेरफेर गर्ने ।<br>(१०) केन्द्रीय सभापतिले पार्टीको निकाय, पदाधिकारी वा सदस्यका सम्बन्धमा परेको उजुरी र गतिविधिका सम्बन्धमा छानविन समिति गठन गरी जाँचबुझ गर्न सक्नेछ । केन्द्रीय कार्यसमितिले छानविन समितिको प्रतिवेदनका आधारमा वा तत्कालको आवश्यकता अनुसार पार्टीको कुनै पनि निकाय वा पदाधिकारी वा सदस्यलाई पदबाट निलम्बन गर्न सक्नेछ ।<br>(११) केन्द्रीय कार्यसमितिले पार्टीको कुनै पनि निकायलाई निलम्बन गर्दा त्यस्तो निलम्बन भएको पार्टीको निकायको कार्यसम्पादन गर्न निलम्बन भएको अवधिसम्मका लागि कुनै समिति वा सदस्य वा व्यक्तिलाई तोक्न सक्नेछ ।<br>(१२) केन्द्रीय सभापतिले आफू विदेश गएको अवस्थामा उपसभापतिलाई ***आफु विदेश गएको अवस्था वा आवश्यकता अनुसार*** कार्यवाहक सभापति तोक्नेछ । | **गरिएको)** केन्द्रीय कार्यसमितिले छानविन समितिको प्रतिवेदनका आधारमा वा तत्कालको आवश्यकता अनुसार पार्टीको कुनै पनि निकाय वा पदाधिकारी वा सदस्यलाई पदबाट निलम्बन गर्न सक्नेछ ।<br>(११) केन्द्रीय कार्यसमितिले पार्टीको कुनै पनि निकायलाई निलम्बन गर्दा त्यस्तो निलम्बन भएको पार्टीको निकायको कार्यसम्पादन गर्न निलम्बन भएको अवधिसम्मका लागि कुनै समिति वा सदस्य वा व्यक्तिलाई तोक्न सक्नेछ ।<br>(१२) केन्द्रीय सभापतिले आफू विदेश गएको अवस्थामा उपसभापतिलाई ***आफु विदेश गएको अवस्था वा आवश्यकता अनुसार*** कार्यवाहक सभापति तोक्नेछ ।<br>***(१३) पार्टीको विभिन्न तहका कृयाशील सदस्य पार्टीको नीति कार्यक्रम एवं विधान विपरित कार्य गरेको महशुस भई प्रमाण समेत भएमा तत्काल सभापतिले त्यस्तो व्यक्तिलाई निलम्वन गरि सो को सम्पूर्ण तत्य सत्य छानविनका लागि अनुशासन समितिमा प्रस्ताव पठाउनेछ । उक्त प्रस्तावमा अनुशासन समितिले छलफलगरि विधान विपरित कसुर ठहर भएमा सो ठहर सहित केन्द्रीय कार्यसमितिमा अन्तिम कारवाईको लागि सिफारिस गर्नेछ । उक्त कृयाशील व्यक्ति दोषी भए निश्कासन हुने छ । (थप गरिएको)***<br><br>***संसदीय दलको नेताको बैकल्पीक प्रस्ताव***<br>केन्द्रीय सभापति प्रतिनिधि सभाको सदस्य भएको अवस्थामा स्वतः संसदीय दलको नेता हुने |
| २५. **केन्द्रीय सभापतिको राजीनामा :** (१) केन्द्रीय सभापतिले राजीनामा दिन चाहेमा उपसभापति मार्फत केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नुपर्नेछ ।<br>(२) ***उक्त राजीनामा तत्काल स्वीकृत गर्नुपर्ने देखिएमा (हटाउने)*** केन्द्रीय कार्यसमितिले राजीनामा स्वीकृत गरी उपसभापतिले कार्यवाहक सभापति भई कार्यभार सम्हाल्ने छ र ६ महिनाभित्रमा विशेष अधिवेशन बोलाई केन्द्रीय सभापतिको निर्वाचन गरिनेछ ।<br>(३) अन्य कुनै कारणबाट केन्द्रीय सभापतिको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि उपधारा (२) बमोजिम गरिनेछ । | २५. **केन्द्रीय सभापतिको राजीनामा :** (१) केन्द्रीय सभापतिले राजीनामा दिन चाहेमा उपसभापति मार्फत केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नुपर्नेछ ।<br>(२) केन्द्रीय कार्यसमितिले राजीनामा स्वीकृत ***गरेमा*** उपसभापतिले कार्यवाहक सभापति भई कार्यभार सम्हाल्ने छ र ६ महिनाभित्रमा विशेष अधिवेशन बोलाई केन्द्रीय सभापतिको निर्वाचन गरिनेछ ।<br>(३) अन्य कुनै कारणबाट केन्द्रीय सभापतिको पद रिक्त हुन आएमा उपधारा (२) बमोजिम गरिनेछ । |
| २६. **महामन्त्रीको काम, कर्तव्य र** | २६. **महामन्त्रीको काम, कर्तव्य र अधिकार देहाय** |

| | |
|---|---|
| **अधिकार :** (१) नेपाली कांग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहत रहनेछ ।<br>(२) महाधिवेशन, महासमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति र अन्य केन्द्रीय समितिहरूको निर्णय कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महामन्त्रीको हुनेछ ।<br>(३) महामन्त्रीको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(क) पार्टीको केन्द्रीय कार्यालय रेखदेख र सञ्चालन गर्ने ।<br>(ख) दैनिक कार्यसञ्चालनका लागि सभापतिलाई सहयोग पुऱ्याउने र महत्वपूर्ण विषयमा सभापतिलाई जानकारी दिने ।<br>(ग) पार्टीको सङ्गठन संरचना दुरूस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टीका निकायहरूमा पार्टीसम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने तथा सुपरिवेक्षण गर्ने गराउने ।<br>(घ) पार्टी सम्बन्धी कार्यमा सभापतिको निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति वा उपसमिति बनाउने ।<br>(ङ) केन्द्रीय कार्यसमिति, महासमिति र महाधिवेशनमा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।<br>(च) पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।<br>(छ) महाधिवेशन, महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समितिको निर्णय प्रमाणित गर्ने । | **बमोजम हुनेछ :**<br>(१) नेपाली कांग्रेसको केन्द्रीय कार्यालय महामन्त्रीको मातहत रहनेछ । महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख र संचालन गर्नेछ ।<br>(२) महाधिवेशन, महासमिति, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति र अन्य केन्द्रीय समितिहरूको निर्णय कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महामन्त्रीको हुनेछ ।<br>(३) दैनिक कार्यसञ्चालनका लागि सभापतिलाई सहयोग पुऱ्याउने र महत्वपूर्ण विषयमा सभापतिलाई जानकारी ***र सुझाव*** दिने ।<br>(४) पार्टीको सङ्गठन संरचना दुरूस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टीका निकायहरूमा पार्टीसम्बन्धी गतिविधिबारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन तथा सुपरिवेक्षण गर्ने गराउने ।<br>(५) पार्टी सम्बन्धी कार्यमा सभापतिको निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति वा उपसमिति बनाउने ।<br>(६) केन्द्रीय कार्यसमिति, महासमिति र महाधिवेशनमा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।<br>(७) पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने ।<br>(८) महाधिवेशन, महासमिति, केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समितिको निर्णय प्रमाणित गर्ने ।<br>***९) पार्टी मातहतका निकायहरुलाई पार्टीको निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने । (थप गरिएको)*** |
| २७. **<u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :</u>** कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(१) पार्टीका निम्ति आवश्यक आर्थिक स्रोत-साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्वर्द्धन गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।<br>(२) केन्द्रीय कार्यसमितिद्वारा निर्णय गरेको बैङ्कमा पार्टीका नाममा खाता खोल्ने र केन्द्रीय कार्यसमितिको निर्णयानुसार सञ्चालन गर्ने ।<br>(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, ***<u>मासिक सहयोग रकम र अन्य शुभेच्छुक र समर्थकबाट प्राप्त हुने (हटाएको)</u>*** रकम | २७. **<u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकार</u> :** कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ<br>(१) पार्टीका निम्ति आवश्यक आर्थिक स्रोत-साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्वर्द्धन गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।<br>(२) केन्द्रीय कार्यसमितिद्वारा निर्णय गरेको बैङ्कमा पार्टीका नाममा खाता खोल्ने र केन्द्रीय कार्यसमितिको निर्णयानुसार सञ्चालन गर्ने ।<br>(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क र ***अन्य सहयोग*** रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने ।<br>(४) सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णय अनुसार वितरण गर्ने र त्यसको हिसाब राख्ने ।<br>(५) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय |

| | |
|---|---|
| सङ्कलन गर्ने ।<br>(४) सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णय अनुसार वितरण गर्ने र त्यसको हिसाब राख्ने ।<br>(५) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसमिति मार्फत महासमिति र महाधिवेशनमा प्रस्तुत गर्ने ।<br>(६) केन्द्रीय कार्यसमितिले पारित गरेको लेखापरीक्षण सम्बन्धी प्रतिवेदन महाधिवेशन/महासमितिमा प्रस्तुत गर्ने । | कार्यसमिति र केन्द्रीय कार्यसमिति मार्फत महासमिति र महाधिवेशनमा प्रस्तुत गर्ने ।<br>(६) केन्द्रीय कार्यसमितिले पारित गरेको लेखापरीक्षण सम्बन्धी प्रतिवेदन महाधिवेशन/महासमितिमा प्रस्तुत गर्ने । |
| २८. **पार्टीको कोष** : (१) पार्टीको आफ्नो छुट्टै कोष रहनेछ । जसमा देहायका रकमहरू रहनेछन् ।<br>(क)पार्टीको सदस्यता तथा सदस्यता नवीकरणबाट प्राप्त रकम,<br>(ख)तोकिए बमोजिम पार्टीका सदस्यहरूबाट प्राप्त हुने रकमहरू,<br>(ग)अन्य विविध रकम ।<br>(२)पार्टीको आय-व्यय र हिसाब किताबको लेखापरीक्षण केन्द्रीय लेखापरीक्षण समितिले नियुक्त गरेको मान्यता प्राप्त लेखापरीक्षकबाट गराइनेछ । लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षणको प्रतिवेदन लेखापरीक्षण समितिले केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नु पर्नेछ । ***उक्त केन्द्रीय कार्यसमितिमा प्रस्तुत प्रतिवेदन सार्वजनिक गरिनेछ ।*** | २८. **पार्टीको कोष** :<br>(१) पार्टीको आफ्नो छुट्टै कोष रहनेछ । जसमा देहायका रकमहरू रहनेछन् ।<br>(क)पार्टीको सदस्यता तथा सदस्यता नवीकरणबाट प्राप्त रकम,<br>(ख)तोकिए बमोजिम पार्टीका सदस्यहरूबाट प्राप्त हुने रकमहरू,<br>(ग)अन्य विविध रकम ।<br>(२)पार्टीको आय-व्यय र हिसाब किताबको लेखापरीक्षण केन्द्रीय लेखापरीक्षण समितिले नियुक्त गरेको मान्यता प्राप्त लेखापरीक्षकबाट गराइनेछ । लेखापरीक्षकबाट प्राप्त लेखापरीक्षणको प्रतिवेदन लेखापरीक्षण समितिले केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नु पर्नेछ । ***उक्त केन्द्रीय कार्यसमितिमा प्रस्तुत प्रतिवेदन सार्वजनिक गरिनेछ ।*** |
| २९. **केन्द्रीय कार्यसम्पादन समितिको गठन** : केन्द्रीय सभापतिको अध्यक्षतामा देहायबमोजिमका सदस्यहरू रहने गरी केन्द्रीय कार्यसम्पादन समिति गठन गरिनेछ ।<br>(१) केन्द्रीय कार्यसमितिको उपसभापति, महामन्त्री, कोषाध्यक्ष र सह-महामन्त्री केन्द्रीय कार्यसम्पादन समितिको पदेन सदस्य हुनेछन् ।<br>(२) संसदीय दलको नेता केन्द्रीय कार्यसम्पादन समितिको सदस्य हुनेछ ।<br>(३) केन्द्रीय कार्यसमितिले आफूमध्येबाट केन्द्रीय कार्यसम्पादन समितिका लागि बढीमा बाइस जना सदस्य चयन गर्नेछ ।<br>(४) प्रवक्ता तोकिएका पदाधिकारी वा सदस्य । | २९. **केन्द्रीय कार्यसम्पादन समितिको गठन** : केन्द्रीय सभापतिको अध्यक्षतामा देहायबमोजिमका सदस्यहरू रहने गरी केन्द्रीय कार्यसम्पादन समिति गठन गरिनेछ ।<br>(१) केन्द्रीय कार्यसमितिको उपसभापति, महामन्त्री, कोषाध्यक्ष र सह-महामन्त्री केन्द्रीय कार्यसम्पादन समितिको पदेन सदस्य हुनेछन् ।<br>(२) संसदीय दलको नेता केन्द्रीय कार्यसम्पादन समितिको सदस्य हुनेछ ।<br>(३) केन्द्रीय कार्यसमितिले आफूमध्येबाट केन्द्रीय कार्यसम्पादन समितिका लागि बढीमा बाइस जना सदस्य चयन गर्नेछ ।<br>***वा***<br>***(विकल्प केन्द्रीय कार्य समितिको कुल सदस्य संख्याको बीस प्रतिशत गर्ने)***<br>***विकल्प (समावेशी बनाउने र ४१ सदस्यीय बनायने)***<br>(४) प्रवक्ता तोकिएका पदाधिकारी वा सदस्य । |
| ३०. **केन्द्रीय कार्यसम्पादन समितिको** | ३०. **केन्द्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र** |

| | |
|---|---|
| **काम, कर्तव्य र अधिकार :** (१) केन्द्रीय कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरमा केन्द्रीय कार्यसमितिले गनुपर्ने काम यो समितिले गर्नेछ ।<br>(२) आफ्नो कामको विवरण यथाशीघ्र केन्द्रीय कार्यसमितिको बैठकमा पेस गरी अनुमोदन गराउनेछ ।<br>(३) पार्टीको केन्द्रीय कार्यालय अन्तर्गत रहेका सम्पूर्ण विभागहरूको समीक्षा गर्नेछ ।<br>(४) समय-समयमा संसदीय दलको कार्यसमिति, संसदीय दलका विषय समितिका संयोजकहरूसँग संयुक्त रूपमा विचार-विमर्शको आयोजना गर्नेछ । | **अधिकार :** (१) केन्द्रीय कार्यसमितिको एउटा बैठक र अर्को बैठकको अन्तरमा केन्द्रीय कार्यसमितिले गनुपर्ने काम यो समितिले गर्नेछ ।<br>(२) आफ्नो कामको विवरण यथाशीघ्र केन्द्रीय कार्यसमितिको बैठकमा पेस गरी अनुमोदन गराउनेछ ।<br>(३) पार्टीको केन्द्रीय कार्यालय अन्तर्गत रहेका सम्पूर्ण विभागहरूको समीक्षा गर्नेछ ।<br>(४) समय-समयमा संसदीय दलको कार्यसमिति, संसदीय दलका विषय समितिका संयोजकहरूसँग संयुक्त रूपमा विचार-विमर्शको आयोजना गर्नेछ । |
| ३१. **संसदीय समितिको गठन :** (१) केन्द्रीय कार्यसमितिले आफूमध्येबाट एक संसदीय समिति गठन गर्नेछ ।<br>(२) केन्द्रीय सभापति र महामन्त्री संसदीय समितिको पदेन सभापति र महामन्त्री हुनेछन् । उपसभापति, कोषाध्यक्ष र सह-महामन्त्री संसदीय समितिका सदस्य हुनेछन् ।<br>(३) संसदीय दलको नेता संसदीय समितिको सदस्य हुनेछन् ।<br>(४) संसदीय समितिमा बढीमा आठ जना सदस्य कार्यसमितिले चयन गर्नेछ । | ३१. **संसदीय समितिको गठन :**<br>(१) केन्द्रीय कार्यसमितिले आफूमध्येबाट एक संसदीय समिति गठन गर्नेछ ।<br>(२) केन्द्रीय सभापति र महामन्त्री संसदीय समितिको पदेन सभापति र महामन्त्री हुनेछन् । उपसभापति, कोषाध्यक्ष र सह-महामन्त्री संसदीय समितिका सदस्य हुनेछन् ।<br>(३) संसदीय दलको नेता संसदीय समितिको सदस्य हुनेछन् ।<br>(४) संसदीय समितिमा बढीमा आठ जना सदस्य कार्यसमितिले चयन गर्नेछ ।<br><br>***वैकल्पि प्रस्ताव***<br>***संसदीय समितिका सम्पूर्ण सदस्य निर्वाचित हुने***<br><br>***वैकल्पि प्रस्ताव***<br>***सत्तरी प्रतिशत निर्वाचित, तीस प्रतिशत सभापतिबाट मनोनित ।***<br><br>***वैकल्पि प्रस्ताव***<br>***समावेशी सहित एक्काइस जना रहने***<br><br>***वैकल्पि प्रस्ताव***<br>***सात प्रतिशत प्रदेश प्रमुख आफ्नो प्रदेशको टिकट वितरणमा पदेन रहने गरी केन्द्रीय समितिको कुल सदस्य संख्याको दश प्रतिशत (पदाधिकारी वाहेक) ।*** |
| ३२. **संसदीय समितिको काम, कर्तव्य र अधिकार :** (१) संसदीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ- | ३२. **संसदीय समितिको काम, कर्तव्य र अधिकार :** (१) संसदीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ- |

| | |
|---|---|
| (क) पार्टीका तर्फबाट संसद्का लागि हुने निर्वाचनमा केन्द्रीय कार्यसमितिद्वारा निर्धारित कार्यविधि अनुसार उम्मेदवार चयन गर्ने र कार्यसमितिमा पेश गर्ने ।<br>(ख) जिल्ला विकास समितिका सभापति, उपसभापति, सदस्यहरू र नगरपालिकाका प्रमुख र उपप्रमुखको निर्वाचनमा उम्मेदवार चयन गर्ने सम्बन्धमा जिल्ला कार्यसमितिलाई निर्देशन दिने ।<br>(२) संसदीय समितिले स्थानीय निकायका अन्य पदमा उम्मेदवार चयनका लागि पार्टीको जिल्ला कार्यसमिति, क्षेत्रिय कार्य समितिलाई निर्देशन दिन सक्नेछ ।<br>(३) केन्द्रीय कार्यसमितिले गरेको नीतिगत निर्णय र मापदण्ड अनुसार पार्टीको तर्फबाट सरकारमा जाने मन्त्रीहरूको नाम तय गर्नेछ । | (क) पार्टीका तर्फबाट ***संघीय र प्रदेशसभा सदस्यका*** लागि हुने निर्वाचनमा केन्द्रीय कार्यसमितिद्वारा निर्धारित कार्यविधि अनुसार उम्मेदवार चयन गर्ने र कार्यसमितिमा पेश गर्ने ।<br>(२) केन्द्रीय कार्यसमितिले गरेको नीतिगत निर्णय र मापदण्ड अनुसार पार्टीको तर्फबाट ***नेपाल*** सरकारमा जाने मन्त्रीहरूको नाम तय गर्नेछ ।<br>(३) ***प्रदेशमा यसै अनुसार तोकिए बमोजिमको संसदीय समिति रहनेछ ।***<br>***४) मन्त्रीको चयन, संसदीय दलको नेता वा प्रधानमन्त्रीको उम्मेदवारले गर्नेछ ।*** |
| ३३. **<u>अनुशासन समितिको गठन</u>** : (१) पार्टीको आचारसंहिता पालन गराउन र अनुशासन कायम राख्न केन्द्रीय कार्यसमितिले आफूमध्येबाट केन्द्रीय अनुशासन समिति गठन गर्नेछ ।<br>(२) केन्द्रीय अनुशासन समितिमा एक जना संयोजक र चार जना सदस्यहरू रहनेछन् ।<br>(३) जिल्ला कार्यसमितिले आफ्ना सदस्यहरूमध्येबाट तीन सदस्यीय जिल्ला अनुशासन समितिको गठन गर्नेछ । जिल्ला अनुशासन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । जिल्ला अनुशासन समितिले आफ्नो प्रतिवेदन जिल्ला कार्यसमितिमा पेश गर्नेछ । जिल्ला सभापतिले त्यस्तो प्रतिवेदन यथाशीघ्र केन्द्रीय अनुशासन समितिमा पठाउनु पर्नेछ ।<br>(४) केन्द्रीय अनुशासन समितिले जिल्ला अनुशासन समितिलाई आफ्ना केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।<br>(५) उपधारा (४) बमोजिम अधिकार प्राप्त जिल्ला अनुशासन समितिले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णयको सूचना पाएको मितिले पैतीस दिन भित्र केन्द्रीय अनुशासन समितिमा पुनरावेदन गर्न सक्नेछ । | ३३. **<u>अनुशासन समिति *व्यवस्था*</u>** :<br>**अनुशासन समितिको गठन**<br>***१) केन्द्रीय अनुशासन समिति,***<br>***२) प्रदेश अनुशासन समिति***<br>***३) जिल्ला अनुशासन समिति***<br>(१) पार्टीको आचारसंहिता पालन गराउन र अनुशासन कायम राख्न केन्द्रीय कार्यसमितिले आफूमध्येबाट केन्द्रीय अनुशासन समिति गठन गर्नेछ ।<br><br>**<u>बैकल्पीक प्रस्ताव</u>**<br>**महाधिवेशनमा निर्वाचनबाट** ***<u>केन्द्रीय अनुशासन समिति गठन हुनेछ ।</u>***<br>(१) केन्द्रीय अनुशासन समितिमा एक जना संयोजक र चार जना सदस्यहरू रहनेछन् ।<br>(२) ***प्रदेश*** कार्यसमितिले आफ्ना सदस्यहरूमध्येबाट तीन सदस्यीय जिल्ला अनुशासन समितिको गठन गर्नेछ । जिल्ला अनुशासन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । जिल्ला अनुशासन समितिले आफ्नो प्रतिवेदन जिल्ला कार्यसमितिमा पेश गर्नेछ । जिल्ला सभापतिले त्यस्तो प्रतिवेदन यथाशीघ्र केन्द्रीय अनुशासन समितिमा पठाउनु पर्नेछ ।<br>(३) केन्द्रीय अनुशासन समितिले जिल्ला अनुशासन समितिलाई आफ्ना केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।<br>(४) उपधारा (४) बमोजिम अधिकार प्राप्त जिल्ला अनुशासन समितिले गरेको निर्णय उपर चित्त |

| | |
|---|---|
| | नबुझेमा निर्णयको सूचना पाएको मितिले पैतीस दिन भित्र ***प्रदेश अनुशासन समितिमा र प्रदेश अनुशासन समितिले गरेको निर्णयमा चित्त नबुझेमा सोही म्यादभित्र*** केन्द्रीय अनुशासन समितिमा सो माथी केन्द्रीय कार्य समितिमा पुनरावेदन गर्न सक्नेछ ।<br>***(५) केन्द्रीय अनुशासन समिति, प्रदेश अनुशासन समिति, जिल्ला अनुशासन समितिले अनुशासन उल्लघंनका प्रकृति र घटनाको गम्भीरता अनुसार अनुशासनको कार्वही तोकिए बमोजिम गर्नेछ ।***<br><br>***वैकल्पि प्रस्ताव***<br>***केन्द्रीय अनुशासन समितिको संयोजक उप सभापति हुने ।***<br>*प्रदेश अनुशासन समिति सम्बन्धि थप व्यवस्था :*<br>*प्रदेश कार्यसमितिले आफ्ना सदस्य मध्येबाट एक जना संयोजक र ३ जना सदस्य रहने गरी एक अनुशासन समिति गठन गर्नेछ ।*<br>*केन्द्रीय अनुशासन समिति, प्रदेश अनुशासन समिति र जिल्ला अनुशासन समितिले अनुशासन उल्लघंनका प्रकृति र घटनाको गम्भीरता अनुसार अनुशासनको कारवाही तोकिए बमोजिम गर्नेछन् ।*<br><br>थप छलफल गुर्न पर्ने विषय : केन्द्र, प्रदेश र जिल्ला तहमा अनुशासन समितिको गठन, अधिवेशन र महाधिवेशनबाट निर्वाचनका माध्यमले हुनु पर्ने व्यवस्था गर्ने वा नगर्ने ? |
| ३४. **केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार :** (१) केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(क) पार्टीको उद्देश्य, नीति र आचारसंहिता विरूद्ध अथवा विधानको उल्लङ्घन भयो भनी पार्टीका पदाधिकारी तथा सदस्यहरूका विरूद्ध पार्टी निकायबाट पर्न आउने उजुरी सुन्ने, छानबिन गर्ने र निर्णय गर्ने ।<br>(ख) अनुशासन भङ्ग गर्ने सदस्य र पदाधिकारीहरूमाथि कारवाई गर्दा नियमावली र आचारसंहिता अनुसार कसूर हेरी सम्झाउने, चेतावनी दिने, निलम्बन वा निष्काशन गर्ने । त्यस्ता कारबाई गर्दा आफ्नो सफाई दिने मौकाबाट कसैलाई पनि वञ्चित गरिनेछैन ।<br>(२) निलम्बन गर्दा बढीमा छ महिना र निष्काशन गर्दा बढीमा तीन वर्षका लागि गर्न सकिनेछ । | ३४. **केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार :** (१) केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।<br>(क) पार्टीको उद्देश्य, नीति र आचारसंहिता विरूद्ध अथवा विधानको उल्लङ्घन भयो भनी पार्टीका पदाधिकारी तथा सदस्यहरूका विरूद्ध पार्टी निकायबाट पर्न आउने उजुरी सुन्ने, छानबिन गर्ने र निर्णय गर्ने ।<br>(ख) अनुशासन भङ्ग गर्ने सदस्य र पदाधिकारीहरूमाथि कारवाई गर्दा नियमावली र आचारसंहिता अनुसार कसूर हेरी सम्झाउने, चेतावनी दिने, निलम्बन वा निष्काशन गर्ने । त्यस्ता कारबाई गर्दा आफ्नो सफाई दिने मौकाबाट कसैलाई पनि वञ्चित गरिनेछैन ।<br>(२) निलम्बन गर्दा बढीमा छ महिना र निष्काशन गर्दा बढीमा ***पाँच*** वर्षका लागि गर्न सकिनेछ ।<br>(३) केन्द्रीय अनुशासन समितिको निर्णयद्वारा कारवाहीमा पर्ने सदस्य वा पदाधिकारीले चित्त नबुझेका खण्डमा सो को सूचना पाएको मितिले पैतीस दिन भित्र केन्द्रीय कार्यसमितिमा पुनरावेदन दिन सक्नेछ र |

| | |
|---|---|
| (३) केन्द्रीय अनुशासन समितिको निर्णयद्वारा कारवाहीमा पर्ने सदस्य वा पदाधिकारीले चित्त नबुझेका खण्डमा सो को सूचना पाएको मितिले पैतीस दिन भित्र केन्द्रीय कार्यसमितिमा पुनरावेदन दिन सक्नेछ र केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुनेछ। | केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुनेछ। |
| **३५. <u>केन्द्रीय निर्वाचन समिति</u> :** (१) यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक पार्टीका सबै तहका निकाय र पदाधिकारीको निर्वाचनका लागि केन्द्रीय कार्यसमितिले केन्द्रीय निर्वाचन समिति गठन गर्नेछ।<br>(२) पार्टीका सबै तहको निर्वाचनमा ***<u>आवश्यक भएमा</u>*** गोप्य मतदानद्वारा गरिनेछ। अन्य प्रक्रिया केन्द्रीय निर्वाचन समितिले निर्णय गरे बमोजिम हुनेछ।<br>(३) मतदान केन्द्र, वडा, गाउँ, नगर र क्षेत्रस्तरको पार्टी निकायको कुनै पद रिक्त भएमा वा हुन आएमा त्यस्तो पदमा निर्वाचन सम्पन्न गर्नका लागि केन्द्रीय निर्वाचन समितिले सम्बन्धित जिल्लालाई निर्वाचन गराउने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ।<br>(४) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षमा केन्द्रीय कार्यसमितिले तोकेको मितिमा नेपाली कांग्रेसको गाउँ, नगर, नगर वडा, क्षेत्र, जिल्ला अधिवेशनमा निर्वाचन सम्बन्धी कार्य सम्पन्न गर्नेछ।<br>(५) पार्टीका क्रियाशील सदस्यहरूको तथा पार्टीका सबै तहका कार्यसमितिहरू, महाधिवेशन, महासमिति, जिल्ला अधिवेशन, क्षेत्रीय अधिवेशनका पदाधिकारी एवं सदस्यहरूको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने जिम्मेवारी केन्द्रीय निर्वाचन समितिको हुनेछ।<br>(६) पार्टीको कुनै पनि तहको निर्वाचन गराउन केन्द्रीय निर्वाचन समितिले आफ्नो अधिकार प्रत्यायोजन गरी निर्वाचन अधिकृत तोकी खटाउन सक्नेछ।<br>(७) केन्द्रीय निर्वाचन समितिले आफूले गरेको कार्य विवरण केन्द्रीय कार्यसमितिमा नियमित रूपमा प्रस्तुत गर्नु पर्नेछ। | **३५. <u>केन्द्रीय निर्वाचन समिति</u> :** (१) यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक पार्टीका सबै तहका निकाय र पदाधिकारीको निर्वाचनका लागि केन्द्रीय कार्यसमितिले केन्द्रीय निर्वाचन समिति गठन गर्नेछ।<br>(२) पार्टीका सबै तहको निर्वाचनमा ***<u>गोप्य मतदानद्वारा गरिनेछ</u>***। अन्य प्रक्रिया केन्द्रीय निर्वाचन समितिले निर्णय गरे बमोजिम हुनेछ।<br>(३) ***गाउँ, टोल समिति*** वडा, गाउँ, नगर, ***प्रदेश सभा क्षेत्र*** र ***प्रतिनिधि सभा*** क्षेत्रस्तरको पार्टी निकायको कुनै पद रिक्त भएमा वा हुन आएमा त्यस्तो पदमा निर्वाचन सम्पन्न गर्नका लागि केन्द्रीय निर्वाचन समितिले सम्बन्धित जिल्लालाई निर्वाचन गराउने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ।<br>(४) नेपाली कांग्रेसको महाधिवेशन हुने वर्षमा केन्द्रीय कार्यसमितिले तोकेको मितिमा नेपाली कांग्रेसको गाउँ, नगर, नगर वडा, ***प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा*** क्षेत्र, जिल्ला अधिवेशनमा निर्वाचन सम्बन्धी कार्य सम्पन्न गर्नेछ।<br><br>**<u>बैकल्पीक प्रस्ताव</u>**<br><br>***निर्वाचन समितिले नेपाली कांग्रेसको अधिवेशन हुने कम्तिमा एक वर्ष अगाडि नै केन्द्रीय कार्यसमितिले तोकेको मितिमा नेपाली कांग्रेसको गाउँ टोल, वडा, गाउँ नगर, प्रदेश सभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्रको निर्वाचन सम्पन्न गर्नेछ।***<br>***(५) निर्वाचन समितिले निर्वाचन प्रयोजनका लागि केन्द्रीय कार्यसमितिबाट प्राप्त पार्टी क्रियाशील सदस्यता तथा पार्टीको सबै तहका निर्वाचनका मतदाताहरुको विवरण राख्ने र अद्यावधि गर्ने।***<br>***(६) केन्द्रीय कार्यसमितिले तोकिए बमोजिम निर्वाचन समितिले सम्बन्धित तहको निर्वाचनको क्यालेण्डर बनाउनेछ।***<br><br>***<u>वैकल्पि प्रस्ताव</u>***<br>***पार्टीका तल देखि माथी सम्मका निकायको अधिवेशन फरक फरक वर्षमा बस्ने गरि केन्द्रीय कार्य समितिले क्यालेण्डर बनाउने छ।*** |

<table>
<tr>
<td></td>
<td>(७) पार्टीको कुनै पनि तहको निर्वाचन गराउन केन्द्रीय निर्वाचन समितिले आफ्नो अधिकार प्रत्यायोजन गरी निर्वाचन अधिकृत तोकी खटाउन सक्नेछ ।<br>(८) केन्द्रीय निर्वाचन समितिले आफूले गरेको कार्य विवरण केन्द्रीय कार्यसमितिमानियमित रूपमा प्रस्तुत गर्नु पर्नेछ ।<br><br><u>वैकल्पि प्रस्ताव</u><br><u>क्रियाशील सदस्यता सम्वन्धी समिति</u><br><u>(१) पार्टीका महामंत्रीको संयोजकत्वमा पाँच सदस्यीय क्रियाशिल सदस्यता छानबिन समिति रहने छ ।</u><br>(२) समितिले सम्पूर्ण क्रियाशील सदस्यहरुको अभिलेख राख्ने, क्रियाशील सदस्यता सम्बन्धमा परेका उजुरीहरुको छानवीन गरी निर्णय गर्ने र क्रियाशील सदस्यताको अन्तिम नामावली सूची तयार गरी केन्द्रीय कार्यसमितिमा जानकारी गराउने ।</td>
</tr>
<tr>
<td>३६. <u>केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान</u> : पार्टीको नीति निर्माणमा सहयोग पुऱ्याउन तथा कार्यकर्ताहरूलाई पार्टीको आदर्श, नीति, सिद्धान्त बोध गराई सक्षम बनाउन विभिन्न क्षेत्रमा कार्यरत सृजनशील, बौद्धिक, व्यवसायिक जनशक्ति समेतको सहयोग लिई विषयगत विचार गोष्ठी, अन्तर्संवाद, परामर्श कार्यक्रम गर्न एवं प्रशिक्षण सम्बन्धी वार्षिक कार्यक्रम बनाई पार्टी सदस्यहरूलाई निर्धारित कार्यक्रमहरूका आधारमा प्रशिक्षण दिन दिलाउन तथा पार्टी व्यवस्थापन सम्बन्धी सीपमूलक तालिमको समेत व्यवस्था मिलाउन उपसभापतिको प्रमुखत्वमा केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान स्थापना गरिनेछ । केन्द्रीय कार्यसमितिले नियमावलीमा उल्लेख गरे बमोजिम यसले नियमित रूपबाट कार्यक्रम संचालन गर्नेछ र हरेक ६/६ महिनामा आफ्नो कार्य प्रगतिको प्रतिवेदन केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नेछ ।</td>
<td><u>विधानको धारा ३६ को व्यवस्था हटाई सोही धारामा देहाय बमोजिम उल्लेख गर्ने</u><br><br>३६) <u>नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ९एयष्अिथ, च्भकभबचअज बलम त्चबष्लष्लन ब्अबमभ्कथ०</u><br>क) गठन :<br>१. पार्टी केन्द्रीय कार्यसमितिका उपसभापति प्रतिष्ठानको प्रमुख रहनेछन् ।<br>२. प्रतिष्ठानका प्रमुखले आवश्यकतानुसार केन्द्रीय सदस्य वा पूर्व केन्द्रीय सदस्य वा पार्टीमा विशिष्ठ योगदान गरेको व्यक्ति मध्येबाट उपप्रमुख मनोनित गर्नेछन् ।<br>३. प्रदेश समितिमा उपसभापति समेत प्रतिष्ठानका प्रमुखले क्रियाशील सदस्यहरु मध्येबाट बढीमा ४१ जनालाई प्रतिष्ठानको सदस्यमा नियुक्त गर्नेछन् । सदस्यमा नियुक्त गर्दा मुलुकको संघीय संरचना, जनसंख्या र समावेशी सिद्धान्तलाई मध्ये नजर गरिनेछ ।<br>४. प्रतिष्ठानको एक स्थायी सचिवालय रहनेछ । सम्बन्धित विषय/क्षेत्रका विज्ञ, क्रियाशील सदस्यलाई प्रमुखले प्रतिष्ठानको कार्यकारी निर्देशक र निर्देशकको पदमा नियुक्त गर्नेछन् ।<br>५. प्रतिष्ठानले विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न विज्ञ संलग्न गराई विषयगत इकाई गठन गर्न सक्नेछ ।<br>६. प्रतिष्ठानले प्रदेश तथा जिल्लामा तोकिए बमोजिम कार्य संचालन गर्नेछ ।<br>७. प्रतिष्ठानको कार्यक्षेत्र, कार्ययोजना, सचिवालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।</td>
</tr>
</table>

| | |
|---|---|
| | **ख) कार्य क्षेत्र र अधिकार :**<br>१.देशको समसामयिक राजनीतिक विषय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा पार्टीले लिनु पर्ने नीति निर्माणमा सहयोग पुऱ्याउने ।<br>२.पार्टीले अख्तियार गरेका र गर्नु पर्ने नीति तथा कार्यक्रम, मुलुकको समग्र हितका लागि पार्टीले लिनु पर्ने नीति, पार्टी संगठन सुदृढीकरण र विस्तारका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने ।<br>३.पार्टी तथा भातृ शुभेच्छुक संघ संस्थाका सदस्यहरुलाई पार्टीको आदर्श, सिद्धान्त, मूल्य, मान्यता, नीति, रणनीतिका बारेमा जानकार र सक्षम बनाउन विभिन्न तहमा विचार-गोष्ठी, अर्न्तसम्वाद/अर्न्तक्रिया, परामर्श एवं निश्चित उद्देश्य र कार्ययोजना सहित प्रशिक्षण कार्यक्रम, प्रतियोगात्मक कार्यक्रम संचालन गर्ने गराउने ।<br>४.पार्टी नीति, अनुसन्धान, प्रशिक्षण र व्यक्तित्व विकाससंग सम्वन्धित विषयमा पार्टी साहित्य तथा पाठ्य सामाग्री तयार गरी प्रकाशन गर्ने गराउने ।<br>५.पार्टीको नीति निर्माण एवं प्रशिक्षण कार्यक्रममा सहयोग गर्न अन्य देशका राजनीतिक दल, अन्तर्राष्ट्रिय संघ संस्थासंग सम्पर्क समन्वय गरी सभा सम्मेलन, गोष्ठी आयोजना गर्ने ।<br>६.हरेक ६/६ महिनामा आफ्नो कार्य प्रगति प्रतिवेदन पार्टी केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने ।<br>७.पार्टीको हितमा तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने । |
| ३७. <u>केन्द्रीय विभागहरू</u> : केन्द्रीय कार्यसमितिले केन्द्रमा केन्द्रीय सदस्यको प्रमुखत्वमा संगठन विभाग, अन्तर्राष्ट्रिय सम्वन्ध विभाग, संसदीय विभाग, स्थानीय निकाय विभाग, प्रचार विभाग, महिला विभाग, विद्यार्थी विभाग, तरूण विभाग, पेशागत तथा वुद्धिजीवी विभाग, सांस्कृतिक विभाग, शिक्षा तथा स्वास्थ्य विभाग, गैरसरकारी संस्था एवं सामाजिक सेवा विभाग, अनुसन्धान तथा अभिलेख विभाग, उद्योग व्यापार यातायात तथा व्यवसाय विभाग, कृषि तथा सहकारी विभाग, संवैधानिक तथा कानून विभाग, आदिवासी तथा जनजाति विभाग, अनुगमन तथा मूल्याङ्कन विभाग, खेलकूद विभाग, प्राकृतिक स्रोत विभाग, प्रशासन विभाग, | **<u>विधानको धारा ३७ मा भएको व्यवस्था हटाई सोही धारामा देहाय बमोजिम उल्लेख गर्ने ।</u>**<br>**<u>धारा ३७</u>**<br>१) केन्द्रीय कार्यसमितिले केन्द्रमा केन्द्रीय सदस्यको प्रमुखत्वमा केन्द्रीय विभाग गठन गर्नेछ ।<br>२) प्रत्येक विभागमा बढीमा ३१ जना सदस्य रहनेछ ।<br>३) प्रमुखले केन्द्रीय सभापतिको परामर्शमा एक जना उपप्रमुख र एक जना सचिव तोक्नेछन् ।<br>४) विभागमा उपप्रमुख, सचिव, सदस्य हुन पार्टीको क्रियाशील सदस्य हुनु पर्नेछ ।<br>५) उपप्रमुख, सचिव र सदस्यहरुको मनोनयन गर्दा समानुपातिक समावेशी सिद्धान्तलाई मध्यनजर गरिनेछ ।<br>६) विभागमा मनोनयन गर्दा पार्टी सदस्यहरुको रुचि, विज्ञता, अनुभव र पार्टीमा पुऱ्याएको |

| | |
|---|---|
| श्रमिक विभाग, नेपाली जनसम्पर्क समिति समन्वय विभाग, वैदेशिक रोजगार क्षेत्र समन्वय विभाग, अपाङ्ग विभाग, भूपू सैनिक विभाग, दलित विभाग, द्वन्द व्यवस्थापन विभाग आदि विभिन्न विभागहरू एवं अन्य निकायहरू तोकिए बमोजिम गठन हुनेछन् । केन्द्रीय विभाग एवं निकायहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । विभागका सदस्य हुन पार्टीको क्रियाशील सदस्यता प्राप्त गरेको हुनुपर्नेछ । समग्रमा विभागहरू बनाउँदा समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ । | योगदानलाई आधार बनाइनेछ ।<br>७) प्रमुखले विभागको बैठकमा आवश्यकतानुसार कुनै पनि व्यक्तिलाई आमन्त्रीत गर्न सक्नेछ ।<br>८) विभागको कार्य क्षेत्र हेरि विशेषज्ञ संलग्न गराई विभिन्न इकाई उपसमिति वा कार्यदल गठन गर्न सकिनेछ ।<br>९) विभागको बैठक कम्तीमा महिनामा एक पटक बस्नेछ ।<br>१०) विभागले प्रत्येक ६ महिनामा विभागको कार्यसम्पादन गरेको प्रगति प्रतिवेदन केन्द्रीय समितिलाई बुझाउनु पर्नेछ ।<br>११) पार्टीको भातृ र शुभेच्छुक संस्थालाई केन्द्रीय कार्यसमितिले तोके बमोजिमका विभागले समन्वय गरी क्रियाशील गराउनेछ ।<br>१२) प्रत्येक विभागले आफुसंग सम्बन्धित विषय बारे प्रचलित संविधान र कानूनमा भएका व्यवस्था, नेपाल सरकारले तर्जुमा गरेको नीति, सरकारले तत् सम्बन्धमा गरेको कामहरुको अनुगमन मूल्यांकन गरी केन्द्रीय कार्यसमितिलाई जानकारी र सो सम्बन्धमा पार्टीले गर्नु पर्ने कार्यको सुझाव दिने ।<br>१३) केन्द्रीय कार्यसमितिले विभागलाई थप कार्य गर्न निर्देशन दिन सक्नेछ ।<br>१४) केन्द्रीय कार्यसमितिले यस विधानमा उल्लेखीत विभाग वाहेक आवश्यकता अनुसार अन्य विभाग गठन गर्न र काम, कर्तव्य, अधिकार तोक्न सक्नेछ ।<br>१५) विभाग सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>१६) केन्द्रीय विभागहरु देहाय बमोजिम हुनेछन् :<br><br>**<u>१. संगठन विभाग</u>**<br>क) पार्टीको विधान र नियमावली बमोजिम सदस्यताको वितरण, अनुगमन र अद्यावधिक गर्ने व्यवस्थापन गराउने ।<br>ख) पार्टीको संगठन विस्तार र सुदृढीकरणका लागि अन्य आवश्यक कार्य गर्ने ।<br>ग) मातहतका समितिहरुको क्रियाशीलता र क्रियाकलाप बारे नियमित अनुगमन र मुल्याकंन गर्ने ।<br>**<u>२. अन्तर्राष्ट्रिय सम्बन्ध विभाग</u>**<br>क) अन्तर्राष्ट्रिय सम्बन्ध बारे अध्ययन अनुसन्धान गरी पार्टीको नीति निर्माणमा सहयोग गर्ने ।<br>ख) अन्य मुलुक, विभिन्न देशका राजनीतिक दल र कुटनितिक क्षेत्रसंग सम्पर्क गरी सुमधुर सम्बन्ध बनाउने ।<br>ग) नेपालस्थित मित्रराष्ट्रहरुका दुतावास र विभिन्न देशमा रहेका नेपाली दुतावास, नियोग र वाणिज्य दुतसंग सम्पर्क सम्बन्ध बनाउने । |

**३. संवैधानिक कानून तथा संसदीय मामिला**

क) राष्ट्रिय अन्तर्राष्ट्रिय संवैधानिक एंव कानूनी विषयमा केन्द्रीय समितिलाई सुझाव सल्लाह दिने ।

ख) पार्टीसंग सम्बन्धित मुद्दा मामिला तथा कानूनी विषयमा कार्य गर्ने ।

ग) नेपाली कांग्रेसको संसदीय दललाई व्यवस्थित क्रियाशील बनाउन र पार्टीसंग समन्वय गर्न सहयोग गर्ने ।

घ) देशको मानव अधिकारको अवस्थाको अध्ययन मुल्याकंन गरी आवश्यक सुझाव सहित केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने ।

ङ) पार्टीका निवर्तमान सांसद, संविधानसभा सदस्य, प्रदेशसभा सदस्यर सम्वन्धित सबै सस्थासँग समन्वय गरि पार्टी हितमा परिचालन गर्ने ।

च) प्रदेशसभा, संसदीय दलहरुका काम कारवाही वारे जानकारी लिई केन्द्रीय समितिलाई सुझाव सहित जानकारी गराउने ।

**४. संघीय मामिला तथा स्थानीय तह विभाग**

क) संघीयतालाई सुदृढ गर्दै जनताको हितमा प्रभावकारी वनाउन केन्द्रीय कार्यसमितिलाई नीति निर्माणमा सहयोग गर्ने ।

ख) प्रदेश सरकार, प्रदेश सभाका काम कारवाहीको मूल्याकंन गर्ने र प्रदेशमा पार्टीको तर्फबाट निर्वाचित सदस्यको काम प्रभावकारी बनाउन केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।

ग) स्थानीय तहका काम, कारवाहीको अध्ययन गर्ने, स्थानीय तहमा पार्टीबाट निर्वाचित पार्टी सदस्यको प्रभावकारिता वृद्धि गर्न र निर्वाचित पार्टी सदस्य र पार्टीबिच समन्वय गर्न केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।

घ) स्थानीय तहका निर्वाचित पदाधिकारी र कर्मचारीका महासंघहरुसंग समन्वय गर्ने ।

ङ) स्थानीय निकाय र तहमा कार्यगरि निवर्तमान भएका पार्टी सदस्य र सम्वन्धित संस्थाहरुसँग सवन्वय गरि पार्टी हितमा परिचालन गर्ने ।

**५. सूचना, संचार तथा प्रचार**

क) सूचना संकलन गर्ने, अध्ययन विश्लेषण गर्ने, पार्टीको हितमा प्रचार प्रसार गर्ने, पार्टी विरुद्धका आरोपको खण्डन गर्ने ।

ख) पार्टीको मुखपत्र, साहित्य आदि प्रकाशन गर्ने, पुस्तकालय संचालन गर्ने ।

ग) पार्टीले भाग लिएको निर्वाचनमा पार्टीका तर्फबाट निर्वाचन रणनीति तय गर्ने, निर्वाचन सामाग्री तयारी तथा वितरण गर्ने गराउने ।

घ) पार्टीबाट संचालित कार्यक्रम, अभियानको निरन्तर प्रचार प्रसार गर्ने ।

**६. पेशागत तथा वुद्धिजीवि विभाग**

क) पार्टीसंग आवद्ध वा वैचारिक रुपले नजिक रहेका पेशागत एवं वुद्धिजीवि संस्था र व्यक्तिहरुसंग सम्बन्ध, सम्पर्क बनाई क्रियाशील बनाउन कार्य गर्ने ।

ख) देशभरीका पेशागत तथा वुद्धिजीवि संघ संस्था नागरिक समाज वा व्यक्तिहरुको अभिलेख राख्ने र आवश्यक सम्पर्क तथा समन्वय गर्ने ।

ग) वुद्धिजीवि नागरिक समाजका व्यक्तिहरुसंग निरन्तर बैठक अन्तरक्रिया गरी पार्टीका नीति, कार्ययोजना बनाउन सुझाव लिने ।

**७. भाषा, साहित्य, कला तथा संस्कृति विभाग**

क) भाषा, साहित्य, कला तथा संस्कृति बारे अध्ययन अनुसन्धान गर्ने । सम्बन्धित क्षेत्रमा नीति तर्जुमा गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ख) भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक कार्य गर्न केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।

ग) भाषा, साहित्य, कला र संस्कृतिसंग सम्वद्ध संघ संस्था वा व्यक्तिहरुसंग सम्बन्ध सम्पर्क स्थापित गर्ने ।

**८. शिक्षा विज्ञान तथा प्रविधि विभाग**

क) पार्टीसंग सम्वद्ध वा वैचारिक रुपले निकट रहेका शिक्षा क्षेत्रका संघ संस्थाहरुलाई क्रियाशील वनाई परिचालन गर्ने ।

ख) देशको शैक्षिक अवस्थाको अध्ययन अनुसन्धान गरी समग्र शिक्षा नीति तयार गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ग) विज्ञान तथा प्रविधिको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिहरुसंग सम्पर्क समन्वय गर्ने । विज्ञान प्रविधिको क्षेत्रको अध्ययन अनुसन्धान गरी नीति निर्माणमा केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

घ) उच्च माध्यमिक तहसम्म शिक्षालाई निशुल्क गर्न आवश्यक कार्य गर्ने ।

ङ) उच्च शिक्षा गुणस्तरीय र सर्वशुलभ गराउन आवश्यक कार्य गर्ने । प्राविधिक शिक्षालाई गुणस्तरीय र सर्वसाधारण जनताको पहुँचमा पुग्ने गरी उपलव्ध गराउन आवश्यक कार्य गर्ने ।

च)शैक्षिक क्षेत्रलाई सवल बनाउन कार्यकर्ताहरुलाई क्रियाशील हुन प्रोत्साहित गर्ने ।

**<u>९) गैर सरकारी संस्था तथा सामाजिक सेवा विभाग</u>**

क) पार्टीसंग सम्वद्ध वा वैचारिक रुपले निकट रहेका संघ संस्था महासंघहरुसंग समन्वय, सम्पर्क राखी पार्टी हितमा परिचालन गर्ने ।

ख) अन्तर्राष्ट्रिय स्तरका र देशभित्र कार्यरत गैर सरकारी संस्थाहरुको विवरण राख्ने, तीनको काम कारवाहीको अध्ययन अनुसन्धान गरी सुझाव सहितच केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने ।

ग) राष्ट्रिय स्तरका गैर सरकारी संस्था र सामाजिक सुरक्षा लगायत सामाजिक सेवा वारे नीति तर्जुमा गर्न केन्द्रीय समितिलाई सहयोग गर्ने ।

**<u>१०. अनुगमन, मुल्याकंन तथा अभिलेख विभाग</u>**

क) जनस्तरमा पार्टीको छवी वारे अनुगमन गरी मूल्यांकन गर्ने र पार्टीको छवी उकास्न गर्नु पर्ने आवश्यक कार्य बारे सुझाव दिने ।

ख) पार्टीको निकायहरुबाट भएका कामले जनस्तरमा पर्न गएको प्रभाव वारे मूल्यांकन गरी आवश्यक सुझाव दिने ।

ग) जनस्तरमा अन्य राजनीतिक दलहरुको छवि बारे मूल्यांकन गर्ने र केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।

घ) पार्टीका सबै सदस्य, भ्रातृ तथा शुभेच्छुक संस्थाका सदस्यको र पार्टीका सम्पूर्ण गतिविधिहरुको अभिलेख राख्ने ।

ङ) पार्टीको जन्मकालदेखि नै महत्वपूर्ण योगदान पुर्‍याएका सदस्यहरुको अभिलेख राख्ने ।

च) पार्टीका सम्पूर्ण दस्तावेजहरु सुरक्षीत राख्ने ।

**<u>११. उद्योग तथा वाणिज्य विभाग</u>**

क) देशमा संचालित ठूला, मझौला, साना उद्योगको विवरण तयार गरी उद्योग मैत्री वातावरण तयार गर्न आवश्यक कार्य गर्ने ।

ख) देशको उद्योग वाणिज्य क्षेत्रको समग्र अध्ययन अनुसन्धान गरी नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ग) वस्तु आयात र निर्यातबीचको असन्तुलन र बढ्दो व्यापार घाटाका कारण बारे अध्ययन, अनुसन्धान गरी निर्यात बढाउन र व्यापार घाटा कम गर्न नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।

घ) उद्योग तथा वाणिज्य क्षेत्रमा क्रियाशील संस्था, महासंघहरुसंग सम्पर्क समन्वय गर्ने र पार्टी हितमा क्रियाशील गराउने ।

ङ) वैदेशिक लगानीका लागि आवश्यक नीति बनाउन

सहयोग गर्ने ।

**१२. पर्यटन विभाग**

क) देशको पर्यटन क्षेत्रको समग्र अध्ययन, अनुसन्धान गरी पर्यटक नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ख) पर्यटन व्यवसायसंग आवद्ध संघ संस्थाहरुको विवरण राख्ने, त्यस्ता संघ संस्थाहरुलाई पार्टीको हितमा क्रियाशील बनाउने काम गर्ने ।

ग) पर्यटन क्षेत्रको प्रवर्द्धन, सम्वर्द्धन र विकास तथा पर्यटन क्षेत्रका नयाँ पूर्वाधार र सम्भावनाहरु बारे अध्ययन अनुसन्धान गरी आवश्यक नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

**१३. कृषि तथा भूमिसुधार विभाग**

क) किसानको हक हितकालागि समग्र कृषि क्षेत्रको अध्ययन अनुसन्धान गरी केन्द्रीय कार्यसमितिलाई कृषि नीति बनाउन सहयोग गर्ने ।

ख) भूमिको व्यवस्थापन, उर्वर शक्ति वढाउने, वस्ती व्यवस्थापन गर्ने, सिंचाइ, मल/खाद, विउको सर्व सुलभताको स्थिति बनाउन आवश्यक नीति बनाउन पार्टीलाई सहयोग गर्ने ।

ग) कृषि उत्पादनमा आत्म निर्भर हुन आवश्यक नीति बनाउन सहयोग गर्ने ।

घ) सुकुम्वासी, हलिया, भूमिहिन व्यक्तिहरुको वसोवासको उचित व्यवस्थापनको लागि आवश्यक अध्ययन अनुसन्धान गरी आवश्यक सुझाव दिने ।

**१४. यूवा तथा खेलकुद विभाग**

क) युवाको ज्ञान सिप र उर्जालाई मुलुकको हितमा प्रयोग हुने गरी पार्टीको युवा नीति बनाउन आवश्यक अध्ययन गरी केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ख) खेलकुद सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गरी राष्ट्रिय खेलकुद नीति बनाउन केन्द्रीय समितिलाई सहयोग गर्ने ।

ग) पार्टीसंग आवद्ध खेलकुद सम्वद्ध संघ संस्थाहरुसंग सम्पर्क समन्वय गरी पार्टीको हितमा क्रियाशील तुल्याउने ।

ग) राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा ख्याती प्राप्त खेलाडीहरुको विवरण तयार गरी सम्पर्क सम्वन्ध बढाउने र खेलाडीहरुलाई प्रोत्साहित गर्न विभिन्न कार्य गर्ने ।

**१५. प्राकृतिक स्रोत जल तथा उर्जा विभाग**

क) अथाह सम्भावना रहेको जल र उर्जाको अधिकतम सदुपयोग गर्ने बारेमा अध्ययन, अनुसन्धान गरी यसलाई सम्वृद्धिको आधार बनाउन नीति बनाउन सहयोग गर्ने ।

ख) जलस्रोत, खनिज, उर्जा, जंगल, जमिन लगायत सबै प्राकृतिक स्रोत बारे अध्ययन अनुसन्धान गरी नीति निर्माण गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ग) प्राकृतिक स्रोतहरुको पहिचान, उपयोगको सम्भाव्यता अध्ययन गरी देश हितमा सदुपयोग गर्न आवश्यक कार्य गर्ने ।

**१६. शान्ति, सुरक्षा तथा प्रशासन सेवा विभाग**

क) शान्ति सुरक्षासंग सम्बन्धित निकाय र नागरिक प्रशासनलाई स्वतन्त्र, निश्पक्ष, भ्रष्टाचारमुक्त, सक्षम र पेशागत बनाउन आवश्यक नीति तर्जुमा गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ख) देशको शान्ति सुरक्षा र निजामती प्रशासनको अवस्था बारे अध्ययन गरी केन्द्रीय समितिलाई जानकारी गराउने । शान्ति, सुरक्षा र नागरिक प्रशासन सम्वन्धमा पार्टीलाई नीति बनाउन वा परिमार्जन गर्न सहयोग गर्ने ।

ग) शान्ति सुरक्षा र प्रशासनको क्षेत्रमा काम गरी सेवा निबृत भएका व्यक्तिहरुको संघ संस्था र व्यक्तिहरुसंग सम्पर्क समन्वय गरी तिनलाई पार्टीका पक्षमा क्रियाशील गराउने काम गर्ने ।

**१७. श्रमिक तथा ट्रेड यूनियन विभाग**

क) औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको विवरण तयार गरी श्रमिकको हकहितका लागि आवश्यक नीति बनाउन वा परिमार्जन गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ख) देशमा कार्यरत ट्रेड यूनियनहरु बारे अध्ययन गरी जानकारी राख्ने र केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने ।

ग) श्रमशोषण, बालश्रमको अन्त्य गर्ने, श्रमिक विमा सुविधाको बढोत्तरी गर्ने लगायतका श्रमिकका हकहितमा आवश्यक कार्य गर्ने ।

**१८. जनसम्पर्क समन्वय, वैदेशिक रोजगार तथा आप्रवासन विभाग**

क) विदेशस्थित नेपाली जनसम्पर्क समितिहरुलाई क्रियाशील बनाई परिचालन गर्ने ।

ख) विदेशमा रहेका नेपाली नागरिकहरुबिच पार्टी संगठन विस्तार गर्न आवश्यक कार्य गर्ने ।

ग) नेपालको आप्रवासनको अवस्था यसका सकारात्मक र नकारात्मक पक्षहरुको अध्ययन गरी आप्रवासन सम्बन्धि नीति बनाउन पार्टीलाई सहयोग गर्ने ।

घ) देशभित्र रोजगारी सृजन ागर्ने र वैदेशिक रोजगारलाई सुरक्षित एवं मर्यादित बनाउन नीतिगत सुधारका निम्ति नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सहयोग

गर्ने ।

ङ) गैर आवासिय नेपालीहरुको संस्थासंग प्रभावकारी सम्पर्क स्थापित गर्ने ।

च) विप्रेषणलाई देशभित्र उत्पादनमुलक कार्यमा लगानी गरी सदुपयोगको नीतिगत व्यवस्था गर्न सहयोग गर्ने ।

छ) विदेशमा समस्यामा परेका नेपालीलाई सहयोग गर्न आवश्यक समन्वय गर्ने ।

**१९. द्वन्द्व व्यवस्थापन तथा मेलमिलाप विभाग**

क) समाजमा विद्यमान सबैखाले द्वन्द्व बारे अध्ययन गर्ने ।

ख) पार्टीका शहिद, शहिद परिवार, हिंसा/आतंकबाट पीडित पार्टीका सदस्यहरुको विवरण तयार गर्ने र त्यस्ता पीडितहरुलाई न्याय दिन आवश्यक कार्य गर्ने ।

ग) द्वन्द्वको स्थायी समाधान, द्वन्द्व पीडितहरुलाई राहत र द्वन्द्वको पुनरावृत्ति हुन नदिने सुनिश्चतताका लागि केन्द्रीय समितिलाई आवश्यक सुझाव दिने ।

घ) मेलमिलाप गर्न परामर्शको अभियान संचालन गर्ने ।

**२० स्वास्थ्य तथा पोषण विभाग**

क) स्वास्थ्यमा सबै नागरिकको सरल र सहज पँहुच पुऱ्याउन आवश्यक नीति तर्जुमा गर्न अध्ययन अनुसन्धान गरी केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।

ख) स्वास्थ्य र पोषण क्षेत्रमा सम्बन्धित नीति बनाउन र परिमार्जन गर्न पार्टीलाई सुझाव दिने ।

ग) स्वास्थ्य क्षेत्रमा कार्यरत संघ संस्थाहरुसंग सम्पर्क र समन्वय गरी पार्टीको हितमा क्रियाशील गराउने ।

घ) सरकारी नीजी तथा सामुदायिक स्वास्थ्य संस्थाको अध्ययन गरी आवश्यक नीति बनाउन पार्टीलाई सहयोग गर्ने ।

ङ) नागरिकले आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने अवस्था सिर्जना गर्न आवश्यक कार्य गर्ने ।

च) असाध्य वा कडा रोग लागेका विरामी, उचित उपचारको अभावमा रहेका नागरिक, प्राकृतिक विपद् वा दुर्घटना जस्ता कारणबाट अस्वस्थ्य भएका विरामी, अपांग भएका व्यक्तिहरुलाई स्वास्थ्य उपचार वा विभिन्न सहयोग गर्न पार्टी सदस्यलाई प्रोत्साहन गर्ने ।

छ) स्वास्थ्य शिक्षालाई गुणस्तरीय नागरिकको सर्वसुलभ पहुँचको बनाउने कार्य गर्ने ।

ज) स्वास्थ्य र पोषणमा राज्यको वढी भन्दा वढी लगानीको अवस्था सृजना गर्ने ।

**२१. वन, वातावरण तथा विपद व्यवस्थापन विभाग**

क) वन तथा वातावरण सम्बन्धि नीति निर्माण वा परिमार्जन गर्न पार्टीलाई सहयोग गर्ने ।

ख) वन तथा वातावरण क्षेत्रमा कार्यरत संघ संस्था सामुदायिक वन उपभोक्ता समितिहरुसंग सम्पर्क समन्वय गरी पार्टीको हितमा क्रियाशील गराउने ।

ग) विपद व्यवस्थापनको राष्ट्रिय नीति निर्माण गर्न पार्टीलाई सहयोग गर्ने ।

घ) बाढी, पहिरो, भूकम्प, दुर्घटना जस्ता विपदहरुमा परि पीडित भएका व्यक्ति वा परिवारलाई पार्टीको तर्फबाट उद्धार, राहत, पुर्नस्थापना जस्ता कार्यमा सहयोग गर्न भातृ एवं शुभेच्छुक संघ संस्था समेतलाई परिचलान गर्ने ।

ङ) वातावरण सम्बन्धि अध्ययन अनुसन्धान गरी दिर्घकालीन नीति निर्माण गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

**२२. लैङ्गिक समता, सामाजिक सुरक्षा एवं कल्याण विभाग**

क) लैङ्गिक समतालाई सुनिश्चित गर्न आवश्यक नीति निर्माणमा सहयोग गर्ने ।

ख) सामाजिक सुरक्षा पाउनु पर्ने क्षेत्रको पहिचान गरी पार्टीको नीति निर्माण वा परिमार्जन गर्न सहयोग गर्ने ।

ग) अन्तर्राष्ट्रिय जगतमा यसका सफल प्रयोगका बारेमा अध्ययन अनुसन्धान गरी केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।

घ) यस क्षेत्रमा कार्यरत राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग सम्पर्क समन्वय गर्ने ।

ङ) लोक कल्याणकारी राज्य स्थापनाकालागि आवश्यक नीति तर्जुमा र कार्य गर्न सहयोग गर्ने ।

**२३. आर्थिक नीति तथा योजना विभाग**

क) देशको समग्र आर्थिक पक्षको अध्ययन गरी आर्थिक नीति तर्जुमा वा परिमार्जन गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ख) सबै वित्तिय संस्थाहरुको काम कारवाहीको अध्ययन गर्ने र सो सम्बन्धमा नीति बनाउन केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ग) वित्तिय क्षेत्रका संघ संस्थासंग समन्वय गर्ने ।

घ) देशका लागि आवश्यक योजना (दिर्घकालीन, कल्पकालीन) संचालन गर्न नीतिगत व्यवस्था गर्न केन्द्रीय कार्यसमितिलाई सहयोग गर्ने ।

ङ) आर्थिक वित्तिय र योजनाका क्षेत्रसंग सम्बन्धित तथ्य तथ्यांक संकलन गर्ने ।

**२४. भौतिक पूर्वाधार, निर्माण तथा यातायात विभाग**

क) देशमा आवश्यक भौतिक पूर्वाधार निर्माण बारे केन्द्रीय कार्यसमितिलाई नीति बनाउन सहयोग गर्ने ।

ख) दिगो तथा गुणस्तरिय निर्माण कार्यकालागि आवश्यक नीति बनाउन सुझाव दिने ।

ग) विकास निर्माण र यातायात क्षेत्रसंग सम्वद्ध संघ संस्थाहरुसंग सम्पर्क समन्वय गरी पार्टीको हितमा क्रियाशील गराउने ।

घ) यातायात बारे राष्ट्रिय नीति तर्जुमा गर्न केन्द्रीय कार्यसमितिलाई सुझाव दिने ।

**२५. अन्य पार्टी सम्पर्क विभाग**

क) देशमा क्रियाशील अन्य राजनीतिक दलको संख्या आदर्श, नीति, कार्यक्रम, कार्यक्षेत्र, विधान, घोषणापत्र बारे अध्ययन गर्ने र केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने ।

ख) अन्य राजनीतिक दलका गतिविधि र जनतामा प्रभावको मुल्याकंन गरी सुझाव सहित केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने ।

ग) अन्य पार्टीसंग आवश्यकता अनुसार सम्पर्क गर्ने ।

घ) पार्टीको अन्य पार्टीसंगको वैचारिक वा कार्यनीतिगत समानता र फरकको विश्लेषण गर्ने र केन्द्रीय कार्यसमितिलाई सोको जानकारी गराउने ।

**२६. सहकारी विभाग**

क) देशभरि कार्यरत सहकारी संस्था, यीनको कार्यक्षेत्र बारे विवरण राख्ने ।

ख) सहकारी अभियानलाई वृद्धि गर्ने, यस अभियानमा पार्टी सदस्यलाई संलग्न गराउन प्रोत्साहित गर्ने ।

ग) सहकारी वारे पार्टीको नीति तर्जुमा गर्न सहयोग गर्ने ।

घ) पार्टीसंग निकटता भएका सहकारी संस्था वा यीनका संघ, महासंघसंग समन्वय गर्ने ।

**२७. भातृ संस्था समन्वय विभाग**

क) भातृ संस्थाहरुसंग समन्वय गरी क्रियाशील बनाउने र परिचालन गर्ने ।

ख) भातृ संस्थाहरुकाबीच समन्वय कायम गर्ने ।

ग) भातृ संस्थाको गतिविधिको अनुगमन मूल्याकंन गरी केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने र आवश्यक निर्देशन दिने ।

**२८. शुभेच्छुक संस्था समन्वय विभाग**

क) पार्टीको शुभेच्छुक संस्थाहरुसंग समन्वय गर्ने र पार्टी हितमा क्रियाशील गराउने ।

ख) शुभेच्छुक संस्थाहरुबीच समन्वय गराउने ।

ग) शुभेच्छुक संस्थाका कामहरु बारे केन्द्रीय समितिलाई जानकारी गराउने ।

घ) शुभेच्छुक संस्थालाई सुझाव दिने ।

**२९. भातृ एवं शुभेच्छुक (जातिय संस्था) समन्वय विभाग**

क) पार्टीको भातृ एवं शुभेच्छुक संस्थाहरु (जातिय) संग समन्वय गर्ने र पार्टी हितमा परिचालन गर्ने ।

ख) भातृ एवं शुभेच्छुक संस्थाहरुबिच समन्वय गराउने ।

ग) भातृ एवं शुभेच्छुक संस्थाका कामहरु बारे केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने ।

घ) भातृ एवं शुभेच्छुक संस्थालाई सुझाव दिने ।

| | |
|---|---|
| | ङ) सबै जाती, वर्ग, धर्म, संस्कृतिका बीच सामाजिक सद्भाव कायम गर्न आवश्यक कार्य गर्ने । |
| **३८. लेखापरीक्षण समिति** : केन्द्रदेखि जिल्ला तहसम्म सम्बन्धित कार्यसमितिले कार्यसमितिका सदस्यको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गर्नेछ । लेखापरीक्षण समितिले लेखापरीक्षक नियुक्ति गरी सम्बन्धित कार्यसमितिको वार्षिक आय-व्ययको लेखापरीक्षण गराउनेछ र प्रतिवेदन कार्यसमितिमा बुझाउनेछ । प्राप्त प्रतिवेदन कार्यसमितिले पारित गरी कोषाध्यक्षले सम्बन्धित महाधिवेशन/अधिवेशनमा प्रस्तुत गर्नेछ । | **३८.लेखापरीक्षण समिति** :<br>(१) केन्द्रदेखि जिल्ला तहसम्म सम्बन्धित कार्यसमितिले कार्यसमितिका सदस्यको संयोजकत्वमा लेखापरीक्षण समिति गठन गर्नेछ ।<br>(२) लेखापरीक्षण समितिले लेखापरीक्षक नियुक्ति गरी सम्बन्धित कार्यसमितिको वार्षिक आय-व्ययको लेखापरीक्षण ***गराई*** प्रतिवेदन कार्यसमितिमा बुझाउनेछ ।<br>(३) ***कार्यसमितिले*** प्राप्त प्रतिवेदन पारित गरी कोषाध्यक्षले सम्बन्धित महाधिवेशन/अधिवेशनमा प्रस्तुत गर्नेछ । |
| **३९. ज्येष्ठ राजनीतिज्ञ सभा** : नेपाली कांग्रेसमा रही लामो समयदेखि निरन्तर योगदान पुऱ्याउँदै आएका तर वर्तमान अवस्थामा पार्टीको कुनै पनि तहको संरचनामा नरहेका ६५ वर्ष उमेर पुगेका पार्टीका ज्येष्ठ राजनीतिककर्मीहरूको केन्द्रीय सभापतिको अध्यक्षतामा तोकिए बमोजिम केन्द्रमा ज्येष्ठ राजनीतिज्ञ सभा रहनेछ । यो सभाले पार्टीलाई सल्लाह सुझाव तथा प्रेरणा दिने काम गर्नेछ । त्यस्तै गरेर जिल्लामा जिल्ला सभापतिको अध्यक्षतामा ज्येष्ठ राजनीतिज्ञ समिति रहनेछ । | **३९.ज्येष्ठ राजनीतिज्ञ सभा** : नेपाली कांग्रेसमा रही लामो समयदेखि निरन्तर योगदान पुऱ्याउँदै आएका ***सम्मानीत सदस्यहरु,*** तर वर्तमान अवस्थामा पार्टीको कुनै पनि तहको संरचनामा ***सक्रिय*** नरहेका ६५ वर्ष उमेर पुगेका पार्टीका ज्येष्ठ राजनीतिककर्मीहरूको केन्द्रीय सभापतिको अध्यक्षतामा तोकिए बमोजिम केन्द्रमा ज्येष्ठ राजनीतिज्ञ सभा रहनेछ । यो सभाले पार्टीलाई सल्लाह सुझाव तथा प्रेरणा दिने काम गर्नेछ । त्यस्तै गरेर जिल्लामा जिल्ला सभापतिको अध्यक्षतामा ज्येष्ठ राजनीतिज्ञ समिति रहनेछ ।<br>***ज्येष्ठ राजनीतिज्ञ सभाले पार्टीको सबै तह र संरचना तथा पदाधिकारी र कार्यसमितिहरुलाई सल्लाह, सुझाव र परामर्श दिनेछ ।***<br>***जिल्ला र प्रदेशमा क्रमश जिल्ला सभापति र प्रदेश सभापतिको अध्यक्षतामा ज्येष्ठ राजनीतिज्ञ सभाको गठन तोकिए बमोजिम हुनेछ ।*** |
| **४०. संसदीय दल** : (१) प्रतिनिधिसभा, संविधानसभाका पार्टीका सांसदहरू नेपाली कांग्रेस संसदीय दलका सदस्य हुनेछन् ।<br>(२) संसदीय दलमा प्रतिनिधिसभा, संविधानसभाका सदस्यहरूले आफूमध्येबाट संसदीय दलको नेताको चयन गर्नेछन् ।<br>(३) संसदीय दलको काम, कर्तव्य र कार्यसञ्चालन केन्द्रीय कार्यसमितिद्वारा स्वीकृत संसदीय दलको विधान अनुसार हुनेछ । | **४०.संसदीय दल** :<br>(१) ***संघीय संसदमा रहेका*** पार्टीका सांसदहरू नेपाली कांग्रेस संसदीय दलका सदस्य हुनेछन् ।<br>(२) संसदीय दलमा प्रतिनिधिसभा***का*** सदस्यहरूले आफूमध्येबाट संसदीय दलको नेताको चयन गर्नेछन् ।<br>(३) संसदीय दलको काम, कर्तव्य र कार्यसञ्चालन केन्द्रीय कार्यसमितिद्वारा स्वीकृत संसदीय दलको विधान अनुसार हुनेछ ।<br>***४) पार्टीको तर्फबाट प्रदेश सभामा रहेका प्रदेश सभा सदस्यको एक प्रदेश सभा संसदीय दल हुनेछ । प्रदेश सभा संसदीय दलले केन्द्रीय कार्यसमितिबाट स्वीकृत विधान अनुसार कार्य गर्नेछ ।*** |
| | **विधानको धारा ४० पछि ४० (१) थप्ने :**<br>**४० (१) भातृ र शुभेच्छुक संस्था**<br>**क)भातृ संस्था**<br>***१)नेपाली कांग्रेसको आदर्श, उद्देश्य र सिद्धान्तलाई मान्ने*** |

| | |
|---|---|
| | ***वर्गीय वा अन्य रचनात्मक क्रियाकलापमा संलग्न संस्थालाई केन्द्रीय कार्यसमितिले निर्णय गरी भातृ संस्थाको मान्यता दिन सक्नेछ। मान्यता प्राप्त भातृ संस्था तोकिए बमोजिम अनुसूचिमा उल्लेख गरिनेछ।***<br>***२)भातृ संस्थाको विधान र सो को संशोधन केन्द्रीय कार्यसमितिबाट स्वीकृत गराउनु पर्नेछ।***<br>***३)भातृ संस्थाले पार्टीको उद्देश्य, नीति, कार्यक्रम र केन्द्रीय कार्यसमितिको निर्देशनको पालना गर्नु पर्नेछ।***<br>***४)एक भातृ संस्थामा संलग्न व्यक्ति अर्को भातृ संस्थाको पदाधिकारी वा सदस्य हुन पाउने छैन।***<br>***५) पार्टीको कुनैपनि तहको पदाधिकारी वा सदस्य भातृ संस्थाको पदाधिकारी वा सदस्य हुन पाउने छैन।***<br>***६)भातृ संस्थाले आफ्नो विधान अनुसार केन्द्रीय अधिवेशन गर्नु पर्नेछ। विधानमा उल्लेखित अवधिमा केन्द्रीय अधिवेशन हुन नसकेमा केन्द्रीय समिति स्वतः विघटन भएको मानिनेछ। पार्टीको केन्द्रीय कार्यसमितिले तत्काल अधिवेशन गर्न आवश्यक व्यवस्था गर्नेछ।***<br>***७)भातृ संस्था सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।***<br>***(८) पार्टीले भातृ संस्थाको विघठन वा पुर्नगडन गर्न सक्नेछ***<br>***(९) भ्रातृ संस्थाका पदाधिकारी पार्टीको कुनै पदमा निर्वाचित भएमा भ्रातृ संस्थाको पद स्वतः रहने छैन।***<br><br>***<u>ख) शुभेच्छुक संस्था</u>***<br>***१) पार्टीले अगालेका वृहत्तर आदर्श र नीतिमा क्रियाशील र सहयोगी रहने लोकतान्त्रिक मुल्य र मान्यतामा विश्वास गर्ने संघ संस्था वा समुहलाई केन्द्रीय कार्यसमितिले निर्णय गरी शुभेच्छुक संस्थाको मान्यता दिन सक्नेछ। मान्यता प्राप्त शुभेच्छुक संस्था तोकिए बमोजिम अनुसूचिमा उल्लेख गरिनेछ।***<br>***२)शुभेच्छुक संस्थाको उद्देश्य, सिद्धान्त र विधानको व्यवस्था लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित हुनु पर्नेछ।***<br>***३) शुभेच्छुक संस्था सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।*** |
| **परिच्छेद-६**<br>**<u>विविध</u>**<br><br>**४१. <u>पदावधि</u> :** पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरूको अवधि चार वर्षको हुनेछ। असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ। | **४१. <u>पदावधि</u> :** पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यहरूको अवधि चार वर्षको हुनेछ। असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ।<br><br>***<u>वैकल्पि प्रस्ताव</u>***<br>***<u>पार्टीका गाँउ, टोल, वडा, गाँउ कार्य समिति, सबै नगर समितिको कार्यकाल दुई वर्ष, प्रदेश सभा क्षेत्रीय कार्य समिति, प्रतिनिधि सभा क्षेत्रीय कार्य समिति जिल्ला कार्य समितिको अवधी तीन वर्ष र प्रदेश कार्य समिति र केन्द्रीय</u>*** |

| | |
|---|---|
| | ***कार्य समितिको अवधि चार  वर्षको हुनेछ । असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्नेछ ।***<br>**बैकल्पीक प्रस्ताव**<br>***पार्टीका विभिन्न तहका पदाधिकारी तथा सदस्यहरुको पदावधि फरक फरक हुने गरी तोकिए बमोजिम हुनेछ ।***<br>**बैकल्पीक प्रस्ताव**<br>***पार्टीका विभिन्न तहका पदाधिकारी तथा सदस्यहरुको पदावधि पाँच वर्ष हुनेछ ।*** |
| ४२.  **अविश्वासको प्रस्ताव** : (१) पार्टीका सबै तहका सभापतिका विरूद्ध सम्बन्धित निर्वाचकहरूको पच्चीस प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिमा दर्ता गर्न सक्नेछ ।<br>(२)  यसरी दर्ता हुन आएको प्रस्तावउपर आवश्यक छानबिन गरी साठी दिनभित्र सम्बन्धित निर्वाचकहरूको बैठक वा अधिवेशन बोलाई निर्णय गर्नुपर्नेछ । यस्तो निर्णय गर्दा उपसभापति र सो नभएमा महामन्त्री वा सचिवले बैठकको अध्यक्षता गर्नेछ ।<br>(३)  सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतले अविश्वास प्रस्ताव पारित हुनेछ ।<br>(४)  महाधिवेशनबाट निर्वाचित केन्द्रीय महामन्त्री एवं कोषाध्यक्ष साथै जिल्ला वा सो पनि सबै तहका सचिव एवं कोषाध्यक्षका विरुद्ध सम्बन्धित निर्वाचकहरूको बीस प्रतिशत सदस्यहरूले अविश्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिमा दर्ता गर्न सक्नेछन् । यसरी दर्ता हुन आएको प्रस्ताव उपर आवश्यक छानबिन गरी साठी दिनभित्र सम्बन्धित निर्वाचकहरूको बैठक वा अधिवेशन बोलाई निर्णय गर्नुपर्नेछ । यस्तो निर्णय गर्दा उपसभापति र सो नभएमा महामन्त्री वा सचिवले बैठकको अध्यक्षता गर्नेछ । सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत बहुमतले अविश्वास प्रस्ताव पारित गर्नेछ ।<br>(५)  पार्टीका सबै तहका सभापतिले प्रस्ताव गरी निर्वाचित कार्यसमितिबाट चयन भएका पदाधिकारीहरूलाई सम्बन्धित सभापतिको प्रस्तावबाट कार्यसमितिले पदमुक्त गर्न सक्नेछ । | ४२.  **अविश्वासको प्रस्ताव** : (१) पार्टीका सबै तहका सभापतिका विरूद्ध सम्बन्धित निर्वाचकहरूको पच्चीस प्रतिशत सदस्यले अविश्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिमा दर्ता गर्न सक्नेछ ।<br>(२)  यसरी दर्ता हुन आएको प्रस्तावउपर आवश्यक छानबिन गरी साठी दिनभित्र सम्बन्धित निर्वाचकहरूको बैठक वा अधिवेशन बोलाई निर्णय गर्नुपर्नेछ । यस्तो निर्णय गर्दा उपसभापति र सो नभएमा महामन्त्री वा ***प्रदेश मन्त्री,*** सचिवले बैठकको अध्यक्षता गर्नेछ ।<br>(३)  ***उपधारा (१) र (२) बमोजिम पेश भएको अविस्वासको प्रस्ताव*** सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतले अविश्वास प्रस्ताव पारित हुनेछ ।<br>(४)  ***केन्द्रदेखि मातहतका सबै तहका निर्वाचित पदाधिकारीको हकमा सम्बन्धित निर्वाचकहरुको वीस प्रतिशत*** सदस्यहरूले अविश्वासको प्रस्ताव सम्बन्धित कार्यसमितिमा दर्ता गर्न सक्नेछन् । यसरी दर्ता हुन आएको प्रस्ताव उपर आवश्यक छानबिन गरी साठी दिनभित्र सम्बन्धित निर्वाचकहरूको बैठक वा अधिवेशन बोलाई निर्णय गर्नुपर्नेछ । यस्तो निर्णय गर्दा उपसभापति र सो नभएमा महामन्त्री, ***प्रदेश मन्त्री*** वा सचिवले बैठकको अध्यक्षता गर्नेछ । सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत बहुमतले अविश्वास प्रस्ताव पारित गर्नेछ ।<br>(५) पार्टीका सबै तहका सभापतिले प्रस्ताव गरी निर्वाचित कार्यसमितिबाट चयन भएका पदाधिकारीहरूलाई सम्बन्धित सभापतिको प्रस्तावबाट कार्यसमितिले पदमुक्त गर्न सक्नेछ । |
| ४३.  **निलम्बन र विघटन** : पार्टीको कुनै | **केन्द्रीय कार्यसमितिको अधिकारमा थप गरिएको** |

| | |
|---|---|
| निकाय वा पदाधिकारी विधान वा केन्द्रीय निर्देशन विपरीत काममा संलग्न भएको देखिएमा वा निष्क्रिय भएको देखिएमा केन्द्रीय कार्यसमितिले आवश्यक छानविन गरी त्यस्तो निकाय वा पदाधिकारीलाई निलम्बन, विघटन वा हटाउन सक्नेछ। यसरी विघटन वा हटाइएकोमा केन्द्रीय कार्यसमितिले तत्काल तदर्थ समिति गठन गर्नेछ र छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गरिनेछ। पार्टीको विघटन भएमा पार्टीको हक र दायित्व प्रचलित कानून बमोजिम हुनेछ। | |
| ४४. **रिक्त स्थानको पूर्ति :** कुनै कारणले पार्टीका कुनै पनि निकायमा रिक्त हुन आउने स्थानका लागि यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक जुन प्रक्रियाबाट चयन भएको हो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ। | ४४. **रिक्त स्थानको पूर्ति :** कुनै कारणले पार्टीका कुनै पनि निकायमा रिक्त हुन आउने स्थानका लागि यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक जुन प्रक्रियाबाट चयन भएको हो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ। |
| ४५. **गणपूरक सङ्ख्या :** पार्टीका सबै निकायहरूको बैठकका लागि पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिनेछ। | ४५. **गणपूरक सङ्ख्या :** पार्टीका सबै निकायहरूको बैठकका लागि पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिनेछ। |
| ४६. **विधान संशोधन :** (१) यो विधानको संशोधन गर्नुपरेमा महाधिवेशनले सम्पूर्ण सदस्य संङ्ख्याको साधारण बहुमतले र महासमितिले सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले संशोधन गर्न सक्नेछ।<br>(२) विधान संशोधनको प्रस्ताव केन्द्रीय कार्यसमितिले र महाधिवेशन वा महासमितिका पच्चीस प्रतिशत सदस्यले केन्द्रीय कार्यसमिति मार्फत प्रस्तुत गर्न सक्नेछन्। | ४६. **विधान संशोधन :** (१) यो विधानको संशोधन गर्नुपरेमा महाधिवेशनले सम्पूर्ण सदस्य संङ्ख्याको साधारण बहुमतले र महासमितिले सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले संशोधन गर्न सक्नेछ।<br>(२) विधान संशोधनको प्रस्ताव केन्द्रीय कार्यसमितिले र महाधिवेशन वा महासमितिका पच्चीस प्रतिशत सदस्यले केन्द्रीय कार्यसमिति मार्फत प्रस्तुत गर्न सक्नेछन्। |
| ४७. नियमावली बनाउने : यो विधानअनुरूप केन्द्रीय कार्यसमितिले आवश्यक नियमावली र आचारसंहिता बनाई लागू गर्न सक्नेछ। | |
| ४८. **पार्टीको झण्डा, छाप चिन्ह र कार्यालय :** (१) झण्डा- समान आयातकार भएका तीन पाटामध्ये तल माथिका दुई पाटाहरू राता हुनेछन्। बीचको सेतो पाटोको केन्द्रको चारैतिर समान आकार प्रकारका पाँच चोसे राता रङका चार ताराहरू रहनेछन्। तल-माथि रहेका दुई ताराभन्दा दायाँ बायाँ रहेका दुई ताराको दूरी अनुपातअनुसार केही | ४८. **पार्टीको झण्डा, छाप चिन्ह र कार्यालय :** (१) झण्डा- समान आयातकार भएका तीन पाटामध्ये तल माथिका दुई पाटाहरू राता हुनेछन्। बीचको सेतो पाटोको केन्द्रको चारैतिर समान आकार प्रकारका पाँच चोसे राता रङका चार ताराहरू रहनेछन्। तल-माथि रहेका दुई ताराभन्दा दायाँ बायाँ रहेका दुई ताराको दूरी अनुपातअनुसार केही बढी हुनेछ।<br>(२) छाप- केन्द्रीय कार्यसमितिले तोकेअनुसार सबै |

| | |
|---|---|
| बढी हुनेछ ।<br>(२) छाप- केन्द्रीय कार्यसमितिले तोकेअनुसार सबै तहमा एकै किसिमको छाप हुनेछ ।<br>(३) चिन्ह - पार्टीको चुनाव चिन्ह “रूख” हुनेछ ।<br>(४) कार्यालय- पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा र अन्य कार्यालयहरू आ-आफ्ना क्षेत्रमा रहनेछन् । | तहमा एकै किसिमको छाप हुनेछ ।<br>(३) चिन्ह - पार्टीको चुनाव चिन्ह “रूख” हुनेछ ।<br>(४) कार्यालय- पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा र अन्य कार्यालयहरू आ-आफ्ना क्षेत्रमा रहनेछन् । |
| ४९. **विविध** : (१) पार्टीको निर्देशन प्रत्येक सदस्यका लागि सर्वोपरि र अनुल्लङ्घनीय हुनेछ ।<br>(२) पार्टीका विभिन्न निकायहरूको ***निर्माण*** मा समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ ।<br>(३) पार्टीको उद्देश्य र सिद्धान्तलाई मान्ने विभिन्न वर्गीय र सहयोगी सङ्घ संगठनहरूलाई भ्रातृसंस्थाको रूपमा केन्द्रीय कार्यसमितिले मान्यता दिन वा गठन गर्न सक्नेछ । भ्रातृसंस्थाको रूपमा मान्यता प्राप्त संस्थाले पार्टीको नीति र कार्यक्रम तथा निर्देशनको पालना तथा कार्यान्वयन गर्नु भ्रातृसंस्थाको कर्तव्य हुनेछ । पार्टीले आवश्यकता अनुसार भ्रातृसंस्थाहरूको पुनर्गठन तथा विघटन गर्न सक्नेछ । पार्टीका भ्रातृसंस्थाहरू सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>(४) पार्टीसँग आबद्ध नरहेको तर पार्टीले अँगालेका बृहत्तर आदर्शका निम्ति क्रियाशील र सहयोगी रहने लोकतान्त्रिक संघ, संस्था र समूहलाई केन्द्रीय कार्यसमितिले वैचारिक र नीतिगत समन्वय कायम राख्न आवश्यक व्यवस्था गर्न सक्नेछ । यस्ता शुभेच्छुक संस्थाहरूको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>(५) पार्टीको उद्देश्य र नीतिलाई समर्थन गर्दै यो विधानलाई मञ्जुर गर्ने नेपालका कुनै राजनीतिक दल वा संस्थालाई पार्टीमा गाभ्ने केन्द्रीय कार्यसमितिलाई अधिकार हुनेछ । तर सो निर्णयलाई पछि हुने महासमिति वा महाधिवेशनबाट अनुमोदन गराउनुपर्नेछ ।<br>((६) विधानको व्याख्या गर्ने र विधानमा उल्लेख भएका कुराहरूमा अपर्झट निर्णय गर्नु | ४९. **विविध** : (१) पार्टीको निर्देशन प्रत्येक सदस्यका लागि सर्वोपरि र अनुल्लङ्घनीय हुनेछ ।<br>(२) पार्टीका विभिन्न निकाय ***गठनमा*** समावेशी सिद्धान्तलाई ध्यान दिइनेछ ।<br>(३) पार्टीको उद्देश्य र नीतिलाई समर्थन गर्दै यो विधानलाई मञ्जुर गर्ने नेपालका कुनै राजनीतिक दल वा संस्थालाई पार्टीमा गाभ्ने केन्द्रीय कार्यसमितिलाई अधिकार हुनेछ । तर सो निर्णयलाई पछि हुने महासमिति वा महाधिवेशनबाट अनुमोदन गराउनुपर्नेछ ।<br>पार्टीका सबै तहका समितिले पार्टीका निम्ति योगदान दिएका र दिन सक्ने विशिष्ट व्यक्तिहरूलाई आफ्नो बैठकमा आमन्त्रित गर्न सक्नेछ ।<br>(४) पार्टी सदस्यता ***र सदस्यता नवीकरणको अवधि यसै विधान नियमावलीमा तोकिए बमोजिम हुनेछ ।*** तर नयाँ महाधिवेशन गर्ने प्रक्रिया सुरू हुँदा सदस्यता नवीकरण गर्नुपर्नेछ ।<br>(५) जिल्ला, ***प्रतिनिधिसभा क्षेत्र, प्रदेश सभा क्षेत्र,*** गाउँ, नगर, वडा, ***गाउँ टोल*** सभापतिहरूले राजिनामा दिँदा आफू भन्दा माथिल्लो निकायको सभापति समक्ष दिनुपर्नेछ । क्षेत्रीय प्रतिनिधिहरूले राजिनामा दिँदा क्षेत्रीय सभापति मार्फत जिल्ला सभापतिलाई दिनुपर्नेछ । महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यले राजिनामा दिँदा जिल्ला सभापति मार्फत केन्द्रीय सभापतिलाई दिनुपर्नेछ । अन्य पदाधिकारीले राजीनामा दिंदा आफ्नो कार्यसमितिको सभापति समक्ष दिनु पर्नेछ ।<br>(६) जिल्ला, ***प्रदेश सभा*** क्षेत्र, ***प्रतिनिधि सभा क्षेत्र,*** गाउँ, नगर, वडा, ***गाउँ टोल***का सभापतिको मृत्यु वा राजिनामाको कारणले पद रिक्त हुन गएमा सम्बन्धित समितिका उपसभापति कार्यवाहक सभापति हुनेछ । उपसभापति नभएको अवस्थामा सम्बन्धित कार्यसमितिले कार्यवाहक सभापतिको चयन गर्नेछ । यसरी रिक्त हुन आएको सभापति पदमा छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गरिनेछ । ***सम्बन्धित तहको अधिवेशन तोकिएको अवस्थामा वा*** (महाधिवेशन तोकिसकिएको |

परेमा पार्टीको परम्परालाई ध्यानमा राखी केन्द्रीय कार्यसमितिले गर्न सक्नेछ। त्यस्तो निर्णयलाई पछि हुने महासमिति वा महाधिवेशनमा पेस गरी समर्थन प्राप्त गर्नुपर्नेछ।)

(७) पार्टीका सबै तहका समितिले पार्टीका निम्ति योगदान दिएका र दिन सक्ने विशिष्ट व्यक्तिहरूलाई आफ्नो बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(८) पार्टी सदस्यता ***र सदस्यता नवीकरणको अवधि यसै विधान नियमावलीमा तोकिए बमोजिम हुनेछ।*** तर नयाँ महाधिवेशन गर्ने प्रक्रिया सुरू हुँदा सदस्यता नवीकरण गर्नुपर्नेछ।

(९) जिल्ला, ***प्रतिनिधिसभा क्षेत्र, प्रदेश सभा क्षेत्र,*** गाउँ, नगर, वडा, ***गाउँ टोल*** सभापतिहरूले राजिनामा दिँदा आफू भन्दा माथिल्लो निकायको सभापति समक्ष दिनुपर्नेछ। क्षेत्रीय प्रतिनिधिहरूले राजिनामा दिँदा क्षेत्रीय सभापति मार्फत जिल्ला सभापतिलाई दिनुपर्नेछ। महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यले राजिनामा दिँदा जिल्ला सभापति मार्फत केन्द्रीय सभापतिलाई दिनुपर्नेछ। अन्य पदाधिकारीले राजीनामा दिंदा आफ्नो कार्यसमितिको सभापति समक्ष दिनु पर्नेछ।

(१०) जिल्ला, ***प्रदेश सभा*** क्षेत्र, ***प्रतिनिधि सभा क्षेत्र,*** गाउँ, नगर, वडा, ***गाउँ टोल***का सभापतिको मृत्यु वा राजिनामाको कारणले पद रिक्त हुन गएमा सम्बन्धित समितिका उपसभापति कार्यवाहक सभापति हुनेछ। उपसभापति नभएको अवस्थामा सम्बन्धित कार्यसमितिले कार्यवाहक सभापतिको चयन गर्नेछ। यसरी रिक्त हुन आएको सभापति पदमा छ महिनाभित्र विधान बमोजिम निर्वाचन गरी पदपूर्ति गरिनेछ। ***सम्बन्धित तहको अधिवेशन तोकिएको अवस्थामा वा*** (महाधिवेशन तोकिसकिएको अवस्थामा) वा छ महिनाभित्र महाधिवेशनको मिति तोकिएमा सभापतिका लागि अलग्गै निर्वाचन गर्नुपर्ने छैन।

(११) **पार्टी सदस्यता नरहने :** देहायको अवस्थामा पार्टीको सदस्यता रहने छैन।

(क) पार्टी परित्याग गरेमा।

(ख) संसद् वा स्थानीय तहको

अवस्थामा) वा छ महिनाभित्र महाधिवेशनको मिति तोकिएमा सभापतिका लागि अलग्गै निर्वाचन गर्नुपर्ने छैन।

(७) **पार्टी सदस्यता नरहने :** देहायको अवस्थामा पार्टीको सदस्यता रहने छैन।

(क) पार्टी परित्याग गरेमा।

(ख) संसद् वा स्थानीय तहको निर्वाचनमा पार्टीले प्रस्तुत गरेको आधिकारिक उम्मेदवारको विरूद्ध बागी उम्मेदवार भई चुनाव लडेमा/बागी उम्मेदवारको प्रस्तावक/समर्थक भएमा।

(ग) पार्टी अनुशासनको कारवाहीबाट निष्कासित भएमा।

(घ) पार्टीको सदस्यता नवीकरण नगरेमा वा नभएमा।

(८) केन्द्रीय कार्यसमितिले पार्टीबाट मान्यता प्राप्त स्वदेश बाहिर काम गरिबसेका नेपाली नागरिकहरूको संस्थालाई महाधिवेशन र महासमितिमा तोकिए बमोजिम सङ्ख्यामा प्रतिनिधित्व गराउन सक्नेछ।)

(९) मनोनित महाधिवेशन प्रतिनिधि, महासमिति सदस्य सम्बन्धी व्यवस्था :

(क) महाधिवेशन सम्पन्न भएपछि निर्वाचित केन्द्रीय सभापतिले क्रियाशील सदस्यहरूमध्येबाट महाधिवेशनका लागि बढीमा ३० जना प्रतिनिधिहरू मनोनित गर्न सक्नेछ। यसरी मनोनित गर्दा महिला, दलित, आदिवासी, जनजाति, मधेशी, ***थारु,*** मुस्लिम, ***खसआर्य,*** अल्पसंख्यक, पिछडीएका वर्ग, बुद्धिजीवी, अन्य पेशा व्यवसायमा रहेका विशिष्ट व्यक्ति एवं लोकतन्त्रको स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिहरूमध्येबाट प्राथमिकता दिनुपर्नेछ।

(ख) महाधिवेशन सम्पन्न भएपछि निर्वाचित केन्द्रीय सभापतिले महाधिवेशन प्रतिनिधिहरूमध्येबाट महासमितिका लागि बढीमा १० जना सदस्य मनोनित गर्न सक्नेछ। यसरी मनोनित गर्दा महिला, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक, पिछडीएको वर्ग, बुद्धिजीवी, अन्य पेशा व्यवसायमा रहेका विशिष्ट व्यक्ति एवं लोकतन्त्रको स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिहरूमध्येबाट प्राथमिकता दिनुपर्नेछ। ***अर्को महाधिवेशनको प्रक्रिया प्रारम्भ भएपछि मनोनित महाधिवेशन प्रतिनिधिहरुको पदावधि स्वतः समाप्त हुनेछ।***

(१०) पार्टीका कुनै पनि निकाय वा पदाधिकारीले आफू अन्तर्गत रहेका निकाय वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(११) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका एउटै संसदीय निर्वाचन क्षेत्रमा परेको

निर्वाचनमा पार्टीले प्रस्तुत गरेको आधिकारिक उम्मेदवारको विरूद्ध बागी उम्मेदवार भई चुनाव लडेमा/वागी उम्मेदवारको प्रस्तावक/समर्थक भएमा ।

(ग) पार्टी अनुशासनको कारवाहीबाट निष्कासित भएमा ।

(घ) पार्टीको सदस्यता नवीकरण नगरेमा वा नभएमा ।

(१२) केन्द्रीय कार्यसमितिले पार्टीबाट मान्यता प्राप्त स्वदेश बाहिर काम गरिबसेका नेपाली नागरिकहरूको संस्थालाई महाधिवेशन र महासमितिमा तोकिए बमोजिम सङ्ख्यामा प्रतिनिधित्व गराउन सक्नेछ ।)

(१३) मनोनित महाधिवेशन प्रतिनिधि, महासमिति सदस्य सम्बन्धी व्यवस्था :

(क)महाधिवेशन सम्पन्न भएपछि निर्वाचित केन्द्रीय सभापतिले क्रियाशील सदस्यहरूमध्येबाट महाधिवेशनका लागि बढीमा ३० जना प्रतिनिधिहरू मनोनित गर्न सक्नेछ । यसरी मनोनित गर्दा महिला, दलित, आदिवासी, जनजाति, मधेशी, ***थारु,*** मुस्लिम, ***खसआर्य,*** अल्पसंख्यक, पिछडीएका वर्ग, बुद्धिजीवी, अन्य पेशा व्यवसायमा रहेका विशिष्ट व्यक्ति एवं लोकतन्त्रको स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिहरूमध्येबाट प्राथमिकता दिनुपर्नेछ ।

(ख)महाधिवेशन सम्पन्न भएपछि निर्वाचित केन्द्रीय सभापतिले महाधिवेशन प्रतिनिधिहरूमध्येबाट महासमितिका लागि बढीमा १० जना सदस्य मनोनित गर्न सक्नेछ । यसरी मनोनित गर्दा महिला, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक, पिछडीएका वर्ग, बुद्धिजीवी, अन्य पेशा व्यवसायमा रहेका विशिष्ट व्यक्ति एवं लोकतन्त्रको स्थापना र पुनर्स्थापनाको आन्दोलनमा सहभागी भएका व्यक्तिहरूमध्येबाट प्राथमिकता दिनुपर्नेछ । ***अर्को महाधिवेशनको प्रक्रिया प्रारम्भ भएपछि मनोनित महाधिवेशन प्रतिनिधिहरुको पदावधि स्वतः समाप्त हुनेछ ।***

(१४) पार्टीका कुनै पनि निकाय वा पदाधिकारीले आफू अन्तर्गत रहेका निकाय वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

अवस्थामा नगर कार्यसमिति क्षेत्रीय कार्यसमितिको मातहतमा रहनेछ । यस्तो अवस्थामा नगर वडा कार्यसमितिहरू नगर कार्यसमितिको मातहतमा रहनेछ । एकभन्दा बढी संसदीय निर्वाचन क्षेत्रमा विभाजित नगर कार्यसमितिका नगर वडा कार्यसमितिहरूले सम्बन्धित क्षेत्रीय कार्यसमितिसँग समन्वय राखी काम गर्नुपर्नेछ । यस्तो अवस्थामा नगर कार्यसमितिहरू जिल्ला कार्यसमितिको मातहतमा रहनेछ ।

(१२) पार्टीको क्रियाशील सदस्यताको निरन्तरताको अवधि गणना गर्दा पार्टीको सदस्यबाट निष्काशन गरिएको वा पार्टी परित्याग गरेको अवस्थालाई निरन्तर क्रियाशील सदस्यता कायम रहेको मानिनेछैन ।

(१३) पार्टीका ***सबै तहका*** (केन्द्रीय कार्यसमितिको सभापति र जिल्ला कार्यसमितिको) सभापतिमा निरन्तर रूपमा दुई पदावधि भन्दा बढी हुनेगरी उम्मेदवार हुन पाउनेछैन ।

(१४) पार्टीको तल्लो निकायको सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सहसचिव माथिल्लो तहको कार्यसमितिमा उम्मेदवार भएमा निजको तल्लो पद स्वतः रिक्त
हुनेछ । तर महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्यमा उम्मेदवार हुन यस उपधाराले बाधा पुर्‍याएको मानिनेछैन ।

(१५) पार्टीको सबै तहमा गठन गर्ने भनिएका विभाग/समिति/विभिन्न निकायहरू महाधिवेशन सम्पन्न भएको (दुई) **छ** महिनाभित्र गठन गरिसक्नु पर्नेछ ।

(१६) पार्टीका सबै तहमा मनोनित प्रतिनिधि तथा सदस्यलाई मनोनित गर्ने (अधिकारी) ***पदाधिारी*** ले आवश्यकता अनुसार हटाउन वा हेरफेर गर्न सक्नेछ ।

(१७) धारा १५ को उपधारा (२) को देहाय (क) र (ख) बमोजिमका महाधिवेशन प्रतिनिधिहरूलाई महाधिवेशनबाट हुने निर्वाचनमा विधान बमोजिम केन्द्रीय पदाधिकारी एवं सदस्यहरूको पदमा उम्मेदवार हुने तथा मतदान गर्ने अधिकार हुनेछ । तर धारा १५ को उपधारा (२) को देहाय (ग) र (घ) बमोजिमका महाधिवेशन प्रतिनिधिहरूलाई निर्वाचनमा मतदानको मात्र अधिकार हुनेछ ।

(१८) पार्टीको क्रियाशील सदस्यताको निरन्तरताको अवधि गणना गर्दा सम्बन्धित व्यक्तिले पार्टीको भ्रातृ संस्थाको केन्द्रीय कार्यसमितिको पदाधिकारी वा सदस्यमा पाँच वर्ष वा सो भन्दा बढी अवधि काम गरेको रहेछ भने त्यसलाई बढीमा पाँच वर्ष मानी पार्टीको क्रियाशील सदस्यताको अवधिमा थप गरी गणना गरिनेछ । तर, पार्टीको क्रियाशील सदस्यता प्राप्त नगरिकन निजले पार्टीको क्रियाशील सदस्यले पाउने कुनै पनि सुविधा र अधिकार

(१५) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका एउटै संसदीय निर्वाचन क्षेत्रमा परेको अवस्थामा नगर कार्यसमिति क्षेत्रीय कार्यसमितिको मातहतमा रहनेछ। यस्तो अवस्थामा नगर वडा कार्यसमितिहरू नगर कार्यसमितिको मातहतमा रहनेछ। एकभन्दा बढी संसदीय निर्वाचन क्षेत्रमा विभाजित नगर कार्यसमितिका नगर वडा कार्यसमितिहरूले सम्बन्धित क्षेत्रीय कार्यसमितिसँग समन्वय राखी काम गर्नुपर्नेछ। यस्तो अवस्थामा नगर कार्यसमितिहरू जिल्ला कार्यसमितिको मातहतमा रहनेछ।

(१६) पार्टीको क्रियाशील सदस्यताको निरन्तरताको अवधि गणना गर्दा पार्टीको सदस्यबाट निष्काशन गरिएको वा पार्टी परित्याग गरेको अवस्थालाई निरन्तर क्रियाशील सदस्यता कायम रहेको मानिनेछैन।

(१७) पार्टीका ***सबै तहका*** (केन्द्रीय कार्यसमितिको सभापति र जिल्ला कार्यसमितिको) सभापतिमा निरन्तर रूपमा दुई पदावधि भन्दा बढी हुनेगरी उम्मेदवार हुन पाउनेछैन।

(१८) पार्टीको तल्लो निकायको सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सहसचिव माथिल्लो तहको कार्यसमितिमा उम्मेदवार भएमा निजको तल्लो पद स्वत: रिक्त हुनेछ। तर महाधिवेशन प्रतिनिधि तथा महाधिवेशन सदस्यमा उम्मेदवार हुन यस उपधाराले बाधा पुर्‍याएको मानिनेछैन।

(१९) पार्टीका सबै तहमा गठन गर्ने भनिएका विभाग/समिति/विभिन्न निकायहरू महाधिवेशन सम्पन्न भएको (दुई) ***छ*** महिनाभित्र गठन गरिसक्नु पर्नेछ।

(२०) पार्टीका सबै तहमा मनोनित प्रतिनिधि तथा सदस्यलाई मनोनित गर्ने ( अधिकारी) ***पदाधिकारी*** ले आवश्यकता अनुसार हटाउन वा हेरफेर गर्न सक्नेछ।

(२१) धारा १५ को उपधारा (२) को देहाय (क) र (ख) बमोजिमका महाधिवेशन प्रतिनिधिहरूलाई महाधिवेशनबाट हुने निर्वाचनमा विधान बमोजिम केन्द्रीय पदाधिकारी एवं सदस्यहरूको पदमा उम्मेदवार हुने तथा मतदान गर्ने अधिकार हुनेछ। तर धारा १५ को उपधारा (२) को देहाय

प्राप्त गर्ने छैन।

**बैकल्पीक व्यवस्था**

**सबै तहका उप सभापति सम्बन्धमा विषेश व्यवस्था :**

**(१) सबै तहका सभापतिको निर्वाचनमा दोस्रो मत प्राप्त गर्ने व्यक्ति सम्बन्धित कार्य समितिको सदस्य वा पदेन सदस्य हुनेछ।**

**बैकल्पीक व्यवस्था**

**(१) सबै तहका सभापतिको निर्वाचनमा दोस्रो मत प्राप्त गर्ने व्यक्ति सम्बन्धित कार्य समितिको उप सभापति हुनेछ।**

**केन्द्रमा सभापतिको निर्वाचनमा दोस्रो बढी मत प्राप्त गर्ने व्यक्ति उप सभापति हुने?**

**पार्टीको तर्फवाट उम्मेदवारी बारे सिफारिस, अनुमोदन र निर्णय : यस विधानमा अन्यत्र जेसुकै लेखिएको भए तापनि वार्टीको तर्फवाट उम्मेदवारी बारे सिफारिस, अनुमोदन र निर्णय बारे देहाय बमोजिम हुनेछ।**

**(१) गाँउ वडा अध्यक्ष र सदस्यको : गाँउ टोल समितिको सिफारिस वार्ड समितिको अनुमोदनमा गाँउ कार्य समितिले।**

**(२) नगर वडा अध्यक्ष र सदस्यको : नगर गाँउ टोल समितिको सिफारिस वार्ड समितिको अनुमोदनमा नगर कार्य समितिले।**

**(३) गाउपालिकाको प्रमुख र उप प्रमुखमा : गाँउ टोल समिति, वार्ड समितिको सिफारिस र गाँउ कार्य समितिको अनुमोदनमा प्रदेश सभा क्षेत्रीय कार्य समितिले।**

**(४) नगरपालिकाको प्रमुख र उप प्रमुखमा : नगर गाँउ टोल समिति, वार्ड समिति र प्रदेश सभा क्षेत्रीय समितिको सिफरिस र प्रतिनिधि सभा क्षेत्रीय कार्य समितिको अनुमोदनमा जिल्ला कार्य समितिले।**

**(५) महा नगरपालिका र उप महा नगरपालिकाको प्रमुख र उप प्रमुखमा : मातहत निकायको सिफारिसमा जिल्ला कार्य समितिको अनुमोदनमा प्रदेश कार्य समितिले।**

**(६) जिल्ला समन्वय समितिको सदस्यमा : मातहतको निकायको राय सिफारसको प्रतिनिधि सभा क्षेत्रीय कार्य समिति।**

**(७) जिल्ला समन्वय समितिको प्रमुख उप प्रमुखमा : मातहतको निकायको राय सिफारिस र प्रतिनिधि सभा क्षेत्रीय कार्य समिति र जिल्ला समितिको अनुमोदनमा प्रदेश सभाले ।**

**(८) प्रदेश सभा सदस्यको मातहत निकायको राय सिफारिस र प्रदेश सभाको अनुमोदनमा केन्द्रीय संसदीय बोर्डले।**

**(९) संघीय संसदका सदस्यको : मातहत निकायको राय सिफारिस र प्रदेश सभाको अनुमोदनमा केन्द्रीय संसदिय**

| | |
|---|---|
| (ग) र (घ) बमोजिमका महाधिवेशन प्रतिनिधिहरूलाई निर्वाचनमा मतदानको मात्र अधिकार हुनेछ ।<br>(२२) पार्टीको क्रियाशील सदस्यताको निरन्तरताको अवधि गणना गर्दा सम्बन्धित व्यक्तिले पार्टीको भ्रातृ संस्थाको केन्द्रीय कार्यसमितिको पदाधिकारी वा सदस्यमा पाँच वर्ष वा सो भन्दा बढी अवधि काम गरेको रहेछ भने त्यसलाई बढीमा पाँच वर्ष मानी पार्टीको क्रियाशील सदस्यताको अवधिमा थप गरी गणना गरिनेछ । तर, पार्टीको क्रियाशील सदस्यता प्राप्त नगरिकन निजले पार्टीको क्रियाशील सदस्यले पाउने कुनै पनि सुविधा र अधिकार प्राप्त गर्ने छैन । | **बोर्ड ।**<br><br>**<u>सभापतिको निर्वाचन र कार्य समिति गठनको बैकल्पीक व्यवस्था :</u>**<br><br>**(१) सबै तहका सभापतिहरु आफ्नो क्षेत्र भित्रका सबै क्रियाशिल सदस्यहरुवाट प्रत्यक्ष निर्वाचित हुने ।**<br>**(२) यसरी निर्वाचित हुने सभापतिले तोकिए अनुसारका पदाधिकारी र सदस्यको मनोनयन गर्ने ।**<br><br>**<u>कार्य समितिको निर्वाचन प्रणाली बारे विकल्प :</u>**<br><br>**१. सबै तहका कार्य समितिको निर्वाचन एकल संक्रमणीय मतदान प्रणालीवाट गर्ने ।**<br><br>**<u>समावेशी समुहमा थप गर्ने बारे बैकल्पीक प्रस्ताव :</u>**<br>**१. पार्टीका विभिन्न निकायमा प्रतिनिधित्व गराउदा श्रमिक, द्धन्दका घाईते, शहिद परिवार, घाईते अपागं, कला संस्कृतिकर्मी लगायत अन्य समूहका मानिसको प्रतिनिधित्व सुनिश्चित गर्ने ।** |
| **५०. <u>बाधा अड्काउ फुकाउने अधिकार</u> :** यो विधान कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ । तर त्यस्ता विषयमा केन्द्रीय कार्यसमितिले गरेको त्यस्तो निर्णय पछि हुने महासमिति वा महाधिवेशन समक्ष राखिनेछ । | **निर्वाचन सम्बन्धि थप विकल्प**<br>१) सबै तहका सभापतिहरुको मात्र निर्वाचन गर्ने<br>२) पदाधिकारीहरुको मात्र निर्वाचन गर्ने<br>३) सबै पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्ने<br>४) केही निश्चित संख्या र प्रतिशतमा निर्वाचित र मनोनित गर्ने । |
| **५१. <u>संक्रमणकालीन व्यवस्था</u> :** (१) यो संशोधित विधान प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाली कांग्रेसका सबै तहका सदस्य, पदाधिकारीहरू यस विधान अनुसार नयाँ निर्वाचन नभएसम्म कायम रहनेछ ।<br>(२) यो संशोधित विधान प्रारम्भ हुँदाका बखत नेपाली कांग्रेसबाट समर्थन र मान्यता पाएका भ्रातृसंस्थाहरू कायमै रहनेछ । | **संक्रमणकालिन अवधिमा विभिन्न थप व्यवस्था गर्नु पर्ने भएकोले पूर्णरुपमा पछि मिलाउने ।** |
| **५२. <u>बचाउ</u> :** (१) यो संशोधित विधान लागू भएपछि नेपाली कांग्रेसको विधान, २०१७ (२०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६, २०६९ ***र २०७२*** मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा) बमोजिम भए गरेका सबै काम कारवाईहरू यसै संशोधित विधानअन्तर्गत भए गरेको मानिनेछ ।<br>(२) नेपाली कांग्रेसको विधान २०१७ ( २०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६, | **५२. <u>बचाउ</u> :** (१) यो संशोधित विधान लागू भएपछि नेपाली कांग्रेसको विधान, २०१७ (२०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६, २०६९ ***र २०७२*** मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा) बमोजिम भए गरेका सबै काम कारवाईहरू यसै संशोधित विधानअन्तर्गत भए गरेको मानिनेछ ।<br>(२) नेपाली कांग्रेसको विधान २०१७ (२०५१, २०५४, २०५७, २०६२, २०६४, २०६६, २०६९ ***र २०७२*** मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा) बमोजिम |

| | |
|---|---|
| २०६९ ***र २०७२*** मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा) बमोजिम परेका उजुरीहरू यसै संशोधित विधानअनुरूप परेको मानी आवश्यक कारवाई र किनारा गरिनेछ । | परेका उजुरीहरू यसै संशोधित विधानअनुरूप परेको मानी आवश्यक कारवाई र किनारा गरिनेछ । |